# प्रभात सापकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
**उमानाथ उप्रेती**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०७१

शोध-निर्देशक
सह प्रा.डा. नारायण गड्तौला
नेपाली केन्द्रीय विभाग कीर्तिपुर

# प्रभात सापकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
उमानाथ उप्रेती
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०७१

## शोध निर्देशकको मन्तव्य

**प्रभात सापकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको स्नातकोत्तर तह, दोस्रो वर्षका छात्र उमानाथ उप्रेतीले मेरा निर्देशनमा तयार पार्नु भएको हो । निकै मेहनतपूर्वक तयार पारिएको उहाँको यो शोधप्रतिवेदन आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्न सिफारिस गर्दछु ।

मिति :- २०७१/०३/०१

.....................................

सह प्रा. डा. नारायण गड्तौला
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र उमानाथ उप्रेतीले त्रि.वि. नेपाली केन्द्रीय विभाग स्नातकोत्तर (एम.ए.) तहमा दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **प्रभात सापकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** नामक शोधपत्र स्वीकृत गरिएको छ ।

| **शोधपत्र मूल्याङ्कक समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा. जिवेन्द्रदेव गिरी<br>(नि. विभागीय प्रमुख)<br>नेपाली केन्द्रीय विभाग त्रि.वि. | ................................ |
| ३. प्रा. केशव सुवेदी<br>(बाह्य परीक्षक)<br>नेपाली केन्द्रीय विभाग त्रि.वि | ................................ |
| ३. सह प्रा.डा. नारायण गड्तौला<br>(शोध निर्देशक)<br>नेपाली केन्द्रीय विभाग त्रि.वि. | ................................ |

मितिः २०७१/०३/१२

# कृतज्ञताज्ञापन

**प्रभात सापकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति शोधनिर्देशक गुरु सह प्रा. डा. नारायण गड्तौलाज्यूको निर्देशनमा तयार गरेको हुँ । आफ्नो कार्यव्यस्तताका बीच पनि यो शोधपत्र तयारीका सन्दर्भमा आवश्यक निर्देशन, सल्लाह र सुझाव प्रदान गर्नुहुने शोध निर्देशक ज्यूप्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछु ।

मेरो रुचिको विषयलाई स्वीकृत गरी शोधकार्यको निमित्त सुअवसर प्रदान गर्नुहुने विभागीय प्रमुख र नेपाली केन्द्रीय पुस्तकालयप्रति पनि हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु । प्रस्तुत शोधपत्रको तयारीको क्रममा आवश्यक पर्ने साहित्यिक सामग्रीका साथै महत्त्वपूर्ण मार्गनिर्देशन गर्नुहुने शोधनायक प्रभात सापकोटा तथा उहाँको परिवारप्रति म सदा कृतज्ञ रहने छु । मलाई विद्यालय स्तरको अध्ययनदेखि आजसम्म आवश्यक सहयोग, सल्लाह एवम् परामर्श दिनुहुने माहिला दाजु चूडानाथ उप्रेतीप्रति म सदा ऋणी रहने छु ।

आर्थिक तथा व्यावहारिक समस्याहरुसँग सङ्घर्ष गरी आफ्नो पूरा जीवन नै मेरो अध्ययन कार्यको सहयोगमा बिताई मलाई यस अवस्थासम्म ल्याउने मेरा पूजनीय पिता अग्निप्रसाद उप्रेती तथा माता देशकुमारी उप्रेतीप्रति म आजीवन ऋणी रहने छु । त्यसैगरी अध्ययनकै क्रममा आर्थिक तथा हार्दिक सहयोग गर्ने सासूआमा प्रेममाया शाही, जेठान प्रेमकृष्ण शाही, छोरा प्रिन्स उप्रेती तथा अध्ययनको परिवेश जुटाइदिने मेरी श्रीमती श्यामप्यारी शाही (उप्रेती) प्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्रको तयारीका क्रममा मलाई विभिन्न क्षेत्रबाट सहयोग गर्नुहुने मेरा सहयोगी मित्रहरु उमा शाही, समीर गुरागाइँ, रसिक सापकोटा तथा त्रि.वि. केन्द्रीय पुस्तकालयप्रति पनि आभार प्रकट गर्दछु । अन्त्यमा यस शोधपत्रलाई टङ्कण गरी सहयोग पुऱ्याउने क्रियटिभ कम्प्युटर सेन्टर कीर्तिपुरलाई धन्यवाद दिँदै यस शोधपत्रको आवश्यक मूल्याङ्नका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष प्रस्तुत गर्दछु ।

......................

उमानाथ उप्रेती
स्नातकोत्तर तह दोस्रो वर्ष
नेपाली केन्द्रीय विभाग
त्रि. वि कीर्तिपुर

शैक्षिक सत्र २०६६/०६७
क्याम्पस रोल नं. ११५
त्रि.वि. दर्ता नं. : ६-१-२-४५६-९७
मिति : २०७१/०३/०१

## विषयसूची

**परिच्छेद एक : शोध-परिचय** **१-६**

१.१ विषय परिचय १

१.२ समस्या कथन २

१.३ शोधको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधकार्यको औचित्य ४

१.६ शोधकार्यको सीमाङ्कन ५

१.७ शोधविधि ५

१.७.१ सामग्री सङ्कलन विधि ५

१.७.२ सामग्री सङ्कलनको सैद्धान्तिक आधार र ढाँचा ६

१.८ शोधपत्रको रुपरेखा ६

**परिच्छेद दुई : प्रभात सापकोटाको जीवनी** **७-१६**

२.१ जन्म र जन्मस्थान ७

२.२ बाल्यकाल ७

२.३ शिक्षादीक्षा ८

२.४ उपनयन वैवाहिक जीवन र पारिवारिक स्थिति ९

२.५ आजीविका १०

२.६ आर्थिक अवस्था ११

२.७ बसोबास १२

२.८ रुचि र स्वभाव १२

२.९ भ्रमण १३

२.१० साहित्य सिर्जनाको प्रेरणा र प्रभाव १४

२.११ मानसम्मान तथा पुरस्कार १५

२.१२ निष्कर्ष १५

**परिच्छेद तिन : प्रभात सापकोटाको व्यक्तित्व** **१७-२६**
३.१ विषय परिचय १७
३.२ प्रभात सापकोटाका व्यक्तित्वका आयामहरु १७
३.२.१ शारीरिक व्यक्तित्व १८
३.२.२ आन्तरिक व्यक्तित्व १८
३.२.३ साहित्यिक व्यक्तित्व १९
३.२.४ साहित्येतर व्यक्तित्व २३
३.२.५ जीवनी व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तर्सम्बन्ध २६
३.४ निष्कर्ष २६

**परिच्छेद चार : प्रभात सापकोटाको कृतित्व** **२८-६८**
४.१ विषय परिचय २८
४.२ प्रभात सापकोटाको लेखन यात्रा २८
४.३ चरण विभाजन २९
४.३.१ विभाजनका आधार २९
४.४ प्रभात सापकोटाको कृतिहरुको विश्लेषण ३२
४.४.१ आकुञ्चन कविता सङ्ग्रहको विश्लेषण ३२
४.४.२ किनारावारिपारि कविता सङ्ग्रहको विश्लेषण ३७
४.४.३ यो मृत्युराष्ट्र होइन कविता सङ्ग्रहको अध्ययन ४३
४.४.४ प्रभात सापकोटाका बालकविता वा बालसामग्रीहरुको अध्ययन ४८
४.४.५ प्रभात सापकोटाका जीवनीमूलक लेखहरुको अध्ययन ५१
४.४.६ प्रभात सापकोटाको नेपाली बालनाटकको ऐतिहासिक अध्ययन नामक कृतिको परिचयात्मक अध्ययन ६१
४.४.७ प्रभात सापकोटाका संस्कृतिमूलक कृतिहरुको परिचयात्मक अध्ययन ६२
४.४.८ प्रभात सापकोटाका प्रकाशित फुटकर कृतिहरु ६३
४.५ निष्कर्ष ६५

४.६ साहित्य लेखनका दृष्टिले समग्र मूल्याङ्कन ६६
४.६.१ कवितागत प्राप्ति ६६
४.६.२ जीवनीरचनागत प्राप्ति ६७
४.६.३ समीक्षागत प्राप्ति ६७
४.६.४ समालोचनागत प्राप्ति ६८
**परिच्छेद पाँच : सारांश तथा निष्कर्ष** **६९-७३**
५.१ सारांश ६९
५.२ निष्कर्ष ७१
५.३ सम्भावित शोध शीर्षकहरु ७३
**सन्दर्भ सामग्री सूची** **७४-७६**
**परिशिष्ट** **७७-८०**

# सङ्क्षेपीकृत

| | |
|---|---|
| ई.पू. | इसापूर्व |
| एम.ए. | मास्टर्स अफ आर्ट |
| के.जी. | किलो ग्राम |
| गा.वि.स. | गाउँ विकास समिति |
| नि. | निमित्त |
| पीएच.डी | डाक्टर अफ फिलोसफी |
| पृ.सं. | पृष्ठ सङ्ख्या |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| डा. | डाक्टर |
| रु. | रुपियाँ |
| वि.सं. | विक्रम संवत् |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

## परिच्छेद एक

# शोध परिचय

### १.१ विषय परिचय

प्रभात सापकोटाको जन्म वि.सं २०१० मंसिर २५ गते काभ्रेपलाञ्चोक जिल्लाको महादेवस्थान गा.वि.स. अन्तर्गत मण्डन भन्ने गाउँमा भएको हो । हाल उनी साहित्य सिर्जनाका साथै मुख्यतः ऐतिहासिक खोज, अनुसन्धान र शिक्षण पेसामा संलग्न छन् । सानै उमेरदेखि सिर्जनामा रुचि राख्ने सापकोटाले साहित्यका विविध विधामा लेखन तथा सम्पादन गरेको पाइन्छ । साहित्यिक व्यक्तित्वका साथै उनको सम्पादक, इतिहासकार, समाजसेवी, शिक्षक आदि विभिन्न व्यक्तित्वले पनि सामाजिक परिचय प्राप्त गरिसकेको छ ।

बहुमुखी प्रतिभाका धनी सापकोटाले नेपाली साहित्यका विभिन्न विधाहरुमा कलम चलाएर महत्त्वपूर्ण योगदान पुर्‍याएको पाइन्छ । वि.सं. २०३० देखि नै लेखन प्रारम्भ गरेका सापकोटाले विभिन्न विधामा कलम चलाएका छन् । वि.सं. २०३३ सालमा **किसान** नामक कविता उन्नतिमार्ग पत्रिकामा प्रकाशित गरी उनले साहित्यिक यात्रा सार्वजनिक रुपमा प्रारम्भ गरेका हुन् । हालसम्म उनका **यो मृत्युराष्ट्र होइन** (कविता सङ्ग्रह, २०६३), **किनारवारिपारि** (संयुक्त कविता सङ्ग्रह, २०५३), **विश्वप्रसिद्ध ३५ दार्शनिक** (जीवनी, २०६४), **आकुञ्चन** (संयुक्त कविता सङ्ग्रह, २०५१), **विश्व प्रसिद्ध ३५ साहित्यकार** (जीवनी, २०६४), **विश्वप्रसिद्ध ३५ वैज्ञानिक** (जीवनी, २०६२), **३५ भाषा ३५ प्रतिभा** (जीवनी, २०६६), **विज्ञान र प्रविधिका सारथि,** (जीवनी, २०६६), **तादी** कविता सङ्ग्रह (सम्पादन, २०५८), **नेपाली बालनाटकको ऐतिहासिक अध्ययन** (समालोचना, २०६८), **तीनचुली तेह्रसागर** (जीवनी, २०६८), **अभियानका शब्द सारथि** (जीवनी, २०६८), **टोखाका चाडपर्व र संस्कृतिहरु** (संस्कृति-सम्पादन, २०६९), **प्राचीन शहर टोखा** (इतिहास, २०५६), **साहित्यिक अभियान विगतदेखि वर्तमान,** (अनुसन्धान विशेष-सम्पादन, २०६३), **जल** (बालकविता, २०६८), **सहर** (बालकविता, २०६८), **माटो**

(बालकविता, २०६८), **महको भकारी** (बालकविता, २०७०) जस्ता कृतिहरु प्रकाशित छन् ।

साहित्यका साथै समाजसेवा र शिक्षण पेसालाई पनि सफलताका साथ अँगालेका सापकोटाले नेपाली साहित्यका विभिन्न विधामा १९ वटा कृति सार्वजनिक गरिसकेका छन् । अत्यन्त सक्रिय जीवनका पर्यायका रुपमा रहेका सापकोटाले जम्को मासिकका सम्पादक, सरस्वती स्मारिका (विद्यालय मुखपत्र) का सम्पादक, नेपाली रचनामाला भाग १-५ सम्म संयुक्त लेखन तथा सम्पादन, साहित्य कुसुम कक्षा ६-७ संयुक्त लेखन तथा सम्पादन, जनमत, युद्धप्रसाद मिश्र प्रतिष्ठानका आजीवन सदस्य, सुनकोशी साहित्य प्रतिष्ठान, अभियान साहित्य प्रतिष्ठानसँग संलग्नता, पुस्तककृति-२ संयुक्त कविता सङ्ग्रहका सम्पादक, तादी कविता  सङ्ग्रहका सम्पादक, टोखाका चाडपर्व र संस्कृति (संस्कृति विशेष) सम्पादक, बालकोसेली मासिकका सह-सम्पादक आदिका रुपमा उनले आफ्नो संलग्नता देखाएका छन् । प्रस्तुत शोधकार्यमा प्रभात सापकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

प्रभात सापकोटा नेपाली साहित्यको श्रीवृद्धिको लागि निरन्तर साधनारत एक हस्ती हुन् । उनले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । नेपाली साहित्याकाशमा उनको लेखन महत्त्वपूर्ण मानिन्छ । यस्ता व्यक्तित्वको जीवनी, व्यक्तित्व र कृतित्वको प्राज्ञिक शोधबाट सत्यापन गरिनु पर्ने ज्ञानात्मक विषय हो । यही मूल समस्यासँग सम्बन्धित निम्नलिखित प्रश्नहरुको प्राज्ञिक समाधान पहिल्याउने कार्यमा यो शोधकार्य केन्द्रित रहेको छ :

क) प्रभात सापकोटाको जीवनीका विभिन्न सन्दर्भहरु के कस्ता छन् ?

ख) प्रभात सापकोटाका व्यक्तित्वका के कस्ता पक्षहरु छन् ?

ग) प्रभात सापकोटाको कृतित्व के कस्तो छ ?

उल्लिखित समस्याहरुमा प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ । त्यसैले प्रस्तुत शोधपत्रमा प्रभात सापकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.३ शोधको उद्देश्य

शोधकार्यमा सङ्केत गरिएका शोध समस्याहरुको समाधान खोज्नु नै शोधकार्यको मूल उद्देश्य रहने हुनाले प्रभात सापकोटाका जीवनी, व्यक्तित्व र कृतित्वको निरुपण गरी नेपाली साहित्यमा उनको योगदानको मूल्याङ्कन गर्नु नै यस शोधकार्यको उद्देश्य रहेको छ । प्रस्तुत शोधसमस्याको समाधानमा आधारित उद्देश्यहरु यस प्रकार रहेका छन् :

क) प्रभात सापकोटाको जीवनीका विभिन्न सन्दर्भहरुको खोजी गर्नु,

ख) प्रभात सापकोटाको व्यक्तित्वका विभिन्न पक्षहरु पत्ता लगाउनु,

ग) प्रभात सापकोटाको कृतित्वका बारेमा अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

विभिन्न समविषम परिस्थितिमा पनि नेपाली साहित्य लेखनमा निरन्तर समर्पित व्यक्तित्वको नाम हो प्रभात सापकोटा । त्यसैले उनका बारेमा व्यापक अध्ययन र अनुसन्धान हुन आवश्यक छ तर उनका बारेमा आजसम्म जे जति अध्ययन भएका छन् ती सापकोटाका जीवनी, व्यक्तित्व र कृतित्वका सर्वाङ्गीण अध्ययनका क्रममा अपूर्ण नै देखिन्छन् । उनका बारेमा प्रकाशित केही लेख तथा टीकाटिप्पणी विविध पुस्तक तथा पत्रिकामा छरिएर रहेका छन् । ती लेख वा टिकाटिप्पणीमा प्रभात सापकोटा नेपाली साहित्यका विविध विधामा साधनारत व्यक्तित्व हुन् भन्ने कुरामा सामान्य उल्लेख मात्र गरिएको छ । सापकोटाका व्यक्तित्व र कृतित्वका बारेमा चर्चा गरिएका त्यस्ता केही सन्दर्भहरु यहाँ प्रस्तुत गरिएको छ ।

(क) कृष्ण शाह यात्री (२०६८) ले “नेपाली बालनाटकको ऐतिहासिक अध्ययन” समालोचना कृतिको पृ. १०१ -१०२ मा बालनाटकको सार्थक अध्ययन शीर्षकमा टिप्पणी गरेका छन् ।

(ख) घटराज भट्टराई (२०५६) ले "नेपाली लेखककोश" नामक लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठानद्वारा प्रकाशित कृतिको पृ. ३९३ मा सामान्य टिप्पणी गरेका छन् ।

(ग) मधुसूदन गिरी (२०६८) "नेपाली बालनाटकको ऐतिहासिक अध्ययन" समालोचना कृतिको पृष्ठ १०३-१०५ मा मालीका माली बन्ने उपक्रममा प्रभात सापकोटा भनेर उनको प्रतिभाको विश्लेषण गरेका छन् ।

(घ) मित्रलाल पंज्ञानी (२०६३) ले **मृत्युराष्ट्र होइन** कविता सङ्ग्रहमा प्रकाशित 'प्रभात कविता' शीर्षकको भूमिकामा प्रभात सापकोटाको व्यक्तित्व र कृतित्वको बारेमा मुक्तकण्ठले प्रशंसा गरेका छन् । यसमा उनको जीवनी सामान्य परिचय मात्र दिई अध्ययनलाई कृतित्वमा केन्द्रित गरेका छन् । यसमा सापकोटाका कविता सरल, सहज, सूक्ष्म र सुमधुर रहेकाले गुणदोषको एउटै तराजुमा जोख्दा गुण नै बढी गह्रौं भएको अनुभूति हुने टिप्पणी गरेका छन् । उनका यी कविताहरु नेपाली जीवनको चरम नैराश्यका क्षणमा रचिएको भए पनि यी कविताहरुले जीवनलाई निराशाको अँधेरी खोलामा बग्न दिएको छैन । कविमा नवसम्भावनाको बोध र नवोदयको आभास छ । भाषा सग्लो छ । भाव सङ्लो छ । कहीँ पनि लम्बे गन्थन छैन । जनजीवनको आधारभूत धरातलमा ओर्लिएर रचिएका यी कविताहरुले जीवनको मर्मलाई पर्गेल्छ भनेर चर्चा गरेका छन् । प्रस्तुत शोधपत्रमा सापकोटाका व्यक्तित्व र कृतित्व पक्षको अध्ययनको लागि यो कार्य सहयोगी रहेको छ ।

(ङ) मोहनराज शर्मा (२०६३) ले "साहित्यिक अभियान विगतदेखि वर्तमान" नामक समालोचना कृतिको पृ. १५९-१६३ मा आधुनिक हुने नेपाली सर्त वैज्ञानिकता हो शीर्षकमा उहाँको बौद्धिक क्षमताको चर्चा गरेका छन् ।

### १.५ शोधकार्यको औचित्य

प्रभात सापकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई यिनै क्षेत्रको विस्तृत वैज्ञानिक एवम् सुव्यवस्थित विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिने भएकोले आउने पुस्ताहरुलाई उनका बारेमा तथा उनका कृतिका बारेमा

वस्तुगत एवम् प्रामाणिक जानकारी उपलब्ध हुन्छ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनका बारेमा जान्न इच्छुक व्यक्ति, संघसंस्थाहरुले पनि सैद्धान्तिक एवम् व्यवहारिक रुपमा सत्य र तथ्य कुरा प्राप्त गर्न सक्ने हुनाले अनुसन्धानका क्षेत्रमा यसको महत्व रहेको छ । यसरी नेपाली साहित्य इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले विस्तृत सहयोग पुऱ्याउने छ । त्यसैले प्रस्तुत शोधपत्र औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा प्रभात सापकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । सापकोटाका जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरुका अतिरिक्त उनका वि.सं. २०७० सालसम्म प्रकाशित पुस्तकाकार कृतिहरुको अध्ययन नै यस शोधकार्यको क्षेत्र हो । कृतित्वको अध्ययन गर्दा ती कृतिहरुलाई विधातत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## १.७ शोधविधि

शोधविधि अनुसन्धानको एक भाग हो र यो अनुसन्धान सञ्चालन गर्ने प्रक्रियासँग सम्बद्ध छ । शोधविधि अन्तर्गत निम्नलिखित उपशीर्षक पर्दछन् :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा मूल रुपमा पुस्तकालयीय अध्ययन कार्यबाट अधिकांश सामग्रीहरु सङ्कलन गरिएको छ । यसका अतिरिक्त स्वयम् शोधनायक प्रभात सापकोटा र उनका परिवारका सदस्यहरु लगायत अन्य सम्बन्धित विज्ञहरुसँग गरिएका मौखिक तथा लिखित प्रश्नहरुको आधारमा पनि प्रभात सापकोटाका जीवनी र व्यक्तित्व सम्बन्धी विविध सूचना र जानकारी सङ्कलन गरिएको छ । यस क्रममा शोधनायकबाट प्राप्त सूचना र सामग्रीहरु, शोधनायकका परिवार तथा साथीहरुबाट प्राप्त सूचनाहरु, शोधनायकका सिर्जनात्मक कृतिहरु प्राथमिक वा मुख्य सामग्री रहेका

छन् भने उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा भएका पूर्व अध्ययनहरु प्रस्तुत शोधका लागि द्वितीयक सामग्रीका रुपमा रहेका छन् ।

### १.७.२ सामग्री सङ्कलनको सैद्धान्तिक आधार र ढाँचा

शोध शीर्षक र शोध समस्याको प्रकृति अनुसार सामग्री विश्लेषणको आधार निर्माण गरिन्छ । प्रस्तुत शोधकार्य गुणात्मक शोध पद्धतिमा आधारित रहेको छ । सङ्कलित सामग्रीको जीवनीपरक एवम् प्रभावपरक समालोचना पद्धति तथा विधा सिद्धान्तलाई आधार बनाई विश्लेषणात्मक एवम् सर्वेक्षणात्मक विधिद्वारा विवेचना गरिएको छ ।

## १.८ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधकार्यको संरचना सन्तुलित र व्यवस्थित ढङ्गबाट प्रस्तुत गर्नका लागि शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । प्रस्तुत शोधपत्रको स्वरुप र सङ्गठन यस प्रकार रहेको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : प्रभात सापकोटाको जीवनी

परिच्छेद तीन : प्रभात सापकोटाको व्यक्तित्व

परिच्छेद चार : प्रभात सापकोटाको कृतित्व

परिच्छेद पाँच : सारांश र निष्कर्ष

उल्लिखित परिच्छेदहरुलाई आवश्यकता अनुसार उपशीर्षकहरुमा विभाजन गरी अध्ययन गरिएको छ ।

# परिच्छेद दुई

# प्रभात सापकोटाको जीवनी

## २.१. जन्म र जन्मस्थान

प्रभात सापकोटाको जन्म वि.सं. २०१० मंसिर २५ गते काभ्रेपलाञ्चोक जिल्लाको महादेवस्थान गा.वि.स. अन्तर्गत मण्डन भन्ने गाउँमा पिता गंगाप्रसाद सापकोटा र माता गंगादेवीको कोखबाट भएको हो (शोध नायकबाट प्राप्त जानकारी) । उनको जन्म सापकोटा दम्पतीका जेठो सन्तानका रुपमा भएको हो । प्रभात सापकोटाको न्वारानको नाम भने शिवप्रसाद सापकोटा हो । न्वारानको नाम शिवप्रसाद भए पनि उनी प्रभात सापकोटा भनेर नै चिनिन्छन् (शोध नायकबाट प्राप्त जानकारी) । गंगाप्रसाद र गंगादेवीका दुई सन्तानमध्ये उनी जेठा हुन् भने कान्छो सन्तानका रुपमा गोविन्दप्रसाद सापकोटा रहेका छन् ।

## २.२ बाल्यकाल

प्रभात सापकोटाले आफ्नो जन्मस्थान काभ्रेपलाञ्चोकको माटो, प्रकृति र वातावरणसँगै बाल्यकाल बिताएका हुन् । उनले सत्र वर्षको उमेर त्यही गाउँमा बिताएका हुन् । घरको आर्थिक अवस्था निकै नाजुक भएका कारण उनले समयमा स्कुल जान पाएनन् (शोध नायकबाट प्राप्त जानकारी) । उनी पन्ध्र वर्षको उमेरपछि मात्र स्कुल जान थालेका हुन् । घरको आर्थिक अवस्था सबल नभएका कारण र घरको जेठो सन्तान भएका कारण पनि उनको बाल्यकाल दुःखपूर्ण तवरले बितेको बताउँछन् (शोध नायकबाट प्राप्त जानकारी) । घरमा बाबुआमा खेती किसानमा व्यस्त हुने हुँदा घाँस, दाउरा ओसार्ने, गोबर सोहोर्ने, घर आँगन सफा गर्ने, भाँडा माझ्ने उनको दैनिकी हुने गर्दथ्यो । भाइ आफूभन्दा सानो भएका कारण भाइको स्याहार सुसार गर्ने पनि उनको दिनचर्या हुने बताउँछन् (शोध नायकबाट प्राप्त जानकारी) । घरकै कामले व्यस्त भइरहने सापकोटाको साथी भाइहरुसँग खेल्ने मौका विरलै पाउँथे । यसरी सामान्य किसान परिवारमा जन्मिएका सापकोटाको बाल्यकाल अभावै अभाव र दुःखपूर्ण भएर बितेको देखिन्छ । सानै उमेरमा पीडा, अभाव र संकट भोग्नु परेकै कारण आफू

सानैमा व्यवहारिक बनेको बताउँछन् (शोध नायकबाट प्राप्त जानकारी) त्यसैले उनको बाल्यकाल दुःखपूर्ण किसिमले बितेको देखिन्छ ।

## २.३ शिक्षादीक्षा

प्रभात सापकोटाको अक्षराम्भ घरमै भएको हो । उनी ८/९ वर्षको छँदा उनको बाबु गंगाप्रसाद र भाइ गोविन्दप्रसादबाट अक्षर चिन्न थालेका हुन् (शोध नायकबाट प्राप्त जानकारी) । घरको आर्थिक अवस्था त्यति सबल नभएको र जेठो सन्तान भएको, घरको काममा बाबु आमालाई सघाउन परेका कारण भाइ स्कुल जाँदा पनि उनी जान पाएनन् । बाबुको सामान्य निगरानी, भाइले पढेको सुनेर तथा गाउँका केटाकेटीले पढे लेखेको हेरेर काठको पाटीमा माटोको धुलोको सहायताले अक्षर लेख्न र पढन सिकेका हुन् (शोध नायकबाट प्राप्त जानकारी) । यसरी अक्षराम्भ गरेका सापकोटा पन्ध्र वर्षको उमेरमा वि.सं. २०२५ सालमा काभ्रे डेड्डीथुम्का मिडिल स्कुलबाट औपचारिक शिक्षाको थालनी गरेका हुन् (शोध नायकबाट प्राप्त जानकारी) । अन्य विद्यार्थीका तुलनामा जेठा भएका कारण र सामान्य पढ्न लेख्न जान्ने भएका कारण उनलाई एकैचोटि कक्षा तिनमा भर्ना गरियो । त्यस स्कुलमा अङ्ग्रेजी भाषामा पढाइ हुने तर उनले नेपाली बाहेक अन्य भाषा नजानेका कारण उनलाई गाह्रो पऱ्यो । उनका भाइ कक्षामा सधैं प्रथम हुने र अङ्ग्रेजी फरर आउने हुँदा भाइबाट खिसीका पात्र पनि बन्थे । त्यही भाइको खिसी र उनको अन्तस्करणबाट प्राप्त पढ्ने चाहना र परिश्रमका कारण कक्षा तिन र चारमा प्रथम भए । उनी प्रथम भएका इबीले उनका भाइ गोविन्दप्रसादले पढ्नै छाडिदिए ।

उनी एक दिन काठमाडौंको बाइसधारा मेला हेर्न जाँदा एक जना व्यक्तिसँग उनको भेट भयो । त्यस मान्छेको मिठो आश्वासनका पछि लागेर उसको पछि लागे । उनलाई राम्रो स्कुलमा भर्ना गरिदिने भनी लगेको त्यो मान्छेले उनलाई पढाउनको सट्टा घरायसी काममा लगाउन थाल्यो । अत्यन्त चलाख र बाठो स्वभावका आँटिला सापकोटा त्यहाँबाट भागेर तराईतिर लागे । गोजीमा प्रशस्त पैसा नभएका कारण साह्रै दुःख पाए । दैव संयोगले बनारसमा मामाको नजिकै बस्ने मान्छेको सहारामा उनी

बनारस मामाकोमा पुगे । मामाको रोहबरमा वि.सं. २०३० मा त्यहीँ बनारसमै एकैचोटि कक्षा ९ मा भर्ना भए । संस्कृत स्कुलमा पढ्न थालेका सापकोटाले २०३६ सालमा शास्त्री पास गरेका हुन् । उनले सम्पूर्णानन्द विश्वविद्यालय बनारसमा अध्ययन गरेका हुन् ।

यसरी भारतबाट नेपाल फर्किएका सापकोटाले वि.सं. २०५२ सालमा शिक्षा क्याम्पस काठमाडौँबाट एक वर्षे बी.एड पास गरे । एक वर्षे बी.एड गरेपछि उनलाई एम. ए. पढ्ने रहर जागेर आयो र वि.सं. २०५३ मा त्रि.वि. कीर्तिपुरबाट नेपाली विषयमा एम. ए. उत्तीर्ण गरेका हुन् (शोध नायकबाट प्राप्त जानकारी) । उनको यही अध्ययन नै अन्तिम देखिन्छ ।

## २.४ उपनयन वैवाहिक जीवन र पारिवारिक स्थिति

प्रभात सापकोटाको उपनयन सात वर्षको कलिलो उमेरमा वि.सं. २०१७ सालमा ओखलढुङ्गा स्थित मामा घरमा सामूहिक रुपमा भएको हो । सापकोटाले पुरोहित मोहनलाल सुवेदीद्वारा गायत्री मन्त्र सुनेका हुन् (शोध नायकबाट प्राप्त जानकारी) । यसरी उनको उपनयन तथा व्रतबन्ध वैदिक परम्परा अनुसार भएको देखिन्छ ।

उनको विवाह २२ वर्षको उमेरमा वि.सं. २०३२ वैशाख १० गते सिन्धुपाल्चोक निवासी पिता रेवतीरमण ढकाल र माता नीराकुमारी ढकालकी एकमात्र सुपुत्री सरस्वती ढकालसँग भएको हो (शोध नायककी श्रीमती सरस्वती ढकालबाट प्राप्त जानकारी) । सरस्वती ढकाल १४ वर्षको कलिलो उमेरमा प्रभात सापकोटाकी धर्मपत्नीका रुपमा सापकोटा परिवारमा लक्ष्मी बनेर भित्रिएकी हुन् । तपाईको विवाह प्रेम विवाह हो कि मागी विवाह भनेर सोध्दा सापकोटा अलिकति लाज र अप्ठयारो मान्दै मागी विवाह नै हो भनेर बताए (शोध नायकबाट प्राप्त जानकारी) । सापकोटा दम्पतीका कोखमा तिन छोरीको जन्म भएको पाइन्छ । यीमध्ये जेठी छोरी दीपाको विवाह भैसकेको छ । उनी हाल श्रीमान्सँग विछोड भएर एक्लो जीवन बिताउँद छिन् । माहिली छोरी कविता त्रि.वि.कीर्तिपुरमा मानविकी तथा सामाजिक समाजशास्त्र

सङ्काय अन्तर्गत अङ्ग्रेजी विषयमा शोध गर्दैछिन् । कान्छी छोरी कविता भने सी.ए. चौथो वर्षमा अध्ययनरत छिन् । सरस्वती जस्ती श्रीमती पाएकोमा आफू भाग्यमानी भएको दावी गर्दछन् । आफू रिसाउँदा पनि मुसुक्क हाँसेर बोलिदिने सरस्वतीको बानीको प्रशंसा गर्दै परिवारमा सामान्य भनाभन बाहेक अन्य कुनै झगडा नभएको र दाम्पत्य जीवन एकदमै सुखमय बितेको बताउँछन् (शोध नायकबाट प्राप्त जानकारी) । श्रीमान्को छुट्टी हुँदा बाहिर घुम्न जान रुचाउने सरस्वती श्रीमान् श्रीमती भएर विभिन्न ठाउँ घुम्ने, दैनिक उपभोग्य वस्तु किनमेल गर्ने जस्ता क्रियाकलाप गर्न रुचाउँछिन् । आफूलाई बुझ्ने  श्रीमान् पाएकोमा उनलाई गर्व  लाग्छ । दुबैले दुबैलाई बुझ्ने भएका कारण दाम्पत्य जीवन सफल बनेको देखिन्छ (शोध नायकबाट प्राप्त जानकारी) । यसरी छोटो तथा सुखी परिवार सहित सापकोटा दम्पती काठमाडौंको रानीबारीमा बसोबास गरिरहेका छन् ।

प्रभात सापकोटाका दुई दाजुभाइमध्ये भाइ गोविन्द सापकोटा छुट्टिएर भिन्न भई बौद्ध महाङ्काल काठमाडौंमा व्यापार गरेर बसेका छन् । आफू सानै छँदा बाबुको मृत्यु भएका कारण आमाको रेखदेख उनी आफैले गरिरहेका छन् । तिन छोरीमध्ये जेठी छोरी दीपा वैवाहिक सम्बन्ध बिग्रिएपछि एक्लै आध्यात्मिक आश्रममा बस्दै आएकी छन् । अन्य दुई छोरीको विवाह नै नभएका कारण उनीहरुसँगै छन् (शोध नायकबाट प्राप्त जानकारी) । यसरी दुई छोरी, आमा र सापकोटा दम्पती गरी पाँच जनाको परिवार रहेको छ । पितृसतात्मक समाजमा छोराको जन्म हुनुपर्ने मान्यतामा हुर्किएको भए तापनि उनीहरु सन्तानमा भेदभाव गर्न चाहँदैनन् । यसकारण पनि उनीहरु सन्तुष्ट देखिन्छन् ।

## २.५ आजीविका

प्रभात सापकोटाले आफ्नो जीविकोपार्जनका लागि विभिन्न ठाउँमा सङ्घर्ष गरेका छन् । सर्वप्रथम त उनी १८ वर्षको उमेरमा एक जना सेनाको उच्च  ओहदाको मान्छेको ललाइ फकाइमा परी राम्रो जागिर दिने र राम्रो स्कुलमा पढाइदिने प्रलोभनमा फसेर घरको काम गर्न बाध्य पारिए । उनले वि.सं. २०३९ सालदेखि  शिक्षण पेशामा

हात हालेका हुन् । वि.सं. २०३९ देखि २०४० सम्मको त्यस्तै पन्ध्र महिना जति जनविकास मा.वि. तालढुङ्गा काभ्रेमा जागिर गरेका हुन् । त्यस्तै वि.सं. २०४१ देखि २०४६ सम्म श्रीकृष्ण मा.वि. दाप्चा काभ्रेपलाञ्चोकमा अध्यापन गरे । त्यहाँ पनि उनलाई उचित पारिश्रमिक नदिएका कारण त्यहाँ पनि छाडिदिए । यसै क्रममा उनको समबोधा इङ्लिस सेकेन्डरी स्कुल बौद्धका प्रिन्सिपलसँग भेट भयो । त्यहाँ उचित पारिश्रमिक दिने सम्झौतामा २०४६ चैत्र देखि त्यही अध्यापन गर्न थाले । उनलाई उचित पारिश्रमिक मिले तापनि सरकारी जागिर खाने  चाहनाका कारण त्यहाँ पनि सन्तुष्ट देखिदैनन् । सरकारी जागिरको खोजी गरिरहेकै बेला सरस्वती मा.वि. टोखा काठमाडौंमा मा.वि.तहको नेपाली शिक्षकको आवश्यकताको विज्ञापन प्रकाशित भएको थाहा पाए । शिक्षक दरबन्दीमा दरखास्त भर्न सम्पूर्ण कागजातहरु बोकेर गएका सापकोटा त्यहाँ छानिए (शोध नायकबाट प्राप्त जानकारी) । यसरी वि.सं. २०४६ मा स्थायी नियुक्ति बुझेका सापकोटा हालसम्म पनि सोही स्कुलमा अध्यापनरत छन् ।

## २.६ आर्थिक अवस्था

प्रभात सापकोटाको जन्म काभ्रेपलाञ्चोकको दुर्गम गाउँमा एक गरिब किसान परिवारमा भएको हो । अल्पायुमै बाबुको मृत्यु भएको र पैतृक सम्पत्ति प्रशस्त नभएका कारण उनको आर्थिक अवस्था कमजोर देखिन्छ (शोध नायकबाट प्राप्त जानकारी) । बाबुको आफू सानै छँदा मृत्यु भएको र पैतृक सम्पत्ति पनि त्यति नभएका कारण आमाले दिनरात खेतबारीमा काम गरेर जीवन निर्वाह गर्ने गरेको देखिन्छ । आर्थिक अवस्था न्यून भएका कारण उनीहरुले पढ्न पनि पाएनन् । सानै उमेरमा आर्थिक सङ्कटको चरम यातना भोगेका कारण उनमा केही गर्नुपर्छ भन्ने धारणा बसेको देखिन्छ । सानै उमेरमा पढ्न नपाएपनि आफ्नो कडा मिहेनत र लगावका कारण उनले जीवनमा ठूलो प्रगति गर्न सके । वि.सं. २०३९ सालदेखि शिक्षण पेशाको थालनी गरेपछि उनको अवस्था सुध्रिदै गएको देखिन्छ । वि.सं. २०४६ सालमा मा.वि.को नियुक्ति बुझेपछि उनको आर्थिक बृद्धिदरमा चामत्कारीक परिवर्तन हुन पुग्यो । सुरु सुरुमा आर्थिक अवस्था कमजोर भएका कारण जतिसुकै दुःख सङ्कट परे तापनि अचेल उनको आर्थिक अवस्था राम्रो देखिन्छ । तिन जना छोरीको पढाई खर्च र छ जनाको

परिवार काठमाडौंमा सुखपूर्वक जीवन बिताएका छन् (शोध नायकबाट प्राप्त जानकारी) । यी सबै कुराहरुको अध्ययनका आधारमा प्रभात सापकोटाको आर्थिक अवस्था सामान्य रहेको छ ।

## २.७ बसोबास

प्रभात सापकोटा काभ्रे जिल्लाको महादेवस्थान गा.वि.स. को मण्डन भन्ने ठाउँमा जन्मिएर पनि विभिन्न ठाउँमा बस्दै आएका छन् । जन्मदेखि १७ वर्षका उमेरसम्म सोही जन्मस्थान काभ्रेमा बसेका हुन् । त्यसपछि जागिर र सुखभोगको लोभ लालचमा फसेर चार पाँच महिना जति तराईमा बसेको देखिन्छ । त्यहाँबाट मामालाई भेट्न गएका सापकोटा बनारसमा पढाइका सिलसिलामा आठ वर्ष जति मामाको साथमा बनारसमै बिताएका हुन् (शोध नायकबाट प्राप्त जानकारी) । त्यसपछि नेपाल फर्किएका सापकोटामा पढ्ने र पढाउने सिलसिलामा १ वर्ष जति काभ्रेको तालढुङ्गामा बसे । त्यसपछिको छ वर्ष काभ्रेपलाञ्चोकको दाप्चा भन्ने ठाउँमा बसेको देखिन्छ । त्यस्तै केही महिना काठमाडौंको बौद्धमा बिताए भने वि.सं. २०४९ सालदेखि सपरिवार काठमाडौं रानीवारीमा भाडाको घरमा बस्दै आइरहेका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.८ रुचि र स्वभाव

प्रभात सापकोटाको खास रुचि अध्ययन लेखन र साहित्य सिर्जना गर्ने तथा दु:खीको सेवा गर्ने रहेको पाइन्छ । फुर्सदको समयमा साहित्य सिर्जना गर्ने विविध विद्धत व्यक्तिसँग छलफल र भलाकुसारी गर्न तथा गरिब दु:खी किसान मजदुरहरुको बीचमा रमाउन चाहन्छन् (शोध नायकबाट प्राप्त जानकारी) । उनी सानैबाट साहित्यप्रति एकदमै रुचि राख्दथे । आफूले लामो समयसम्म अध्ययन गर्ने मौका नपाए पनि कसैले कथा, कविता, नाटक, चुट्किला, वाचन गरिरहेको भए उनी सारा काम छाडेर त्यही सुन्न तर्फ लाग्दथे । सानैबाट जिज्ञासु र मिहेनती स्वभावका सापकोटा सामान्य लेख्न जाने देखिनै कथा लेख्न तम्सिन्थे (शोध नायकबाट प्राप्त जानकारी) । हुने विरुवाको चिल्लो पात भनेझैं उनको यही तत्परता र लगनशीलताका कारण आज

उनी यस अवस्थामा पुग्न सकेका छन् । पुराना इतिहासका महत्त्वपूर्ण मठ मन्दिर, चाडपर्व, मन्दिर, जात्रा, मूर्ति, शिलालेख आदिको गहिरो अध्ययन गरी सत्य तथ्य पत्ता लगाउन चाहन्छन् । आफूभन्दा ठूलालाई आदर र आफूभन्दा सानालाई माया गर्ने स्वभाव भएका सापकोटा कहिल्यै झर्केर बोल्दैनन् । गहुँ गोरो वर्ण भएका सापकोटा केही कुरा बोल्नुपूर्व नै मुसुक्क हाँसिदिने स्वभाव छ । पहिलो भेटमै नयाँ मान्छेसँग घुलमिल हुने क्षमता उनमा पाइन्छ । पहिलो पटक झट्ट हेर्दा भावुक र निरसिलो जस्ता देखिने प्रभात सापकोटा मूलतः सरल र मिलनसार व्यक्ति छन् । अनुशासित र सबैलाई सम्मान गरेर शिष्टाचारपूर्वक बोल्ने सापकोटा गम्भीर स्वभावका देखिए तापनि व्यवहारमा हाँसो ठट्टा र मनोरञ्जन रुचाउँछन् । उनीसँगको करिब तिन घण्टाको समय बिताउँदा उनले जीवनमा भोगेँ भनेका घटना सायद उनका हैनन् होला भन्ने भान भयो । पूरा दिल खोलेर हाँस्ने प्रभात हाँसो ठट्टा र सामान्य भाषाका माध्यमले साहित्य मार्फत समाजमा व्याप्त कुरीति, कुसंस्कारमाथि व्यङ्ग्यवाण प्रहार गर्दछन् । कसैमाथि अन्याय अत्याचार नगर्ने र कसैको अन्याय अत्याचार पनि सहन नसक्ने सापकोटा क्रान्तिकारी स्वभावका छन् । सानो ठूलो नभनी देखेको सबै काममा क्रियाशील रहने प्रभात जाँगरिला र फूर्तिला पाराका देखिन्छन् (शोधनायकबाट प्राप्त जानकारी) । अन्तरवार्ता लिने क्रममा उनको भनाई यस प्रकार रहेको छ “मलाई मिष्ठभाषी मन पर्छ, सङ्घर्ष गर्नुपर्दछ । सङ्घर्षले नै जीवनमा केही गर्नुपर्छ भन्ने मानसिकताको विकास गर्दछ, साथीभाइ, इष्टमित्रसँग हाँसेर बोल्दैमा के सकिन्छ र ? संसारमा पीडा नहुने मान्छे को छ र ? तर पीडा लुकाएर हाँस्न सिक्नुपर्छ । खोक्रोआडम्बर छाट्नु हुँदैन (शोध नायकबाट प्राप्त जानकारी) । खानपानमा उनको रोज्ने बानी छैन । घरमा जे पाक्छ उनी स्वाद मानी मानी खान्छन् । गुलियो र चिल्लो खासै नरुचाउने प्रभातको कुलत केहीमा देखिदैन । श्रीमती रिसाएर बोलेपनि उनी हाँसी हाँसी जवाफ दिन्छन् । प्रभातको बाहिरी वर्ण अलि कालो भए तापनि भित्री मन भने स्पष्ट र स्वच्छ रहेको छ ।

## २.९ भ्रमण

काभ्रेपलाञ्चोक जिल्लाको महादेवस्थान गा.वि.स. अन्तर्गत मण्डन भन्ने गाउँमा जन्मिएका प्रभात सापकोटा नेपालका अधिकांश स्थानको भ्रमण गरेका छन् । जागिरका

सिलसिलामा तथा प्रलोभनमा फसेका कारण विभिन्न स्थानमा जान पाएको बताउँछन् । जागिरका सिलसिलामा दुई चार ठाउँ मात्र घुमेका सापकोटा तीर्थव्रत गर्ने सिलसिलामा दिल्ली, हरिद्वार, दार्जिलिङ, धनकुटा, विराटनगर, प्यूठान, जनकपुर, रोल्पा, लुम्बिनी, स्वर्गद्वारी, मुक्तिनाथ जस्ता स्थानमा पुगेका छन् (शोध नायकबाट प्राप्त जानकारी) । श्रीमती र छोरीहरुसँग घुम्ने रहर भएर पनि जागिरे जीवनका कारण परिवारलाई त्यति समय दिन नपाएकोमा दु:ख प्रकट गरेका छन् ।

## २.१० साहित्य सिर्जनाको प्रेरणा र प्रभाव

कुनै पनि साहित्यकार वा साहित्य सर्जक व्यक्तित्वले प्रायः कुनै वा कसैको प्रेरणाबाट साहित्य सिर्जनामा लागेको हुन्छ । यस बाहेक प्रसिद्ध साहित्यकारको प्रभाव परेर वा साहित्यिक कृतिको अध्ययन गरेर पनि साहित्य सिर्जना गर्ने गर्दछन् भने कतिपय व्यक्तिहरु आफू भित्रको प्रतिभाले प्रेरित भएर पनि साहित्य रचना गर्न थालेका हुन्छन् (भट्टराई, २०७० : १७) । जे होस् विना प्रभाव र प्रेरणा साहित्यको रचना हुँदैन ।

प्रभात सापकोटाको साहित्य लेखन कार्यमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रेरणा र प्रभाव परेको पाइन्छ । स्कुल पढ्दा नेपालीका शिक्षकहरुले कथा, कविता पढाउदा होस् वा बाहिर कसैले कथा कविता वाचन गर्दा आफूमा एक किसिमको भाव तरङ्गित हुने बताउँछन् (शोध नायकबाट प्राप्त जानकारी ) । यहीबाट साहित्यतर्फ उनको चासो बढेको देखिन्छ । सानैबाट भावुक र साहित्यतर्फ रुचि भएका सापकोटाले कसैले कथा, कविता भनेको सुन्दा काम छाडी छाडी बडो चाखले सुन्ने गर्दथे । अलि अलि अक्षर चिन्दा देखिनै साहित्यिक कृति पढ्न रुचाउने प्रभातले लक्ष्मीप्रसाद देवकोटाका कविताहरु पढेर साहित्यतर्फ थप आकर्षण बढेको बताउँछन् ( शोध नायकबाट प्राप्त जानकारी) । उनीभन्दा अघि परिवारमा कसैले साहित्य सिर्जना गरेका थिएनन् उनले अप्ठ्यारो मान्दै बताए । वि.सं. २०३३ सालमा उनले पहिलो पटक 'किसान' कविता प्रकाशित गरे । यसभन्दा अगाडि पनि सामान्य रुपमा कोरिन्थ्यो तर सबै सम्झेर कहाँ साध्य लाग्छ र उनले हाँस्दै बताए (शोध नायकबाट प्राप्त

जानकारी) । उनलाई किसान कविताको प्रकाशन भएपछि साहित्य लेखनमा थप हौसला थपेको बताउँछन् । त्यस्तै पारिजात, भानुभक्त लगायतका साहित्यकारका कृति पढेर साहित्य सिर्जनामा लाग्न प्रेरणा मिलेको देखिन्छ ।

यसरी अरुका साहित्य सिर्जना सुनेर, पढेर र त्यसको सिको गरेर साहित्य सिर्जना गर्न सफल सापकोटाले विविध क्षेत्रबाट प्रभाव प्रेरणा ग्रहण गरेको दखिन्छ ।

## २.११ मानसम्मान तथा पुरस्कार

प्रभात सापकोटा नेपाली साहित्यका विविध  विधामा कलम चलाउनुका साथै विविध संघ संस्थामा अनि प्रत्यक्ष अप्रत्यक्ष रुपमा आवद्ध रहेका छन्  । नेपाली समाजमा व्याप्त विकृति-विसङ्गतिका साथै निम्न वर्गका सर्वसाधारण जनताले भोग्नु परेका यथार्थ घटनाको चित्रणमा आधारित भएर साहित्य सिर्जना गर्ने सापकोटा विभिन्न मान र पदवीबाट सम्मानित भएका छन् । भाषा साहित्यका क्षेत्रमा निरन्तर सिर्जना र साधना गर्दै साहित्य, पत्रकारितामा समेत समर्पित रही पुऱ्याएको उत्कृष्ट योगदान स्वरुप बनेपा काभ्रेबाट प्रदान गरिने **जनमत जनक सेवा सम्मानपत्र** (२०६५), श्री गाउँ स्कुल कलेज विद्यार्थी छात्रवृत्ति योजना नेपालद्वारा वि.सं. २०५३-५४, वार्षिक अवधिमा सर्वोकृष्ट शिक्षक ठहर गर्दै **शिक्षक श्री पुरस्कार** (२०५५) जस्ता सम्मानबाट सम्मानित तथा विभूषित हुनाका साथै स्कूल  तथा क्याम्पसमा आयोजित विभिन्न साहित्यिक कार्यक्रममा धेरै पटक प्रथम तथा द्वितीय स्थान प्राप्त गर्दै विभिन्न सम्मान तथा नगद पुरस्कारबाट पनि सम्मानित भएका छन् ।

## २.१२ निष्कर्ष

प्रभात सापकोटाको जन्म वि.सं. २०१० मङ्सिर २५ गते काभ्रेपलाञ्चोक जिल्लाको महादेवस्थान गा.वि.स. मा भएको हो । सानै उमेरमा बाबु गुमाउन पुगेका प्रभातको वाल्यकाल सङ्घर्षपूर्ण रुपमा बितेको देखिन्छ । घरमा आम्दानीको स्रोत गतिलो नभएको र घरमा प्रशस्त सम्पत्ति नभएका कारण विविध समस्या झेल्दै एम. ए. सम्मको अध्ययन पूरा गरेका छन् । २२ वर्षको उमेरमा वि.सं. २०३२ सालमा

सरस्वती ढकालसँग वैवाहिक सम्बन्ध कायम गरेका सापकोटाका तिन सन्तान रहेका छन् । शिक्षण पेशामा संलग्न सापकोटाले २०३९ सालदेखि अध्यापन गर्न थालेका हुन् । साहित्य सिर्जना तथा अध्ययन र समाजसेवा गर्ने रुचि भएका प्रभात हँसिला जाँगरिला र गम्भीर स्वभावका छन् । प्रकृतिको विविध रुप, अग्रज साहित्यकार, साहित्यिक पत्रिकाको प्रभाव र प्रेरणाका कारण उनी साहित्य सिर्जनामा लागेको देखिन्छ । उनी साहित्यका अलवा कुशल शिक्षण गरे वापत विभिन्न मान सम्मानबाट विभूषित पनि भएका छन् । जागिर तथा धर्मकर्मका सिलसिलामा देश तथा विदेशका विभिन्न ठाउँहरुको भ्रमण गरेर विभिन्न अनुभव बटुलिसकेका छन् ।

# परिच्छेद तिन

# प्रभात सापकोटाको व्यक्तित्व

## ३.१ विषय परिचय

व्यक्तिको जीवनमा विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्वलाई विभिन्न तरिकाले अर्थ्याइएको पाइन्छ । व्यक्तित्वको अर्थ मानसिक प्रक्रियामा एकरुपता वा अनुरुपताको निर्माण हो । एकरुपता भन्नाले सधै एकै किसिमको काम मात्र गर्नु नभई परिवेश अनुसारको एकरुपता भन्ने बुझिन्छ । वास्तवमा व्यक्तित्वको अभिप्राय आफ्नो आन्तरिक स्वरुपलाई दृढ गराउनु पनि हो (फुयाँल, २०६३ : १७) । प्रत्येक परिवर्तित स्थितिमा मानिसले आफ्नो प्रतिभाको स्पष्ट र गहन छाप छोड्न सक्नुपर्दछ । यस अर्थमा व्यक्तित्वको अर्थ परिवर्तनशीलता नभइ प्रतिकूल स्थितिको अनुकूल चल्न सक्ने त्यो शक्ति सत्ता हो जसले मानिसलाई प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्दछ । परिस्थिति अनुकूल चल्न सक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्ति भित्र निहित प्रतिभा नै व्यक्तित्व हो (ओझा, सन् १९७५ : ३१) । व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक वातावरण, सामाजिक परिवेश, विविध व्यक्तिको सङ्गत जस्ता पृष्ठभूमिको महत्त्वपूर्ण भूमिका हुन्छ ।

उपर्युक्त आधारमा प्रभात सापकोटाको समष्टि व्यक्तित्वलाई केलाउँदा उनी नेपाली साहित्यमा भर्खरै बामे सर्दै गरेका व्यक्तित्वका रुपमा परिचित छन् । उनले लामो समयको अध्ययन कार्य र साहित्य लेखनका माध्यमबाट विभिन्न व्यक्तित्व बनाइसकेका छन् । उनका व्यक्तित्वका पाटा अन्तर्गत साहित्यिक र साहित्येतर व्यक्तित्वका शीर्षकभित्र विविध उपशीर्षकको अध्ययन मार्फत उनको व्यक्तित्व पहिचान यस परिच्छेदमा गरिएको छ ।

## ३.२ प्रभात सापकोटाका व्यक्तित्वका आयामहरु

प्रस्तुत शीर्षकमा प्रभात सापकोटाका व्यक्तित्वका पाटाहरुमध्ये शारीरिक व्यक्तित्व र आन्तरिक व्यक्तित्वको छुट्टा छुट्टै उपशीर्षकमा राखेर अध्ययन तथा विश्लेषण गरिएको छ ।

### ३.२.१ शारीरिक व्यक्तित्व

प्रभात सापकोटाको वाह्य व्यक्तित्व सामान्य नेपालीको तुलनामा मिल्दोजुल्दो देखिन्छ । पाँच फिट २ इन्च उचाइ ५८ के.जी. वजनका सापकोटा हेर्दा मझौला खालका देखिन्छन् । गहुँ गोरो, बाटुलो निधार, चुच्चे नाक, चेप्टो अनुहार, मिलेका दाँत भएका प्रभात देख्दै हाँसिरहेको जस्तो देखिने प्रसन्न स्वभावका देखिन्छन् । सामान्य शरीरका सापकोटा बोलाइमा स्पष्टवादी मनमा लागेका कुरा भनिहाल्ने, कहिल्यै नरिसाउने खुला स्वभाव र स्वच्छ हृदय भएका व्यक्ति हुन् । सर्ट, पाइन्ट, कोट, ज्याकेट, जुत्ता उनको मनपर्ने पोशाक हो । सुरुमा भावुक र गम्भीर देखिने उनी सङ्गत पश्चात् हाँसेर कहिल्यै नथाक्ने सामान्य कुरालाई पनि आलङ्कारिता भरेर मजाक गर्न रुचाउने प्रवृत्तिले उनको मिलनसारिता र स्नेही भावनाको स्पष्ट सङ्केत देख्न सकिन्छ ।

### ३.२.२ आन्तरिक व्यक्तित्व

प्रभात सापकोटाको आन्तरिक व्यक्तित्व नियाल्दा उनी सानैदेखि कल्पनाशील, भावुक र इमान्दार रहेको प्रतीत हुन्छ । सानै उमेरमा बाबुको मृत्यु भएका कारण उनमा भावुकता पैदा भएको पाइन्छ । अभावै अभावले घेरेको बाल्यकाल र युवावस्था घरको काम र जीवनका कारुणिक घटनाहरुले उनमा भावुकता अभाव र पीडा भित्रको यथार्थ चिन्ने अवसर प्राप्त भएको पाइन्छ । “मैले जीवनमा धेरै सङ्घर्ष गरेको छु, दुःख, पीडा र अभावलाई नजिकबाट नियालेको छु । साहित्यमा कतिपय साहित्यकारले कल्पनाशील अनुभूतिहरु अभिव्यक्त गर्दछन् तर मैले आफ्ना साहित्यिक कृतिमा आफ्ना अनूभुतिपूर्ण यथार्थ र समाजमा घटित यथार्थ घटनालाई अभिव्यक्त गर्ने प्रयास गरेको छु” (शोध नायकबाट प्राप्त जानकारी) । जस्ता उनका अभिव्यक्तिले उनको व्यक्तित्वलाई प्रष्टाउने काम गरेको छ । यसरी उनमा सरल, सहज, सहयोगी, कल्पनाशील, भावुक, इमानदार, आफ्ना अनुभूतिपूर्ण यथार्थ र समाजमा घटित यथार्थ घटनालाई अभिव्यक्त गर्ने जस्ता आन्तरिक व्यक्तित्वगत विशेषता पाइन्छ ।

### ३.२.३ साहित्यिक व्यक्तित्व

प्रभात सापकोटाको व्यक्तित्वलाई केलाउँदै जाँदा उल्लेखनीय रुपमा देखापर्ने एउटा पाटो साहित्यकार व्यक्तित्व पनि हो । सानै उमेरदेखि साहित्य साधनातर्फ उन्मुख भएका सापकोटा औपचारिक रुपमा भने वि.सं. २०३३ सालमा **किसान** कविता उन्नतिमार्ग पत्रिकामा प्रकाशित गरेर साहित्यमा देखा परेका हुन् । उनका आजसम्म **आकुञ्चन** (कविता सङ्ग्रह २०५१), **किनारावारिपारि** (कविता सङ्ग्रह २०५३), **यो मृत्युराष्ट्र होइन** (२०६३) जस्ता कविता सङ्ग्रह, **पानी** (२०६६), **वन** (२०६७), **जल** ( २०६८), **माटो** (२०६८), **सहर** (२०६८) **र महको भकारी** (२०७०) जस्ता बाल सामग्री, **विश्वप्रसिद्ध ३५ दार्शनिक** (२०६४) **विश्वप्रसिद्ध ३५ साहित्यकार** (२०६४), **विज्ञान र प्रविधिका सारथि** (२०६६), **३५ भाषा ३५ प्रतिभा** (२०६६), **विश्वप्रसिद्ध ३५ वैज्ञानिक** ( २०६२), **तीन चुली तेह्र सागर,** (२०६८), **सोह्र प्रतिभा सोह्रै चित्र** (२०६९) **र अभियानका शब्दसारथि** (२०६८) जस्ता जीवनीमूलक कृति र **नेपाली बालनाटकको ऐतिहासिक अध्ययन** (२०६८) नामक समीक्षा पुस्तक रहेका छन् । यसरी यस अध्ययनमा यिनै साहित्यिक व्यक्तित्वको चर्चा गरिएको छ ।

#### ३.२.३.१ कवि व्यक्तित्व

प्रभात सापकोटालाई साहित्यिक व्यक्तित्वका रुपमा चिनाउने एउटा विधा कविता हो, सार्वजनिक साहित्य यात्राको सुरुवात पनि उनले यही विधामार्फत गरेका हुन् । १८ -२० वर्षदेखिनै साहित्य कोर्न लागे पनि त्यतिबेलाका कृतिहरु प्रकाशनयोग्य नभएकै कारण प्रकाशित नभएको बताउँछन् । साहित्यिक लेखनका कविता, जीवनी, समालोचना, नाटक, निबन्धमध्येको मुख्य रुचि र रोजाइको विधा नै कविता हो । उनले लक्ष्मीप्रसाद देवकोटाका कविताहरुबाट प्रभावित भएर कविता लेख्न थालेको देखिन्छ । उनले स्कुले जीवनमा पनि प्रशस्त कविता लेखेका थिए । ती कविता कविता नभएर भावना थिए । उनका सिकारु भावनाहरु त्यति विशिष्ट नभएका कारण च्यातेर फालिदिएको बताउँछन् (शोध नायकबाट प्राप्त जानकारी) । यसरी कविता लेखनको थालनी गरेका प्रभात सार्वजनिक रुपमा वि.सं. २०३३ सालमा **किसान** कविताको

प्रकाशन गरेर उदाएका हुन् । **किसान** कविताबाट कविता लेखनको थालनी गरेका प्रभात सापकोटाका **आकुञ्चन** (२०५१), **किनारवारिपारि** (२०५३) **संयुक्त कविता सङ्ग्रह हो भने यो मृत्युराष्ट्र होइन** (२०६३) कविता सङ्ग्रह उनको एकल लेखन हो । आकुञ्चन कविता सङ्ग्रह भित्रका १६ वटा कवितामध्ये ४ वटा बाबुराम शर्मा "हेमन्त" का, ४ वटा जगत उपाध्याय "प्रेक्षित" का, ४ वटा ईश्वरी शर्माका र अन्तिमका ४ वटा प्रभात सापकोटाका रहेका छन् । त्यस्तै **किनारावारिपारि** कविता सङग्रहभित्र किनारवारि र किनारपारि गरेर दुई खण्डको तय गरिएको छ । किनारवारि भाग अन्तर्गत ८ वटा कविताहरु ईश्वरी शर्माका रहेका छन् भने किनारपारि भाग अन्तर्गतका ८ वटा कविताहरु प्रभात सापकोटाका रहेका छन् । त्यसै गरी उनको एकल लेखनका रुपमा रहेको **यो मृत्युराष्ट्र होइन** नामक कविता सङ्ग्रह भित्र २५ कविता सङ्ग्रहित रहेका छन् । उनका यी कविताहरु समय बोल्न र समाज घच्घच्याउन सक्षम देखिन्छन् । यी कविता कर्मयोग बनाउन शान्ति र गतिशीलता पछ्याउन मानवता बिउँझाउन र जीवन देखाउन चाहन्छन् (सापकोटा, २०६३ : प्रकाशकीय) भन्ने प्रभात सापकोटाका कविताको विषयवस्तु देश प्रेम, राष्ट्रभक्ति, मातृस्नेह, विकृति विसङ्गतिप्रति व्यङ्ग्यभाव जस्ता प्रसङ्गमा आधारित रहेका छन् । अन्याय, अत्याचार, विकृति-विसङ्गतिको तीब्र विरोध गर्दै स्वच्छ समाजको परिकल्पना गर्न प्रेरित उनका कविताहरु विभिन्न बिम्ब, प्रतीक अलङ्कार र सन्देशमूलक जस्ता भावले सशक्त मानिन्छन् । यी २५ वटा कविताहरु मन्दाक्रान्ता छन्दमा रचना गरिएको पाइन्छ ।

यसरी पुस्तकाकार कृतिका रुपमा एउटा एकललेखन र दुईवटा सहलेखन प्रकाशित गरेका सापकोटाका विभिन्न पत्रपत्रिकामा फुटकर कविताहरु पनि प्रकाशित रहेका छन् । जे होस् यिनै कविता कृतिका माध्यमबाट प्रभात सापकोटालाई कवि प्रभात भनेर चिनाउन सफल भएका छन् ।

### ३.२.३.२ जीवनीकार व्यक्तित्व

प्रभात सापकोटालाई साहित्यिक व्यक्तित्वका रुपमा चिनाउने अर्को विधा जीवनी हो । विभिन्न लेखक साहित्यकारका कृतिको अध्ययन गर्ने सापकोटालाई पछि

गएर तिनै लेखकहरुको जीवनी लेख्ने रहर जागेर आयो । कविता विधाबाट साहित्यमा उदाएका सापकोटाको जीवनी लेखनको थालनी वि.सं. २०६२ मा प्रकाशित **विश्व-प्रसिद्ध ३५ वैज्ञानिक** नामक पुस्तकबाट  सुरु भएको देखिन्छ । जुन कृति वर्ल्डवाइड पब्लिकेशन प्रा.लि. पुतलीसडक काठमाडौंबाट बजारमा ल्याइएको हो। वि.सं. २०५८/५९ सालदेखि लेख्न थालेका उनका जीवनीमूलक लेखहरु वि.सं. २०६२ सालमा आएर पुस्तकाकार कृतिका रुपमा प्रकाशित भएको हो । हाल सो पुस्तकको चौथो संस्करण (२०६७) बजारमा उपलब्ध छ । साहित्यका अन्य विधाका तुलनामा परिमाणात्मक रुपमा पनि जीवनीमूलक पुस्तक रहेको र यो विधा बढी मनपर्ने विधा पनि हो (शोध नायकबाट प्राप्त जानकारी) । यसरी जीवनी लेखनमा बढी चासो देखाउने सापकोटाको जीवनी लेखनको आरम्भ २०५८ देखि भए तापनि कृति प्रकाशनको थालनी भने २०६२ सालमा  आएर मात्र भएको देखिन्छ । उनका आजसम्म **विश्वप्रसिद्ध ३५ वैज्ञानिक** (२०६२), **विश्वप्रसिद्ध ३५ साहित्यकार** (२०६४), **विज्ञान र प्रविधिका सारथि** (२०६६), **३५ भाषा ३५ प्रतिभा** (२०६६), **तीनचुली तेह्र सागर** (२०६८), **अभियानका शब्द सारथि** (२०६८),  **सोह्र प्रतिभा सोह्रै चित्र** (२०६९) जस्ता ८ वटा जीवनीमूलक कृतिको रचना गरेका छन् । यीमध्ये **विश्वप्रसिद्ध ३५ वैज्ञानिक** नामक पुस्तकमा अरस्तु देखि हुतराज वैद्य सम्मका ३५ जना वैज्ञानिकको जीवनी प्रस्तुत गरिएको छ । **विश्वप्रसिद्ध ३५ साहित्यकाहरु**मा विभिन्न साहित्यिक विधामा कलम चलाउने वाल्मीकि, होमर, हुँदै हेलेन केलर जस्ता ३५ जना साहित्यकारहरुको जीवनीलाई समेटिएको छ **।** **विश्वप्रसिद्ध ३५ दार्शनिक**मा भिन्न भिन्न परिस्थितिमा स्थापित भई चर्चामा आएका मुसा, जरथ्रुस्ट देखि कार्लमाक्स जस्ता ३५ जना दार्शनिकहरुको जीवनीलाई समेटिएको छ । **विज्ञान र प्रविधिका सारथि**मा विभिन्न वैज्ञानिक तथा प्राविधिक क्षेत्रमा योगदान पुऱ्याएका निकोलस कोपर्निकस ग्यालिलियो ग्यालिली हुँदै कल्पना चावला जस्ता ३५ जना मुर्धन्य वैज्ञानिकहरुको जीवनीलाई समेटिएको छ । **३५ भाषा ३५ प्रतिभा**मा ग्रिसेली, फारसी, हिब्रू, नर्वेजियाली, मलयालम, पुर्तगाली, नेपाली, लिम्बू आदि ३५ भाषाका वाङ्मयसेवीको परिचय समावेश गरिएको छ । **तीनचुली तेह्रसागर**मा अमर प्रकाशका खोजीमा लागेका तिन ज्ञानसीमाका बाह्रजना महापुरुषहरुको सङ्क्षिप्त परिचय दिइएको छ । **सोह्र प्रतिभा सोह्रै चित्र**

जीवनीमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका सहिद शुक्रराज शास्त्री, लैनसिंह वाङ्देल, ब्रुस ली, सीता जस्ता सोह्र जना प्रतिभाको सङ्क्षिप्त परिचय र कभर पृष्ठमा सोह्रै जना प्रतिभाको तस्वीर पनि टङ्कन गरिएको छ ।

यसरी विविध विधामा विविध कार्य गरेर चर्चामा आएका र ख्यातिप्राप्त विद्वान् साहित्यकार तथा प्रतिभाहरुको सङ्क्षिप्त जीवनीमा आधारित भएर तयार पारिएका उनका यी कृतिहरुले प्रभात सापकोटालाई जीवनीकार व्यक्तित्वका रुपमा चिनाउन सफल भएका छन् ।

### ३.२.३.३ समीक्षक व्यक्तित्व

प्रभात सापकोटाको साहित्यकार व्यक्तित्वका रुपमा चिनाउने अर्को पाटो समीक्षा विधा पनि हो । साहित्यका विविध विधामा कलम चलाएर चर्चामा आएका प्रभातले **नेपाली बालनाटकको ऐतिहासिक अध्ययन** (२०६८) नामक समीक्षात्मक पुस्तकमा नेपाली बाल साहित्य क्षेत्रमा चर्चित नाटककारहरुमध्ये अशेष मल्ल र उनका *गङ्गारामको न्याय, माछाहरुको वैठक,* कृष्णप्रसाद पराजुली र उनका *भविष्यका तारा र जागरण,* कृष्ण शाह यात्री र उनका *फुच्चे रोबोट, गुनी खरायो, भकुण्डोको मन, बाटो बिराउँदा, हराएको अङ्क, भाइरस किलर,* दायादत्त न्यौपाने र उनका *नाति जन्मेपछि, वालदिवस, मोटरसाइकलको विहे, रवि मुस्कुराए, जयराज रेग्मी र दिदीबहिनीहरुको खेल, अब पो कुरो बुझैँ,* तेजप्रकाश श्रेष्ठ र उनका *उपहार के दिने ?, ठण्डा बरफ,* दिनेश अधिकारी र उनको *जङ्गलको कथा जङ्गलको व्यथा,* रमेश विकल र उनका *किसान र बाघ, गीता भेट्टिई, अब तिमी नरोऊ किरण, हराएका आमाबाबु, के ल्याऊँ हजुर ? जेरी, स्वारी, तरकारी ?* डा. सर्वज्ञमान एन. के., रामप्रसाद ज्ञवाली र उनका *सफा वातावरण : स्वस्थ जीवन, भानुभक्तको काठमाडौं भ्रमण, विजय चालिसे* र उनका *अल्बर्ट आइन्स्टाइन, राजा मिडास,* विजयराज आचार्य र उनको *उज्यालोको खोजीमा,* शर्मिला खड्का (दाहाल) र उनका *असम्भव सम्भव, उज्यालो बाटो शिक्षाको, शारदारमण नेपाल र उनका हाम्रो अभियान, खलाँती बाजे, रमेश सरको जादु, उनका हजुरबाको पाठ, पक्षपात,* श्यामदास वैष्णव र उनका *चाहिने*

*नचाहिने कुरा, डोको, सरुभक्त र उनका भ भ भ भ भूत, खेल, सौरभकिरण श्रेष्ठ र उनको पेटु पेन* जस्ता बालनाटकको समीक्षात्मक लेख र उपसंहार अन्तर्गत मालीका माली बन्ने उपक्रममा प्रभात सापकोटा, नेपाली बालनाटकको अध्ययनमा सराहनीय प्रयास जस्ता उपशीर्षकको पनि चर्चा गरिएको छ ।

यसरी नेपाली बालनाटकको ऐतिहासिक अध्ययन नामक समीक्षा कृतिले प्रभात सापकोटालाई समीक्षक व्यक्तित्वका रुपमा चिनाउन सफल भएको  छ ।

### ३.२.३.४ समालोचक व्यक्तित्व

प्रभात सापकोटाका विभिन्न व्यक्तित्व जस्तै समालोचक व्यक्तित्व पनि एक हो । प्रभात सापकोटाले विभिन्न पत्र पत्रिकामा फुटकर समालोचनाको प्रकाशन गरेका छन् । उनका **तादी** (२०५४) मा *काव्य  सिर्जनामा संलग्न टोखा,* **तादी** (२०५४), *काभ्रेली सर्जक र सिर्जना,* **तादी** (२०५५), *जगमोहनको जिन्दगीका फाँटहरु,* **साहित्य सागर** (२०५४), *तातो महाकाव्य औंसीका फूलहरु,* **समष्टि**(२०५७), *'स्पन्दन' को साहित्यिक प्रयास,* **तादी** (२०६०), २०४६ पछिका नाटकमा नारी हस्ताक्षर, **नागार्जुन** (२०६४) जस्ता समालोचना प्रकाशित भएका छन् । यसरी विविध क्षेत्रका विविध शीर्षकमाथि गरिएका समालोचनाले उनलाई  समालोचक व्यक्तित्वका रुपमा चिनाउन सफल भएका छन् ।

### ३.२.४ साहित्येतर व्यक्तित्व

प्रभात सापकोटाको व्यक्तित्वलाई प्रष्ट्याउने अर्को उल्लेखनीय पाटो साहित्येतर व्यक्तित्व हो । आर्थिक अवस्थाका कारण सानै उमेर देखि सङ्कट खेपेका प्रभातलाई जीवनमा केही गर्नुपर्छ भन्ने सोच पलाएको देखिन्छ । आमासँगै कृषि पेशा र घरको काममा सघाउने क्रममा वि.सं. २०३९ सालदेखि शिक्षण पेशामा हात हालेको देखिन्छ । यसका साथै उनी अनुसन्धाता, सङ्घर्षशील, समाजसेवी व्यक्तित्व पनि हुन् । उनले विभिन्न पुस्तक, पत्रिका तथा संस्कृति सम्बन्धी कृतिको सम्पादन गरेका छन् । यसले उनलाई सम्पादक व्यक्तित्वका रुपमा चिनाउन सफल भएको देखिन्छ । प्रस्तुत

अध्यायमा यिनका यिनै शिक्षक व्यक्तित्व, सम्पादक व्यक्तित्व र समाजसेवी व्यक्तित्व जस्ता उपशीर्षकमा आधारित भएर उनको साहित्येतर व्यक्तित्वको अध्ययन विश्लेषण गरिएको छ ।

### ३.२.४.१ शिक्षक व्यक्तित्व

प्रभात सापकोटाका विभिन्न व्यक्तित्वमध्ये शिक्षक तथा अध्यापक व्यक्तित्व प्रमुख व्यक्तित्व अन्तर्गत पर्दछ । जीवनको अधिकांश समय शिक्षण पेशामा बिताएका छन् । जागिरका क्रममा वि.सं. २०३९ मा जनविकास मा.वि. तालढुङ्गा काभ्रेमा करार शिक्षकका रुपमा एक वर्षजति अध्यापन गरेको देखिन्छ । यसरी जागिरे जीवनका रुपमा अध्यापन पेशालाई रोजेका प्रभात वि.सं. २०४१ सालमा श्रीकृष्ण मा.वि. दाप्चा काभ्रेपलाञ्चोकमा शिक्षकका रुपमा काम गर्न थाले । उनले करिब पाँच वर्ष जति सो स्कुलमा अध्यापन गरे तर उनले सोचे र मागे जति तलब तथा सुविधा नदिएका कारण उनी त्यस ठाउँमा पनि टिक्न सकेनन् । त्यसपछि उनी वि.सं. २०४६ को चैत्र देखि समबोधा इङ्लिस सेकेन्डरी स्कुल बौद्धमा पढाउन थाले । यस बेलासम्म आइपुग्दाका समस्या र ठक्करका कारण उनलाई सरकारी जागिरको मोह बढेको देखिन्छ । सरकारी जागिरको खोजिकै क्रममा सरस्वती मा.वि. टोखा काठमाडौंमा मा.वि. तहको नेपाली शिक्षकको दरबन्दी खुल्यो । उनले सो दरबन्दीमा आवेदन दिए र नियुक्ति पनि भए । यसरी वि.सं. २०४७ मा स्थायी नियुक्ति बुझेका प्रभात हालसम्म पनि सोही स्कुलमा अध्यापनरत छन् । यसरी विभिन्न स्कुलहरुमा पढाएका र त्यही वापत पुरस्कार पनि थापेका प्रभात सापकोटा आफू इमानदार, कर्तव्यनिष्ठ शिक्षकका रुपमा चिनिन चाहन्छन् (शोध नायकबाट प्राप्त जानकारी । आफूले आजसम्म कर्तव्यनिष्ठ र इमान्दारिताका साथ शिक्षण पेशा गरेकोमा आफूलाई गर्व लागेको बताउँछन् । यसरी ३२ वर्षे लामो अध्यापक अनुभवले खारिएका प्रभात सापकोटा एक सफल र कुशल शिक्षक बनेका छन् । यो नै उनको ठूलो उपलब्धि मान्न सकिन्छ । यसरी हेर्दा उनको अध्यापक व्यक्तित्व सबल र सशक्त मानिन्छ ।

### ३.२.४.२ सम्पादक व्यक्तित्व

प्रभात सापकोटाको साहित्येतर व्यक्तित्वको अर्को पाटो सम्पादक व्यक्तित्व पनि हो । आफ्नो कार्यव्यस्तताका बावजुद पनि साहित्यमा उल्लेखनीय योगदान दिने प्रभातले विभिन्न पत्रिका तथा सांस्कृतिक अध्ययन, जीवनी व्यक्तित्व र कृतित्वको पनि सम्पादन गरेका छन् । जसका कारण उनी सम्पादक प्रभात सापकोटाका नामले चिनिन पुगेका छन् । उनको पहिलो सम्पादित कृति **तादी** अर्धवार्षिक कवितासङ्ग्रह (२०५८) हो भने पहिलो सम्पादित इतिहास कृति ***प्राचीन शहर टोखा*** *(२०५६)* हो । यसरी सम्पादक पेशामा लागेका प्रभातले आजसम्म *प्राचीन शहर टोखा (इतिहास)* (२०५६), **तादी** (पूर्णाङ्क ९, २०५८) **साहित्यिक अभियान विगत देखि वर्तमान** (वर्ष ९, अङ्क ४, २०६३ आषाढ), **तादी** (वर्ष १४, अङ्क १२, चैत्र २०६५) **अभियानका शब्द सारथि** (२०६८), **बालकोसेली** (२०७०) र **टोखाका चाडपर्व र संस्कृति** (२०६९) सम्पादन गरेको देखिन्छ (शोध नायकबाट प्राप्त जानकारी) । यसरी यिनै पत्रिका र कृतिका माध्यमबाट सम्पादकका रुपमा पनि चिनिएका छन् ।

### ३.२.४.३ समाजसेवी व्यक्तित्व

समाज कुनै पनि राष्ट्रको निर्माण स्थल हो । समाजको विकास भनेको सिङ्गो राष्ट्रको विकास हो । प्रभात सापकोटाका विभिन्न व्यक्तित्वमध्ये सामाजिक व्यक्तित्व पनि एक हो । उनी समाजमा परि आएका काममा रात,दिन, झरी, बादल, भोक, निद्रा, आफन्त, पराइ केही नभनी लागी पर्दछन् । उनी विभिन्न संघसंस्थामा पनि आबद्ध रहेका छन् । सापकोटा **सुनकोशी साहित्य प्रतिष्ठान**को संस्थापक उपाध्यक्ष भएर साहित्यका माध्यमबाट समाज परिवर्तनमा उल्लेख्य योगदान पुऱ्याएका छन् । त्यस्तै **अभियान साहित्य प्रतिष्ठान**को उपाध्यक्ष, **जनमत मासिक** पत्रिकाको आजीवन सदस्य, **युद्धप्रसाद मिश्र प्रतिष्ठान**को आजीवन सदस्य बनेका छन् । यसरी विभिन्न संघसंस्थाका अतिरिक्त उनी समाजका अन्य काममा पनि सक्रिय देखिन्छन् । तपाई यी संघसंस्थामा भन्दा बाहिर पनि समाज सेवामा लाग्नु भएको छ भन्ने प्रश्नमा उनी भन्छन् "म बाटो घाटो, पुल, स्कुल जस्ता सामाजिक कार्यमा श्रमदान गर्ने देखि सक्दो आर्थिक सहयोग

दिएकै छु, आपतमा परेका जस्तै आगलागी, वाढी पीडित, अनाथ, असहायलाई पनि आफ्नो स्थानबाट सक्दो सहयोग गरेकै छु भनी बताए (शोध नायकबाट प्राप्त जानकारी) । मूलतः साहित्य सिर्जनाका माध्यमबाट पनि उनी समाज सेवामा तत्पर देखिन्छन् ।

### ३.२.५ जीवनी व्यक्तित्व र साहित्यिक लेखनकाबीच अन्तरसम्बन्ध

प्रभात सापकोटाले आफ्नो ६१ वर्षे लामो जीवनकालमा समाज तथा राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश, जीवन, घटना जस्ता विविध पक्षहरु भोग्दै आएको पाइन्छ । हालसम्मको जीवन भोगाइका क्रममा उनले विविध अफठ्यारा समस्या, अभाव, पीडा, दुःख, कष्ट, द्वन्द्व, विकृति, विसङ्गति, आशा-निराशा, प्रेम-मिलन, विछोड, वेदना, आरोह-अवरोह, घातप्रतिघात तथा जीवनका विविध मोडहरुलाई नजिकबाट नियाल्ने अवसर पाएका छन् । बाल्यकालदेखि हालसम्मका जीवन भोगाइका अनुभवले उनलाई रचनात्मक रुपमा उनको साहित्यिक व्यक्तित्वलाई मार्गनिर्देशन गर्ने काम गरेको छ । यिनको जीवनशैलीले निर्माण गरेको सार्वजनिक ज्ञान र पठन पाठनका क्रममा प्राप्त भएका अनुभूतिगत यथार्थ ज्ञानले उनको साहित्य लेखनलाई सघाएको छ । त्यसैले पनि उनमा अध्ययन, बाल्यकाल, जागिरे जीवन र साहित्य लेखनका बीचमा सामञ्जस्य हुन पुगेको छ । यही अन्तरसम्बन्धका कारण नै उनका यी साहित्यिक कृतिहरुको रचना हुन पुग्यो र आगामी दिनमा पनि अन्य साहित्यिक कृतिको रचना हुनेछन् । त्यसको उपयोग तथा अध्ययन गर्न पाइनेछ भनी अनुमान लगाउन सकिन्छ । उदार भावना एवम् सहृदयी, यथार्थ साहित्यकार तथा लेखक प्रभात सापकोटाको साहित्य लेखनको प्रेरणा, प्रभाव र मार्गदर्शन नै उनले भोगेको देखेको यथार्थ जीवन हो (शोध नायकबाट प्राप्त जानकारी) । जे होस् प्रभात सापकोटाको जीवनी, व्यक्तित्व र कृतित्वका बीच गहिरो अन्तरसम्बन्ध रहेको देखिन्छ ।

### ३.४ निष्कर्ष

बहुमुखी प्रतिभाका धनी प्रभात सापकोटाका विविध पाटा रहेका छन् । तापनि साहित्यिक व्यक्तित्वतर्फ कवि व्यक्तित्वका रुपमा र साहित्येतर व्यक्तित्वतर्फ अध्यापक व्यक्तित्वका रुपमा बढी परिचित छन् । कविता विधा मार्फत साहित्यको दैलो उघारेका

सापकोटा कविता, जीवनी लेखन, निबन्ध लेखन, नाटक लेखन, समीक्षा लेखन, समालोचना जस्ता विधामा कलम चलाएर  साहित्यिक व्यक्तित्वको परिचयलाई उभो उठाएका छन् भने अध्यापक व्यक्तित्व, अनुसन्धाता व्यक्तित्व, मिहेनती व्यक्तित्व, कल्पनाशील व्यक्तित्व, सम्पादक व्यक्तित्व तथा समाजसेवी व्यक्तित्व मार्फत साहित्येतर व्यक्तित्वलाई चुलाएका छन् । ५ फिट २ इन्च उचाई र ५८ के.जी. वजनका सापकोटा मध्यम खालको शारीरिक व्यक्तित्व र मिहेनती, इमानदारी र सहयोगी भावनाका रुपमा लिन सकिन्छ ।

## परिच्छेद चार

# प्रभात सापकोटाको कृतित्व

### ४.१ विषय परिचय

प्रस्तुत परिच्छेदमा प्रभात सापकोटाको साहित्य लेखन यात्रा वा चरण विभाजन र उनका साहित्यिक कृतिको विश्लेषण गरिएको छ । उनका कविता, समीक्षा, समालोचना, जीवनीहरुमध्ये कविताको विधातत्त्वका आधारमा विश्लेषण गरिएको छ भने समीक्षा समालोचना र जीवनीको सामान्य चर्चा गरिएको छ ।

### ४.२ प्रभात सापकोटाको लेखन यात्रा

प्रभात सापकोटाको साहित्य लेखन आरम्भ विद्यार्थी कालदेखि नै भएको मानिन्छ । सार्वजनिक रुपमा भने उनी वि.सं. २०३३ सालमा प्रकाशित **किसान** कविताबाट देखा परेका हुन् । यो कविता उन्नतिमार्ग अर्धवार्षिक पत्रिकामा प्रकाशित भएको हो । त्यसपछि पनि उनले विभिन्न कविता, नाटक, कथा, निबन्धको रचना गरेका छन् तर ती प्राप्त छैनन् । त्यसपछि वि.सं. २०५१ सालमा संयुक्त लेखनका रुपमा **आकुञ्चन** कविता सङ्ग्रह प्रकाशित भएको हो । यसरी पुस्तकाकार कृतिको प्रकाशन गर्न थालेका सापकोटामा साहित्य लेखनमा द्रुततर वृद्धि हुन गएको देखिन्छ । त्यसपछि **किनारा-वारिपारि** (कविता सङ्ग्रह, २०५३), **प्राचीन शहर टोखा** (सम्पादन २०५६), **विश्वप्रसिद्ध ३५ वैज्ञानिक** (जीवनी, २०६२), **यो मृत्युराष्ट्र होइन** (कविता सङ्ग्रह, २०६३), **विश्वप्रसिद्ध ३५ साहित्यकार** (जीवनी, २०६४), **विश्वप्रसिद्ध ३५ दार्शनिक** (जीवनी, २०६४) **३५ भाषा ३५ प्रतिभा** (जीवनी, २०६६), **विज्ञान र प्रविधिका सारथि** (जीवनी, २०६६), **तीनचुली तेह्रसागर** (जीवनी, २०६८) **वन** (बालकविता २०६७), **अभियानका शब्द सारथि** ( जीवनी २०६८), **पानी** (बालकविता, २०६६), **सहर** (बालकविता, २०६८), **नेपाली बालनाटकको ऐतिहासिक अध्ययन** (समीक्षा २०६८), **जल** (बालकविता, २०६८), **माटो** ( बालकविता, २०६८) **महको भकारी** (बालकविता, २०७०) जस्ता पुस्तकाकार कृतिहरुको

प्रकाशन भएको देखिन्छ । यसरी विविध विधाका विविध कृतिको रचनाकासाथ साहित्यमा लागी परेका छन् ।

### ४.३ चरण विभाजन

नेपाली साहित्यका विविध विधामा कमल चलाएर साहित्यिक व्यक्तित्व उचो बनाएका सापकोटाले वि.सं. २०३३ सालदेखि साहित्यमा प्रवेश  गरेको देखिन्छ । यसरी वि.सं. २०३३ देखि आजसम्मको समयलाई विभिन्न चरणका रुपमा विभाजन गरिएको छ ।

#### ४.३.१ विभाजनका आधार

कुनै पनि साहित्यकारको यात्रा चरण विभाजन गर्दा कुनै न कुनै आधारलाई आत्मसात गरिएको हुन्छ । कसैले यात्रा विभाजन गर्दा उसका कृतिगत प्रवृत्तिलाई आधार मानेका हुन्छन् त कसैले कृति प्रकाशन समयका आधारमा पनि यात्रा निरुपण गर्ने गरेको देखिन्छ (बराल, २०६३ : ९२) । प्रभात सापकोटा एक सामाजिक यथार्थवादी साहित्यकार हुन् । उनको साहित्य लेखन वि.सं. २०३३ सालदेखि आजसम्म निरन्तर चलिरहेको छ । उनका यस समयमा प्रकाशित कृतिहरुमा सामाजिक यथार्थ, विकृति विसङ्गतिप्रतिको व्यङ्ग्य भावलाई आधार बनाइएको छ । प्रभात सापकोटाको साहित्य लेखन यात्राको चरण विभाजनमा एउटै मात्र आधार नभएर माथि उल्लिखित दुबै आधारलाई समावेश गरिएको छ ।

यस आधारमा प्रभात सापकोटाको साहित्य लेखनको समय वि.सं. २०३३ देखि २०७० सम्मको समयावधिलाई निम्न तिन चरणमा विभाजन गरेर  अध्ययन  गर्न सकिन्छ :

(१) पहिलो चरण (२०३३-२०५०)

(२) दोस्रो चरण (२०५१-२०६६)

(३) तेस्रो चरण (२०६७-२०७०)

### ४.३.१.१ पहिलो चरण (वि.सं.२०३३-२०५०)

प्रभात सापकोटाको साहित्य लेखनको पहिलो चरणका रुपमा वि.सं. २०३३ देखि वि.सं. २०५० सम्मको समयावधिलाई लिन सकिन्छ । उनको साहित्य लेखनको थालनी कविता विधाबाट भएको हो । विद्यार्थीकालदेखि नै साहित्य लेखनका आकर्षित भएका सापकोटा वि.सं. २०३३ सालमा उन्नतिमार्ग अर्धवार्षिक पत्रिकामा प्रकाशित **किसान** कविताको प्रकाशनसँगै सार्वजनिक रुपमा देखिएका हुन् । यस चरणमा उनका फुटकर कृतिहरु मात्र प्रकाशित छन् । यस चरणमा लेखिएका कृतिहरु अप्राप्य रहेका छन् । लेखन यात्राको प्रारम्भ खण्डमा देखिएको यस चरणलाई प्रारम्भिक चरणका रुपमा लिन सकिन्छ । यसलाई पृष्ठभूमि काल पनि भन्न सकिन्छ ।

### ४.३.१.२ दोस्रो चरण (वि.सं. २०५१-२०६६)

प्रभात सापकोटाको साहित्य लेखन यात्राको दोस्रो चरणका रुपमा वि.सं. २०५१ देखि २०६६ साल सम्मको समयावधिलाई लिन सकिन्छ । पहिलो चरणमा फुटकर कृतिको रचनामा सीमित रहेको उनको यात्रा यस चरणमा पुस्तकाकार कृतिको रचनामा परिणत भएको पाइन्छ । दोस्रो चरण उनको साहित्य लेखन यात्राको उर्वर समयका रुपमा रहेको छ । यस चरणमा प्रकाशित भएका उनका कृतिहरु बौद्धिक, चेतनशील र मार्मिक रहेका छन् । यस चरणको सुरुवात वि.सं. २०५१ सालमा प्रकाशित **आकुञ्चन** कवितासङ्ग्रहबाट भएको हो । यस चरणका उनका अन्य कृतिहरुमा **किनारावारिपारि** (२०५३) , **प्राचीन शहर टोखा** (२०५६), **विश्वप्रसिद्ध ३५ वैज्ञानिक** (२०६२), **विश्वप्रसिद्ध ३५ साहित्यकार** (२०६४), **विश्वप्रसिद्ध ३५ दार्शनिक** ( २०६४) **यो मृत्युराष्ट्र होइन** (२०६३), **३५ भाषा ३५ प्रतिभा** (२०६६), **विज्ञान र प्रविधिका सारथि** (२०६६) जस्ता कृतिहरु रहेका छन् । गुणात्मक तथा परिमाणात्मक रुपमा सशक्त रहेको यस चरणका कृतिहरुमा उच्च बौद्धिकता, विसङ्गतिप्रतिको व्यङ्ग्यभाव जस्ता प्रवृत्तिको चित्रण पाइन्छ । साहित्यिक कृतिभन्दा साहित्येतर कृति बढी भएको यस चरण उनको लेखन यात्राको उर्वर चरणका रुपमा लिन सकिन्छ । यसै चरणमा प्रकाशित कृतिहरुले नै अध्यापन गरिरहेका शिक्षक प्रभात सापकोटालाई

साहित्यकार प्रभात सापकोटाको पगरी गुथाउन सफल भएको छ । उनी साहित्यको फाँटमा मौलाउने कारकका रुपमा यस चरणमा प्रकाशित कृतिहरुको ठूलो हात रहेको छ ।

यस चरणका उनका प्रतिनिधि कृतिका रुपमा **आकुञ्चन, किनारावारिपारि, यो मृत्युराष्ट्र होइन** जस्ता कविता सङ्ग्रह रहेका छन् । आकुञ्चनमा सङ्गृहीत *लालपूर्जा ख्वै, खुइलिएको इतिहास, बीसौं शदीको मान्छे,, आमाको बिहे* जस्ता कवितामा उच्च सांस्कृतिक चेत, विसङ्गतिप्रतिको व्यङ्ग्यवाण प्रकट भएको छ । त्यस्तै **किनारावारिपारि**मा सङ्ग्रहित *प्रयोग, सामाखुसी, बुधराम* र *उसको गाउँ* जस्ता कवितामा तीब्र व्यङ्ग्य, विरोध गरिएको पाइन्छ । त्यसैले प्रभात सापकोटाको दोस्रो चरणमा सामाजिक यथार्थ जीवन भोगाइप्रतिको अनुभवको प्रस्तुति र विकृति विसङ्गतिप्रतिको व्यङ्ग्य भाव देख्न सकिन्छ ।

### ४.३.१.३ तेस्रो चरण (२०६७ -यता)

प्रभात सापकोटा साहित्यलेखन यात्राको तेस्रो चरणका रुपमा वि.सं. २०६७ सालदेखि यताको समयलाई लिन सकिन्छ । यो चरण प्रभात सापकोटाको साहित्य लेखनको क्षीण समयका रुपमा लिन सकिन्छ । दोस्रो चरणमा थुप्रै बौद्धिक दार्शनिक कृतिको प्रकाशन गरेका सापकोटाले यस चरणमा खासै उल्लेख्य कृतिको रचना गरेको पाइँदैन । यस चरणमा उनका **अभियानका शब्द सारथि** (२०६८), **नेपाली बालनाटकको ऐतिहासिक अध्ययन** (२०६८), **महको भकारी** (२०७०), **जल** (२०६८), **पानी** (२०६६), **वन** (२०६७), **सहर** (२०६८), **टोखाका चाडपर्व र संस्कृति** (२०६९) जस्ता पुस्तकहरु प्रकाशित छन् । यस चरणमा उनका गुणात्मकभन्दा परिमाणात्मक कृतिको बोलवाला रहेको छ । परिमाणात्मक रुपमा प्रशस्त पुस्तकको प्रकाशन भए तापनि गुणात्मकताका दृष्टिले यस चरणका कृतिहरु त्यही सशक्त देखिँदैनन् । उनको यस चरणको उल्लेख्य कृति भनेको **अभियानका शब्द सारथि** नै हो । यो कृति उनको लेखन तथा सम्पादित कृति हो । यस कृतिभित्र प्रभात सापकोटाले रु. १ को अभियान पुरस्कारद्वारा सम्मानित चार प्रतिभाका रुपमा कवि दुर्गालाल श्रेष्ठ, बालसाहित्यकार शान्तदास मानन्धर,

आख्यानकार खगेन्द्र संग्रौला र निबन्धकार आनन्ददेव भट्ट जस्ता साहित्यकारको बारेमा लेखिएको छ । यस भित्र चारैजना साहित्यकारका बारेमा विद्वानहरुको मत, उनीहरुको परिचय र उनीहरुद्वारा लिखित साहित्यिक कृतिहरुको सामान्य विश्लेषण गरिएको छ । त्यसपछि उनको यस चरणको अर्को उल्लेख्य कृति भनेको **टोखाका चाडपर्व र संस्कृति** हो । यसमा टोखामा मनाइने चाड पर्व र त्यहाँ रहेका विभिन्न संस्कृतिहरुको चित्रण गरिएको छ । यो पनि उनको सम्पादित कृति नै हो भने यस चरणका अन्य कृतिहरुमा बालकविता रहेका छन् । भर्खरै बाह्रखरी सिक्दै गरेका बच्चाका लागि तयार पारिएका यी कृतिहरुमा सामान्य भाषाशैली सामान्य शब्दको र रङ्गिन चित्रहरुको प्रस्तुति गरिएको छ । यस चरणमा उनका खासै उल्लेख्य प्रवृत्ति देखिदैन । दोस्रो चरणका तुलनामा यो चरण उनको शिथिलताको चरणका रुपमा लिन सकिन्छ ।

### ४.४ प्रभात सापकोटाका कृतिहरुको विश्लेषण

प्रभात सापकोटाले नेपाली साहित्यमा कविता, जीवनी, समालोचना, समीक्षा र इतिहास जस्ता कृतिहरुको लेखन तथा सम्पादन गरेका छन् । उनका तिनवटा कविता सङ्ग्रह (दुईवटा सहलेखन र एउटा एकल लेखन), छ वटा बालकविता, ८ वटा जीवनीमूलक कृति र २ वटा सम्पादित कृतिलाई पुस्तकाकार आकार दिन सफल भएका छन् । फुटकर रुपमा एक दुई वटा समालोचना पनि रहेका छन् । यीमध्ये उनका तिनवटा कविता सङ्ग्रहको समग्र रुपमा विधातात्त्विक विश्लेषण गरिएको छ भने अन्य कृतिहरुको सामान्य रुपमा परिचयात्मक रुपमा अध्ययन तथा विश्लेषण गरिएको छ ।

#### ४.४.१ आकुञ्चन कविता सङ्ग्रहको विश्लेषण

**आकुञ्चन** कविता सङ्ग्रह (२०५१) आकुञ्चन प्रकाशन प्रा.लि. बाट बजारमा सार्वजनिक भएको हो । १६ वटा कविताहरुको संगालोका रुपमा प्रकाशित यो कृति बाबुराम शर्मा “हेमन्त”, जगत उपाध्याय “प्रेक्षित”, ईश्वरी शर्मा र प्रभात सापकोटाको सहलेखनमा प्रकाशित भएको हो । १६ वटा कवितामध्ये प्रत्येक लेखकका चार चारवटा

कविता यस सङ्ग्रहमा अनुबन्धित भएका छन् । जसमध्ये यस उपशीर्षकमा प्रभात सापकोटाका चारवटा कविताहरुको विश्लेषण गरिएको छ ।

### ४.४.१.१ संरचनाका आधारमा आकुञ्चन कवितासङ्ग्रहको अध्ययन

**आकुञ्चन** (२०५१) कवितासङ्ग्रह प्रभात सापकोटा लगायतका चार जना लेखकका चार चारवटा कविताको सङ्ग्रह हो । यस सङ्ग्रहमा सामाजिक विकृति, विसङ्गतिको विरोध गरेर कविता लेखिएका छन् । गद्य शैलीमा लेखिएका यस कविता सङ्ग्रहका १६ वटा कवितामध्ये प्रभात सापकोटाका *लालपूर्जा ख्वै, बीसौं शदीको मान्छे, आमाको बिहे र खुइलिएको इतिहास* जस्ता कविता रहेका छन् । छोटो आयाममा रचिएका उनका यी कृतिहरुमध्ये *लालपूर्जा ख्वै* नामक कविता पुगनपुग एक पृष्ठ, *बीसौं शताब्दीको मान्छे* नामक कविता एक पृष्ठ, *आमाको बिहे* सवा एक पृष्ठ र *खुइलिएको इतिहास* एक पृष्ठको रहेको छ । कूल ३२ पृष्ठमध्ये अगाडिका ६ पृष्ठ भित्री कभर, 'आकुञ्चनको आकुञ्चन' नामक मधुसूधन गिरीको लेख र विषयसूची समाहित रहेको छ । २५ पृष्ठमा कविताहरु समाहित छन् । यीमध्ये पनि ५ पृष्ठमा प्रभात सापकोटाका कविता, ४ पृष्ठमा ईश्वरी शर्माका कविता, ८ पृष्ठमा जगत उपाध्याय प्रेक्षितका कविता र ८ पृष्ठमा बाबुराम शर्मा हेमन्तका कविता समाहित छन् भने अन्तिम पृष्ठमा चारै जना लेखकको सङ्क्षिप्त परिचय दिइएको छ । प्रभात सापकोटाका कवितामा रचना समय उल्लेख नभए तापनि वि.सं. २०४८ देखि ५१ का बीचका हुन् भन्ने अनुमान लगाउन सकिन्छ । युगीन विसङ्गतिलाई मूल स्वर बनाउदै सामाजिक विसङ्गतिभित्र श्रमको मूल्यहीनता र अझै वाच्यार्थमा नेपाली भूमि व्यवस्थाको विकृति र लक्ष्यार्थमा नेपाल र नेपालीत्वमाथिको आक्रमणलाई झुल्काउने उनका कविताहरु सशक्त छन् ।

### ४.४.१.२ विषयवस्तुका आधारमा आकुञ्चन कविता सङ्ग्रहको अध्ययन

विषयवस्तु कवितामा भावाभिव्यक्ति गर्ने मुख्य तत्त्व हो । कविताको विषयवस्तुका रुपमा कविको अनुभूति आएको हुन्छ र कवि त्यो अनुभूति कवितामा कुनै न कुनै विषय वा विचारसँग सम्बद्ध भएर आएको हुन्छ । कविले कुनै न कुनै विषयमा

विचारलाई अनुभूति तुल्याएर कविताको रचना गरेको हुन्छ (लुइटेल, २०४६ : ११६) प्रभात सापकोटाले यस सङ्ग्रहका कवितामा सामाजिक विकृति, विसङ्गतिको भन्डाफोर गर्दै श्रमको मूल्यहीनता जस्ता विषयलाई प्रस्तुत गरेका छन् । *लालपूर्जा ख्वै* कवितामा मरी मरी काम गर्ने मान्छेको नाममा खेतको लालपूर्जा हुनुपर्ने भाव व्यक्त गरिएको छ ।

मातृस्नेहको डोरीले बाँधेर
सुत्केरी आइमाई र केटाकेटी मात्र होइन,
मर्न बिर्सेका बूढाबूढी समेत जोतिएर
जोगाएको खेतको लालपूर्जा ख्वै ? (पृ. : २१) ।

त्यस्तै *बीसौं शदीको मान्छे* कवितामा बीसौं शदीका निर्दयी मान्छेप्रति व्यङ्ग्यभाव प्रस्तुत गरिएको छ ।

म मान्छे हो कि होइन
आफैलाई शंका लाग्छ
त्यसमा पनि बीसौं शताब्दीको भन्न
अत्यन्त लाज लाग्छ !! (पृ. २२) ।

त्यस्तै *आमाको बिहे* कवितामा परम्परित समाजप्रतिको व्यङ्ग्यभाव प्रस्तुत गर्दै त्यस विकृतिको अन्त्य गर्ने चाहना रहेको छ ।

विना चुराकी नारी
अनि सिउँदो बाँझिएकी
मेरी आमा !
म बिहे गर्छु
अतीतको सतित्व तिम्रो
जोगाएथ्यो पृथ्वीले
अलच्छिनी कुलङ्गार भन्दै
चील नङ्ग्रा अनि बाघ पञ्जाले......(पृ. २३) ।

*खुइलिएको इतिहास* कवितामा इतिहासका घटना र ती घटनाका नाइकेहरुप्रतिको व्यङ्ग्य प्रस्तुत गरिएको छ ।

गनी नभ्याइने
सगरमाथा उठाउने मेरो गाउँमा
दाजुका छाती नापेर चित्त नबुझेपछि
सभ्यताको पाठ पढाउनेहरु

अझै भाइको छाती नापेर जोख्तै छन् .........(पृ. २५) ।

## ४.४.१.३ बिम्ब, प्रतीक प्रयोगका आधारमा आकुञ्चन कविता सङ्ग्रहको अध्ययन

आकुञ्चन कविता सङ्ग्रहका कवितामा प्रभात सापकोटाले बिम्ब, प्रतीकको प्रयोग गर्दै कवितालाई प्रभावकारी र रोचकीय बनाएका छन् । यस कविता सङ्ग्रहका कवितामा प्रयुक्त बिम्ब, प्रतीकलाई सामान्य उल्लेख गरिएको छ ।

### क) बिम्ब प्रयोग

बिम्ब कविताको एउटा प्रमुख तत्त्व हो । जसले कवितालाई स्तरीकरणतिर डोऱ्याएको हुन्छ । बिम्ब कविताका संरचना वा बनोटका तहमा प्रयुक्त हुने कविताको एउटा महत्वपूर्ण लघु घटक हो (भट्टराई, २०७० : ४३) । बिम्बको प्रयोग कविता आस्वादनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । बिम्ब कविको कल्पना मात्र नभएर पाठकका अनुभूतिको व्यञ्जन पनि हो (भेटवाल, २०६९ : ७४) । प्रभात सापकोटाका यस सङ्ग्रहमा समाविष्ट कविताहरुमा दृश्य बिम्ब, स्पर्श बिम्ब, आस्वाद्य बिम्ब जस्ता बिम्बहरुको प्रयोग पाइन्छ :

म घुस खाएको सुन्ने मात्र होइन<br>
मान्छे मारेको पनि हेरिरहन्छु......(दृश्य, पृ.२२)

मेरो मगजलाई सुर्ताले छुँदैन<br>
आँखा छउन्जेल टुल्टुल्ती हेरिदिन्छु......(दृश्य, पृ.२२)

प्रस्तुत बिम्बले घुस दिने र घुस खाने कर्मचारी र त्यसका बीचका ती क्रियाकलाप हेरेर बस्ने कर्मचारीलाई जनाएको छ ।

हिङ्को टालोमा रहेको<br>
एक पित्को ह्याउ पनि<br>
प्याल्प्याल्ती पगालेर<br>
हेर्दैछन् एक थरी निर्निमेष ट्वाँ......(दृश्य,पृ.२३)

प्रस्तुत बिम्बमा आफूमा भएको शक्ति पनि हुत्याएर अरुको आशामा बस्नुपर्ने नेपाली जनताको बाध्यात्मक परिस्थितिको चित्रण गरिएको छ ।

बिलाइसकेका  स्याबासीहरु

युगौं निथ्रिन नसक्ने धारेहातका हेर्दा दुत्कारहरु (दृश्य, पृ. २५)

मेरो मगज भने बुख्याँचाको जस्तो छ
बतास आए  हल्लिदिन्छु
पानी परे निथ्रुक्क भिजिदिन्छु......(स्पर्श, पृ. २२)
यसले परजीवी सरह जीवन जीउन बाध्य नेपालीको चित्रण गरेको छ ।

निष्क्रमण अगन्तव्यका गाँठाहरु
उम्रिन नसकेका घाउका पाप्राहरु छाम्दै
बिलाई सकेका स्याबासीहरु...........(स्पर्श, पृ. २५) ।

अनि आशा चुँडिएको मथिङ्गल बोकेर
शून्यको गर्वरसको तातो झोल पिउँदै.......(स्वाद्य, पृ. २५) ।

वीर गोर्खालीको अस्तित्व बिस्तारै सेलाउँदै गएको र त्यो घाउको प्राप्राझैं बन्दै गएको प्रसङ्गका रुपमा लिइएको छ । यसरी विभिन्न बिम्बका माध्यमले प्रभात सापकोटाका कविता आस्वाद्य र बिम्बात्मक बन्न पुगेको देखिन्छ ।

**(ख) प्रतीक प्रयोग**

प्रतीक प्रयोग कविताको एक महत्त्वपूर्ण तत्त्व हो । कुनै पनि कुरालाई सोझै नभनेर त्यसलाई घुमाउरो पाराले भन्नु नै प्रतीक हो । साहित्यमा कुनै वस्तु वा घटनालाई साङ्केतित गर्ने शब्द वा पद समूहका लागि मात्र प्रतीक शब्दको प्रयोग गरिन्छ र यसले एक वा अनेक वस्तुलाई सङ्केत गर्दछ (भेटवाल, २०६९ : ७८) । काव्य वा कवितामा अभिधार्थ वा वाच्यार्थ भन्दा पर लक्ष्यार्थ वा व्यङ्ग्यार्थलाई प्रस्तुत गर्ने प्रक्रियालाई रचनाकारले सोझै नभनी घुमाउरो पाराले अभिव्यक्ति प्रस्तुत गरेको हुन्छ  ।

प्रभात सापकोटाले यस कविता सङ्ग्रहका यी चारवटा कवितामा पनि ठाउँ ठाउँमा प्रतीक प्रयोगले भावाभिव्यक्तिलाई सशक्त  बनाएका छन् । उनको *लालपूर्जा* ख्वै कवितामा सामन्ती शोषकका शासनलाई रगतले लिपेर लगाएका पर्खालको

प्रतीकका रुपमा लिएका छन् । त्यस्तै *आमाको बिहे* कवितामा परम्परावादी अन्धविश्वासमा जकडिएको सामन्ती शासनलाई चीलका नङ्ग्रा र बाघका पञ्जाका रुपमा लिएका छन् । त्यसैगरी *खुइलिएको इतिहास* कवितामा मानवले भोग्दै आएको इतिहासलाई गर्व रसको तातो झोल र मान्छेका दुःख पीडा वेदनालाई उम्किन नसकेका घाउका प्राप्राका रुपमा लिएका छन् । यसरी प्रभात सापकोटाले आफ्ना कवितामा विभिन्न किसिमका बिम्ब प्रतीकको प्रयोग गरेर कवितालाई सशक्त बनाएका छन् ।

### ४.४.१.४ भाषाशैलीका आधारमा आकुञ्चन कविता सङ्ग्रहको अध्ययन

भाव अभिव्यक्तिको माध्यम भाषा हो । भाषालाई प्रस्तुत गर्ने तरिका शैली हो । आफूमा निहीत अर्न्तभावलाई प्रकाशन गर्ने सन्दर्भमा कविले भाषालाई साधन बनाउँछ (पौडेल, २०६३ : ७७) । अन्य साहित्यिक विधाको भाषाभन्दा कविताको भाषा नितान्त भिन्न हुन्छ । कथा, उपन्यास, नाटक लगायतका साहित्यिक विधाका तुलनामा कविताको भाषा आलङ्कारिक हुन्छ । कविताको भाषा गद्यात्मक, पद्यात्मक दुबै हुन्छ । गद्यमा सामान्य वा सोझो अभिव्यक्ति र व्याकरण सम्मत विचलनयुक्त भाषिक प्रयोग हुन्छ (भट्टराई, २०७० : ४८) । प्रभात सापकोटाका प्रस्तुत कविता सङ्ग्रहका कविता गद्यात्मक रहेका छन् । सरल, सहज भाषा र बिम्ब प्रतीकको प्रयोगले आलङ्कारिक शैलीको प्रयोग देख्न सकिन्छ । छोटा छोटा कविता भए तापनि भावगत वैविध्यताका कारण उनका कविताहरु सशक्त मानिन्छन् । प्रतीक तथा बिम्बको प्रयोगले भाषा केही क्लिष्ट बन्न पुगेको छ तर सामान्यतया भाषा सरल, सरस र सहज छ । विभिन्न प्रतीकका माध्यमबाट सर्वसाधारण पाठकलाई अर्थ्याउन अलि गाह्रो देखिए तापनि समग्रमा भाषाशैली सरल छ ।

### ४.४.२ किनारवारिपारि कविता सङ्ग्रहको विश्लेषण अध्ययन

**किनारवारिपारि** कविता सङ्ग्रह (२०५३) गंगादेवी सापकोटाद्वारा प्रकाशित कृति हो । १६ वटा कविताहरुको सँगालोका रुपमा प्रकाशित यो कृति ईश्वरी शर्मा र प्रभात सापकोटाको सह लेखनमा प्रकाशित भएको हो । किनारवारि र किनारपारि

जस्ता दुई  छुट्टा छुट्टै  भागमा विभाजित गरिएको यस कृतिमा किनारवारि भाग अन्तर्गत ईश्वरी शर्माद्वारा लिखित ८ वटा कविता र किनारपारि भाग अन्तर्गत प्रभात सापकोटाद्वारा लिखित ८ वटा  कविता सङ्ग्रहित छन् । जसमध्ये प्रभात सापकोटाका नामका किनारपारि भाग अन्तर्गतका ८ वटा कविताको अध्ययन विश्लेषण गरिएको छ ।

### ४.४.२.१ संरचनाका आधारमा किनारवारिपारि कविता सङ्ग्रहको अध्ययन

**किनारवारिपारि** (२०५३) कविता सङ्ग्रह प्रभात सापकोटा र ईश्वरी शर्माको सहलेखनका रुपमा आठ आठ वटा कविताहरुको सङ्ग्रह हो । सामाजिक विकृति, विसङ्गतिप्रतिको व्यङ्ग्य र सामन्ती शासनका बेला नेपाली जनताको स्थितिको चित्रण उनका यस सङ्ग्रह भित्रका कवितामा पाउन सकिन्छ । गद्यशैलीमा लेखिएका यस कविता सङ्ग्रहका १६ वटा कवितामध्ये प्रभात सापकोटाका किनारपारि भागमा *प्रयोग, सामाखुसी, बुधराम र उसको गाउँ, हत्या, फुटेको ईश्वर, केशरिया, अन्तर-आवाज र सूचना*  गरी ८ कविता रहेका छन्  । उनका यी आठवटा कविताहरुले दुई दुई पेज ओगटेका छन् । कूल ३४ पृष्ठमा विस्तारित प्रस्तुत कविता सङ्ग्रह अगाडिका ४ पृष्ठ मुख पृष्ठ, प्रारम्भिक भाग, दुई 'लेखकका मनमा लागेका कुरा' नामक सङ्क्षिप्त लेख र विषय सूचीले ओगटेको छ । त्यस्तै १ देखि १६ पृष्ठसम्म ईश्वरी शर्माका ८ वटा कविता अनुबन्धित छन् भने १९ देखि ३४ सम्म प्रभात सापकोटाका कविताले ओगटेका छन् । उनका यी कृतिमा रचना समय उल्लेख नभएका कारण यी कृतिहरु २०५१ देखि २०५३ सम्ममा लेखेका हुन् भनी अनुमान लगाउन सकिन्छ । युगीन विकृति र विसङ्गतिलाई मूल स्वर बनाउँदै सामाजिक विसङ्गतिभित्र सर्वसाधारण नेपाली जनताको यथार्थ चित्रण गरेर लेखिएका सापकोटाका कृतिहरु सशक्त छन् ।

### ४.४.२.२ विषयवस्तुका आधारमा किनारवारिपारि कविता सङ्ग्रहको अध्ययन

प्रभात सापकोटाका यस सङ्ग्रहका कवितामा नेपाली जनताले भोग्नु परेका पीडा, देशको हर्कत, गरिबीको पीडा जस्ता विषयलाई प्रस्तुत गरिएको छ । प्रयोग कवितामा म म भएर जिउन नपाएको र कसैका लागि प्रयोग गर्ने सामान भएर

बाँचिदिएको म को कुनै अस्तित्व नभएको भन्ने विषयलाई व्यङ्ग्यात्मक रुपमा प्रयोग गरिएको छ ।

मत बाँच्ने नाममा
अरुलाई खुसी राख्न
कसैको प्रयोग पो रहेछु
बाँच्न चाहेर होइन
परीक्षणको लागि जिएको रहेछु ।

*सामाखुसी* कवितामा सामाखुसीलाई एउटी सुत्केरी आइमाईको संज्ञा दिदै उनले भोगेको पीडा र उनलाई दिइएको यातना र उनीप्रति गरिएको कुव्यवहारलाई प्रस्तुत गरिएको छ । अनेकौं यातना सहेर दिनदहाडै नाङ्गै तल विष्णुमतीसम्मको यात्रा गर्नु परेको भाव व्यक्त गरिएको छ । यहाँ सामाखुसी र विष्णुमतीका माध्यमबाट नेपाली शहरीया जीवनमाथि व्यङ्ग्य गर्न खोजिएको छ । त्यस्तै *बुधराम र उसको गाउँ* कवितामा गाउँको अस्तित्व र महत्त्वको परिभाषा, अर्थ खोज्न गएको बुधराम शहर पसेपछि गाउँको माया मारेको, गाउँका भीर, पाखा, खाल्डो सबैले बुधरामको बाटो हेरिरहेको तर बुधराम नफर्केको, त्यही माटोमा सुक्सुकाएर फुलेको, त्यही माटो फुलाएर पाकेको बुधराम गाउँ छाडेपछि त्यो गाउँ एक्लै भएर बिलौना गरेको भाव प्रस्तुत छ । कविले बुधरामका माध्यमबाट जन्मभूमिलाई छाडेर शहर पस्ने शहरीयाहरुप्रतिको व्यङ्ग्यभाव प्रस्तुत गरेका छन् ।

*हत्या* कवितामा आजका मान्छेहरुले भोगेको यथार्थ जीवनको चित्रण गर्दै हत्याको हाँडीमा अजस्र वीजशक्ति भटमासलाई कप्टेराले खेलाई खेलाई हुने मकैको हत्या जस्तो हत्या भोग्न विवश सर्वसाधारण जनताको अवस्था र परिस्थितिको चित्रण पाइन्छ । त्यसरी गरिएको छटपटिँदो हत्याको दृश्य रमाइलो मान्दै पाक्ने बेलाको भातको जस्तो उफ्राइ, विना इच्छा मर्नु पर्ने नेपालीको वाध्यता र विवशतालाई यस कवितामा उल्लेख गरिएको छ । वि.सं. २०५१/५२ तिरको नेपालीका जनजीवनको चित्रण प्रस्तुत कवितामा गरिएको छ । *फुटेको ईश्वर*मा आजभोलि ईश्वरको अस्मिता अस्तित्व हराएको ऊ पनि निरीह र कमजोर भएको, उनका भक्त भनाउँदाहरुका पैतालाद्वारा कुल्चिनु परेको र कुपोषणका सुकम्बासीहरुसँग अवैध बसाइको माला

लगाउनु परेको भन्दै ईश्वरको पीडाप्रति चिन्ता व्यक्त गरिएको छ । *अन्तर-आवाज* कवितामा धर्तीको पीडा व्यथाको चित्रण गरिएको छ । खुला आकाशको वर्षा, मौरीको सङ्गीत, वनस्पतिको वन्धुत्व र सूर्यको किरण सपनासरी भएको भाव व्यक्त गरिएको छ भने सूचना कवितामा कविले एउटा रोग, भोग र भाग्य बोकेर हिँडेको संहारसँगै निर्माण बोकेर हिँडेको, कहिल्यै निको नहुने म दीर्घ रोग लागेको भन्दै मानवमा मानवता हराएर अहंकार र घमण्ड बढेको भन्दै त्यो रोग भयानक हुने भाव प्रस्तुत गरिएको छ । यसरी विभिन्न व्यञ्जनात्मक र व्यङ्ग्यात्मक प्रसङ्गका माध्यमबाट नेपाली जनता र नेपाली जनताले भोग्नुपरेका पीडा व्यथाको चित्रण गर्दै त्यसको शीघ्र अन्त्यको चाहना गरिएको भावले गर्दा उनका कविता सशक्त मान्न सकिन्छ ।

### ४.४.२.३ बिम्ब प्रतीक प्रयोगका आधारमा किनारवारिपारि कविता सङ्ग्रहको अध्ययन

प्रभात सापकोटाको **किनारवारिपारि** कविता सङ्ग्रह बिम्ब तथा प्रतीक प्रयोगका दृष्टिकोणले सशक्त मानिन्छ ।

**(क) बिम्ब प्रयोग**

प्रभात सापकोटाका यस सङ्ग्रहका कवितामा श्रव्य बिम्ब, स्वाद्य बिम्ब, स्पर्श बिम्ब र दृश्य बिम्ब तथा अन्य बिम्बहरुको प्रयोग पाइन्छ ।

मेरो नाम सुन्ने बित्तिकै
सडकछाप खतिनी ठानेर
ओठ लेप्याउँछन् ........(श्रव्य, पृ. २१)

यहाँ नेपाली सर्वसाधारणले नेपालीलाई नै हेयको भावले हेर्ने प्रसङ्गको उल्लेख गरिएको छ ।

पसीनाको नुनिलो तिहुन
अनि पोल्टामा एक डल्लो ढिडो हालेर......(स्वाद्य, पृ. २३)
एक्लै एक्लै बुधराम
कोर्दै बाट्दै गर्छ
युगले नछोएको गाउँ...........(स्पर्श, पृ. २५)

यसमा उद्यमी र परिश्रमी व्यक्तिले सुख दुःख पसीनाको नुनिलो सितनका रुपमा जीवन जीउन वाध्य भएको कारुणिक घटनाको चित्रण पाइन्छ ।

अगेनाको भुत्भुते आगोमा
टुसाएका गर्भिणी आलु, विस्तारै  पोलेर
चरालाई गुलेली हान्ने हातले
डढेका पाप्रा उक्काई उक्काईकन.........(स्पर्श, पृ. २५)

यसमा अँगेनाको भुतभुते आगोलाई क्रान्तिको रुपमा लिइएको छ । त्यस्तै टुसाएका गर्भिणी आलु नेपाली जनताका चाहना, मागका रुपमा आएका छन् भने आन्दोलन दबाउन खोज्नेलाई चरालाई गुलेली हान्ने हातका रुपमा लिन सकिन्छ ।

बाल्यावस्थादेखि सधैं  उही
भाँडा, पानी
लिप्नु, पुछ्नु ...........
मालिक मालिक्नीको जिउ मिच्नु
अनि भोक साट्नु.......(स्पर्श, पृ. २९)

कहिले काही आफूलाई ‘नोकर्नी’ भनेको सुन्छे
मालिकको खुसीमा साटिँदा साटिदै
मनमनले ‘म केशरिया हुँ’ भन्छे...........(श्रव्य, पृ. ३०)

प्रस्तुत बिम्बमा मालिक मालिकनीलाई शोषक सामन्तीका रुपमा र नोकर नोकर्नीलाई शोषित पीडितका रुपमा लिइएको छ । त्यस्तै केशरीया अस्तित्वको रक्षाका रुपमा आएको छ ।

खुला आकाशको वर्षा
मौरीको सङ्गीतको स्पर्श
वनस्पतिको बन्धुत्व..............(स्पर्श, पृ. ३१)

महिनौं  दिन पछि पाइने
जाँड गन्हाउने एकतुर्की पानी
र हर क्षण दुर्गन्धित वायु लिएर.........(स्वाद्य, पृ. ३२)

सजीवताको नामको गर्व बोकेर
निर्जीव  बाँचिरहेको छु
आँखाको अँगालोमा
पलापलामा युग तेर्सिएको  हेरेर...............(दृश्य, पृ. ३२)

यसमा जाँड गन्नाउने पानी र दुर्गन्धित वायु प्रदूषित शहरिया जनजीवनका रुपमा आएका छन् । यसरी यस्ता विविध बिम्बहरुको प्रयोगले सापकोटाका कविता बिम्बात्मक र आस्वाद्य बन्न पुगेका छन् ।

### (ख) प्रतीक प्रयोग

प्रभात सापकोटाको **यस किनारावारिपारि** कविता सङ्ग्रहमा पनि विभिन्न किसिमका प्रतीकको प्रयोग गरेर भावाभिव्यक्तिलाई सहज बनाएका छन् । *प्रयोग* कवितालाई सर्वसाधारण नेपाली जनतालाई अरुद्वारा प्रयोग गरिएका र भोक्त लिलिफुटको प्रतीकका रुपमा उभ्याएका छन् । त्यस्तै *सामाखुसी* कवितामा शहरीया नेपाली जन जीवनलाई सामाखुसी र विष्णुमतीको दुर्गन्धको प्रतीकका रुपमा उभ्याउदै नेपाली जनताले भोग्नु परेको सहरीया यातनाको चित्रण गरिएको छ । त्यस्तै *बुधराम र उसको गाउँ* कवितामा गाउँबाट शहर पसेर आफ्नो जन्मभूमिलाई चटक्कै बिर्सने जनतालाई निष्ठुरी बुधरामको प्रतीकका रुपमा लिदै जन्मभूमिप्रतिको स्नेह जगाउन अपिल गरिएको छ । त्यस्तै हत्या कवितामा भट्टीमा भुटेका मकै भटमास र पाक्ने बेलामा उछिट्टिएका भातका सितालाई विना कसुर मर्न बाध्य पारिएका सर्वसाधारण नेपाली जनताको प्रतीकका रुपमा उभ्याएका छन् । त्यस्तै *केशरिया* कविताकी केशरियालई एक छाक खान दुनियाँको पाउ मोल्न बाध्य सर्वसाधारण जनताका प्रतीकका रुपमा उभ्याउदै त्यस्तो परिस्थितिको अन्त्यको कामना गरिएको छ । यसरी विभिन्न बिम्ब प्रतीकको प्रयोगले **किनारवारिपारि** कविता सङ्ग्रह भित्रका कविताहरु सशक्त बनेका छन् ।

### ४.४.२.४ भाषाशैलीका आधारमा किनारवारिपारि कविता सङ्ग्रहको अध्ययन

प्रभात सापकोटाको **किनारवारिपारि** कविता सङ्ग्रह गद्यशैलीमा लेखिएको छ । सहज सरल र सम्प्रेष्य भाषाशैलीको प्रयोग गरेर लेखिएका उनका यी कविताहरुमा बिम्ब र प्रतीक प्रयोगका कारण केही क्लिष्टता देख्न सकिन्छ । बिम्ब र प्रतीकको प्रयोग पनि सहज र सामान्य शैलीमा भएका कारण खासै क्लिष्टता देखिदैन । कविताको भाषाशैली अन्य साहित्यिक विधाका तुलनामा केही क्लिष्ट हुनु स्वभाविकै हो

तर उनका कविताहरु त्यति दुरुह, क्लिष्ट र उच्च भावगत वैशिष्टय नभएका कारण सर्वसाधारण साहित्यिक पाठकलाई केही समस्या देखिएपनि समग्रमा उनको भाषाशैली सहज किसिमको छ भन्न सकिन्छ ।

### ४.४.३ यो मृत्युराष्ट्र होइन कविता सङ्ग्रहको अध्ययन

**यो मृत्युराष्ट्र होइन** कविता सङ्ग्रह प्रभात सापकोटाको वि.सं. २०६३ सालमा प्रकाशित कृति हो । यस कृतिलाई बाल साहित्य सदन, काठमाडौंले बजारमा ल्याएको हो । २५ वटा कविताहरुको सङ्ग्रह रहेको प्रस्तुत सङ्ग्रहको विश्लेषण प्रस्तुत उपशीर्षकमा संरचना, भाव वा विषयवस्तु, बिम्ब, प्रतीक, अलङ्कार, योजना र भाषाशैली जस्ता तत्त्वका आधारमा गरिएको छ ।

### ४.४.३.१ संरचनाका आधारमा यो मृत्युराष्ट्र होइन कविता सङ्ग्रहको अध्ययन

**यो मृत्युराष्ट्र होइन** (२०६३) कविता सङ्ग्रह प्रभात सापकोटाद्वारा लिखित समसामयिक विषयवस्तुमा आधारित घटनाहरुको प्रयोग गर्दै शास्त्रीय छन्दमा रचिएका २५ वटा कविताहरुको सङ्ग्रहका रुपमा प्रस्तुत छ । जम्मा जम्मी ३१ पृष्ठको आयाममा विस्तारित रहेको छ । अगाडिका छ पृष्ठसम्म भित्री कभर, प्रकाशकीय लेख, विषयसूची र 'प्रभातका कविता' शीर्षकको मित्रलाल पंज्ञानीको लेखजस्ता प्रसङ्गले ओगटेको छ भने ७ देखि ३१ सम्मका २५ पृष्ठहरु प्रभातका कविता कृतिले भरिएका छन् । यस सङ्ग्रहमा सङ्ग्रहीत कविताहरु गम्भीर प्रवृतिका तर सरल छन् ।स्पष्ट दृष्टिकोणमा प्रयाप्त ओजिला भावहरु प्रयोग भएका प्रस्तुत सङ्ग्रहका कविता समय बोल्न र समाज घच्घचाउन सक्षम देखिन्छन् (सापकोटा, २०६३ : प्रकाशकीय लेख) । उनका यी कविताहरु कर्मयोगी बताउन शान्ति र गतिशीलता पछ्याउन मानवता बिउँझाउन र जीवन देखाउन चाहन्छन् । उनका **यो मृत्युराष्ट्र होइन** नामक कविता सङ्ग्र**हमा** *पूर्णसंसार खोलौं, हाम्रो संसार, ए फूल !, गरिमायुद्ध, सबलपृथ्वी, यो मृत्युराष्ट्र होइन, जीवनको आवाज, साधनाका सुसेली, एकताको बयेली, ढुङ्गाहरु, छाल उर्लेर आयो, आवाज आयो, पर्छ चढ्नै उकालो, सभ्यताको मूल, पीठो बिक्ने काव्य, खन्छ सन्तान भोलि, फूल फल्छन् सबेरै, नौलो डाँक, पाउ यौटै उचालौं, लम्कौं*

*निराशा फाली, यो शान रोकिँदैन, जिन्दगी बोल्नुपर्छ, बुद्ध हो, हेर्न आओ, झुक्दैन शान हाम्रो र आशा लिएर लेखौँ* रहेका छन् । रचना समयको स्पष्ट उल्लेख नभएका उनका यी कविताहरुको रचना वि.सं. २०५४ देखि २०६३ का बीचमा रहेका छन् ।

शास्त्रीय छन्द, लयात्मक शैली, भावगत र वैचारिक अभिव्यक्ति प्रस्तुत गरेर लेखिएका उपर्युक्त सबै कविताहरुको शीर्षक अभिधात्मक रहेको छ । सिङ्गै पुस्तकाकार कृतिको शीर्षक चयन प्रस्तुत कृतिमा समाहित छैटौं कविताको शीर्षकबाट राखिएको छ ।

### ४.३.३.२ विषयवस्तुका आधारमा यो मृत्युराष्ट्र होइन कविता सङ्ग्रहको अध्ययन

प्रभात सापकोटाको आफ्नो यस सङ्ग्रहका कविताहरुमा उच्च भावगत र वैविध्यता देख्न सकिन्छ । समसामयिक परिस्थितिको चित्रण गर्दै समाजलाई घच्घचाउने किसिमका छन् । यीमध्ये *पूर्णसंसार खोलौँ* कवितामा हामीले जीवनमा अझै केही गर्न बाँकी छ । केही गरेर देखाउनै बाँकी छ भन्दै हामीले आशाको प्रजनन गर्न सुक्ष्म आकाश खोजौं, नेपालीका मुटुमा नेपाल लेखौं र नौलो आभा रविसरि भरिपूर्ण संसार खोजौं भन्ने भाव प्रस्तुत छ । *हाम्रो संसार* कवितामा जीवन संघर्षमय छ । जीवनमा केही गर्न सकेको खण्डमा हाम्रो जीवन सुखमय रुपमा बित्छ र एक अर्काको साथ सहयोगले जीवन पूर्ण बन्दछ भन्ने भाव प्रस्तुत छ । *ए फूल* ! कवितामा फूललाई प्रश्न गर्ने शैलीमा कति मल चुसिस, धर्तीको जल, कति पिइस्, मान्छेको श्रम कति लुटिस्, अर्काको श्रम शोषण गरेर गमलामा हैन भैँमा आइज भन्ने अभिव्यक्ति मार्फत तत्कालीन माओवादी यातनाको चरण सास्तीप्रतिको व्यङ्ग्यभाव प्रस्तुत गरिएको छ । *गरिमा युद्ध* कवितामा बत्तीझैँ घर घरमा छिरेर ज्वालाझैँ धपधप बलेर युद्धमा हिँड्नु पर्ने, हावाजस्तै जङ्गल जङ्गल डुली बैरीलाई वशमा पारेर युद्धमा भिड्नुपर्ने भन्दै सबैलाई घन, हँसिया हातहातमा समाएर ज्यामी विजन श्रमका खेत खेतमा लगाएर आऊ सबैमिली गरिमा युद्ध चलाऊ भन्ने भाव प्रस्तुत छ । *सबलपृथ्वी* कवितामा भुइँ बल्न लागिसक्यो सबै मिलेर पानी छर्कौं, जमीन बल्न लाग्यो, निष्ठा खोलौं, धरती ढल्न लाग्यो स्रष्टाहरु लेखौं, सबलपृथ्वी फुट्न लाग्यो भन्दै देशप्रेमको

भाव व्यक्त गरिएको छ । *यो मृत्युराष्ट्र होइन* कवितामा पृथ्वीको सबिनय कला मृत्युको च्यान होइन  धर्तीको बिपुल गिरी मृत्युको घाट होइन पुर्खाको यो कठिन रचना यो स्मृति मृत्युको देश होइन र मान्छे मार्ने बधनगर वा मृत्युको राष्ट्र होइन भन्दै तत्कालीन द्वन्द्व तुरुन्त बन्द गर्नुपर्ने भाव व्यक्त गरिएको छ । *जीवनको आवाज* कवितामा आफू आफूमा जे जे सीप छ कला छ सबैजना आ-आफ्नो सीप कला बोकेर उठ्नुपर्ने र नराम्रा व्यवहार कार्य त्यागेर असल कार्य गरेमा  जीवन सुन्दर र उज्वल हुने भाव व्यक्त गरिएको छ । *साधनाका सुसेली* कवितामा हामीले जीवनमा केही गर्न बाँकी रहेको र जीवनमा केही गरेरै देखाउन पर्ने प्रेरणादायी भाव व्यक्त गरिएको छ । *एकताको बयेली, जिन्दगी बल्नुपर्छ, पर्छ चढ्नै उकालो, सभ्यताको मूल* जस्ता कविताहरुमा जीवनमा केही अविस्मरणीय काम गर्नुपर्ने सबै आ-आफ्नो स्थानबाट सक्दो परिश्रम र मिहेनत खर्चेर आउनुपर्ने भाव व्यक्त गरिएको छ । *ढुङ्गाहरु* कवितामा जीवन आफै बनेर आएको हुँदैन त्यसलाई आफूले आफ्नै मिहेनत र लगावले सबल बनाउनु पर्छ भन्दै जिन्दगीलाई ढुङ्गासँग तुलना गर्दै त्यसलाई काटी छोटी आकार दिनुपर्ने भाव व्यक्त गरिएको छ । *पीठो बिक्ने* काव्यमा चौतारीका लय, देउरालीका फल, निर्माताका मुख किन थकित र नीरस छन् भन्दै बोल्नेको पीठो बिक्छ नबोल्नेको चामल बिक्दैन भन्ने भावलाई चरितार्थ गर्दै संघर्षविना जीवन सफल नहुने भाव व्यक्त गरिएको छ । *नौलो डाँक, पाउ यौटै उचालौँ, लम्कौँ निराशा फाली, यो शान रोकिदैन, झुक्तैन शान हाम्रो* जस्ता कवितामा जीवन एउटा सङ्घर्ष हो । एक हातले ताली बज्दैन सबैको साथ र सहयोग विना जीवन चल्न सक्दैन भन्ने भाव व्यक्त गरिएको छ । *आशा लिएर लेखौँ* कवितामा जीवनमा धेरै कुरा गर्न बाँकी रहेको छ भन्दै ढुङ्गा चुनेर  हाम्रो  पाखो बनाउन बाँकी रहेको, पैरो भरेर गैरो पाटो मिलाउनै बाँकी रहेको, बाँझो खनेर साह्रो माटो फुलाउनै बाँकी भएको र योद्धा बनी सोझो बाटो खुलाउनै बाँकी छ भन्दै जीवनमा आशावादी स्वर थपेका छन् ।

### ४.४.३.३ बिम्ब प्रतीक प्रयोगका आधारमा यो मृत्युराष्ट्र होइन कविता सङ्ग्रहको अध्ययन

प्रभात सापकोटाका कवितामा विभिन्न किसिमका बिम्ब तथा प्रतीकको प्रयोग भएको पाइन्छ । सामान्य कुरालाई पनि बिम्बात्मक तथा प्रतीकात्मक रुपमा प्रस्तुत गर्न खप्पीस रहेका सापकोटाका कविताहरु बिम्ब तथा प्रतीकको प्रयोगले सशक्त रहेका छन् । बिम्ब तथा प्रतीकको चर्चा छुट्टा छुट्टै उपशीर्षकमा गरिएको छ ।

**(क) बिम्ब प्रयोग**

प्रभात सापकोटाको **यो मृत्युराष्ट्र होइन** कवितामा श्रव्य बिम्ब, दृश्य बिम्ब, आस्वाद्य बिम्ब र स्पर्श जस्ता बिम्बहरुको सफल प्रयोग भएको छ । जसका केही नमुनाहरु यहाँ प्रस्तुत गरिएको छ ।

पाइस् सित्तै सुखसँग बित्यो जिन्दगी फूल तेरो
खाइस खुबै दुःखसँग खियो जिन्दगी फूल हाम्रो
सोसिस् ताजै जति मन भयो जिन्दगी हार राम्रो (स्वाद्य, पृ. ९) ।

प्रस्तुत बिम्बमा सुखमय जीवनलाई फूलका रुपमा लिइएको छ । त्यस्तै दुःखमय जीवनलाई खिएको फूलका रुपमा लिइएको छ ।

सुन्छौँ हामी हरदिन यहाँ प्राण रोएर बस्छन्......(श्रव्य, पृ.११)

देख्छौँ हामी प्रतिफल दशा काल हाँसेर घुम्छन्
रोक्छौँ हामी तर अझ खुला मृत्यु नाचेर हिँड्छन्........(दृश्य, पृ. ११)

जीवन दुःखमय छ जुन दिनरात रोएर बितिरहेको छ भन्ने भावमा प्राण रोएर बस्छन् भन्ने उक्ति आएको छ ।

नेपालीको सृजनरणमा काल सञ्जाल देख्छु
हत्या गर्ने अझ बधिकका ताल बेताल देख्छु
उर्जाको यो चमचम कला रक्त आहाल देख्छु
निर्माताको अनुभव-चिता लाशमा सास देख्छु (दृश्य १२)

प्रस्तुत बिम्बमा लासलाई निष्कर्म गर्ने व्यक्तिका रुपमा लिइएको छ ।
आँधी चल्दा पनि उड्यो छैन छानो निशानी

वर्षा चल्दा घर पनि बग्यो दुःखका छन् कहानी
मान्छे रुन्छन् खितखित गरी हाँस्छ एक्लो बिहानी.......(स्पर्श, १५)

प्रस्तुत बिम्बमा आँधी र वर्षालाई मनमा आएका उतार चढावका रुपमा लिइएको छ ।

मान्छेका यी मन नरहने कष्ट केलाउनै छ
आँखाका यी धर धर हुने आँसु मेटाउनै छ
बस्तीका यी दिनहुँ सुनिने घाउ सेकाउनै छ
सङ्काका यी तिरमिर हुने दृष्टि सोझ्याउनै छ ......(स्पर्श, पृ. १८)

प्रस्तुत बिम्बमा आँखालाई सर्वसाधारण जनता र आँसुलाई तिनका पीडा, वेदनाको वहाइका रुपमा लिइएको छ भने घाउलाई पीडा तथा वेदनाका रुपमा लिइएको छ ।

पाखामा छन् कति कुटिलता सिद्ध हो बुझ्न आओ
छाप्रामा छन् अझ जटिलता दृष्टि राम्रो फिँजाओ
झुप्रामा छन् अति कठिनता लौ न लौ लेख्न लाओ
खोप्रामा छन् दुःख अझ कडा बुद्ध हो हेर्न आओ.....(दृश्य, पृ. १८)

प्रस्तुत बिम्बमा छाप्रा र झुप्रालाई गरिबीको रुपमा लिइएको छ ।

चिसो पानी तपतप गरी झर्छ ढुङ्गो गलेर
चोखो माया दिलदिल पसी बस्छ लाली बनेर.......(स्पर्श, पृ २२) ।

प्रस्तुत बिम्बमा आँसुलाई चिसो पानीका रुपमा र मनलाई ढुङ्गाका रुपमा लिइएको छ । त्यस्तै चोखो माया दिलभित्र गडेर रहेको हुन्छ भन्ने प्रसङ्गमा प्रस्तुत पङ्क्ति आएको छ ।

**(ख) प्रतीक प्रयोग**

प्रभात सापकोटाले आफ्ना कविताहरुमा बिम्बका साथ साथै प्रतीकको प्रयोग पनि गरेका छन् । विभिन्न प्रतीकहरुको प्रयोग गरेर भावाभिव्यक्तिलाई सशक्त बनाएका छन् । प्रतीक प्रयोगले उनका कवितालाई व्यङ्ग्यात्मक एवम् ध्वन्यात्मक बनाएका छन् । *यो मृत्युराष्ट्र होइन* कवितामा देशलाई बधन गरेको प्रतीकका रुपमा लिइएको छ ।

त्यस्तै उर्जाको कलालाई रक्त आहालको प्रतीकका रुपमा लिइएको छ । जीवनको आवाज कवितामा नेपाली जनतालाई पक्षी र नेपाललाई गुफाको प्रतीकका रुपमा लिइएको छ । *एकताको वयेली* कवितामा युद्धलाई तथा आन्दोलनलाई आँधी वर्षा र खडेरीका प्रतीकका रुपम लिइएको छ । *ढुङ्गाहरु* कवितामा मानिसलाई ढुङ्गाको प्रतीकका रुपमा लिइएको छ । *आशा लिएर लेखौं* कवितामा मान्छेको जीवनलाई पैरो, बाँझो खेत जस्ता प्रतीकको रुपमा लिइएको छ । यसरी विभिन्न बिम्ब तथा प्रतीकको प्रयोगले **यो मृत्युराष्ट्र होइन** कविता सङ्ग्रह सशक्त रहेको छ ।

### ४.४.३.४ भाषाशैलीका आधारमा यो मृत्युराष्ट्र होइन कविता सङ्ग्रहको अध्ययन

प्रभात सापकोटाको **यो मृत्युराष्ट्र होइन** कविता सङ्ग्रह भित्रका २५ वटै कविताहरु शास्त्रीय छन्दमा रचिएका छन् । तसर्थ यी कविताहरु पद्यमय एवम् लयात्मक रहेका छन् । पद्यमय भाषाशैलीमा रचिएका सापकोटाका यी कविताहरुमा सामान्य बिम्ब प्रतीकको प्रयोगले बिम्बात्मक तथा प्रतीकात्मक बन्न पुगेका छन् । विभिन्न ठाउँका अनुप्रास योजनाका कारण उनका कविता लय हालेर पनि पढ्न मिल्ने देखिएका छन् । कवितामा गम्भीर प्रकृति चित्रणको प्रयोग गरिए तापनि समग्रमा उनका कविताहरु सामान्य तथा सरल छन्, सहज छन् र सम्प्रेषण पनि रहेका छन् । सिङ्गो नेपाली साहित्य जङ्गलमा बलियो उपस्थिति जमाइसकेका प्रभात सापकोटाको यो कविता सङ्ग्रहका रचना वास्तवमा नै भावमय छन् । आवश्यक परिष्कार र परिपक्क विचारले ताछिएको कवित्व सशक्त देख्न सकिन्छ । सामान्य शब्दको बुनाइ र अभिधात्मक तानमा गाँसिएका उनका यी कविताहरु समग्रमा सरल र सहज छन् । सामान्य भाषा र आलङ्कारिक शैलीले उनका कविता शक्तिशाली बनेका छन् ।

### ४.४.४ प्रभात सापकोटाका बालकविता वा बालसामग्रीहरुको अध्ययन

साहित्यका विविध विधामा कलम चलाएका प्रभात सापकोटा बाल सामग्रीका कृतिहरु पनि प्रकाशित रहेका छन् । पेशाले शिक्षक पेशा अँगालेका सापकोटामा स-साना बालबालिका तथा भर्खरै स्कुल पढ्न जान थालेका बालबालिका लागि भनेर यस्ता पुस्तकको प्रकाशन तथा लेखन गरेका छन् । जसले बालबालिकालाई पृष्ठपोषण

दिने काम गरेको छ । बाल सामग्रीका रुपमा उनका आजसम्म **पानी** (२०६६), **वन** (२०६७), **जल** (२०६८), **माटो** (२०६८), **शहर** (२०६८)  र **महको भकारी** (२०७०) रहेका छन् । यीमध्ये **पानी** बाल सामग्रीको लेखन स्वयम् सापकोटाको भएको र सम्पादन शान्तदास मानन्धरले गरेका हुन् भने चित्राङ्कनकर्ता भने देवेन्द्र पाण्डे 'देवेन' रहेका छन् । बागबजार छापाखाना काठमाडौंबाट मुद्रक भएको यस पुस्तकको द्वितीय संस्करण पनि वि.सं. २०६९ सालमा निस्किएको छ । भर्खरै बाह्रखरी सिकेर भर्खर पढ्न सुरु गरेका साना साना नानीहरुका लागि तयार पारिएको यस पुस्तकमा प्रस्तुत विषय, शैली र प्रस्तुति सहज, मिठो र सरल एवम् सरस दृश्य सहितका चित्रहरुको प्रस्तुति पनि दिइएको छ । जसले गर्दा बालबालिकालाई पठन पाठनमा रुचि बढोस् भन्ने अभिप्रायका साथ रचिएको देखिन्छ । यस कृतिमा पानीको उपयोग र महत्त्वलाई दर्शाइएको छ ।

**वन** बालसामग्रीको लेखन स्वयम् सापकोटाको भएको र यसको सम्पादन शान्तदास मानन्धरले गरेका छन् भने चित्राङ्कनकर्ता शीलशोभा श्रेष्ठ हुन् । नेपाली भाषामा मात्र लेखिएको यस कृतिको मुद्रक एपोलो अफसेट प्रा.लि. काठमाडौंमा भएको हो । भर्खर बाह्रखरी पढिरहेका वा पढिसकेका साना-साना नानीहरुका लागि भनेर तयार पारिएको यस कृतिमा प्रस्तुत विषय शैली र प्रस्तुति सरल सहज र मिठो बनाउन दृश्य सहितका चित्रहरुको प्रयोग गरिएको छ । बालकको पढाइ लेखाइमा सहयोग पुगोस्  भन्ने हेतुले प्रकाशित यस पुस्तक पुस्तकालय  प्रयोजनका लागि मात्र तयार पारिएको छ । यस पुस्तकको बिक्री बितरणमा रोक लगाइएको छ । वन, रुख, चरा, फलफूलका बारेमा सामान्य जानकारी सहित प्रस्तुत भएको यस पुस्तकबाट साना साना बालबालिका लाभान्वित हुनेछन् । **जल** नामक कृति समा प्रिन्टर्स प्रा.लि. सैंबु ललितपुरमा मुद्रित शान्तदास मानन्धरद्वारा सम्पादित र चित्राङ्कनकर्ता देवेन्द्र पाण्डे 'देवेन' रहेका छन् । वि.सं. २०६८ सालमा प्रकाशित यो किताब भर्खर बाह्रखरी पढिरहेका वा साँवा  अक्षर मात्र पढ्न सक्ने भएका साना-साना नानीहरुका लागि तयार पारिएको हो । पानीको वयान तिनका आवाज, पाइने ठाउँ र तिनले लिने रुपहरुको जानकारी दिइएको छ । बालबालिकाको ध्यान आर्कषण गर्न दृश्य सहितका

चित्रहरुको पनि प्रस्तुति पाइन्छ । पुस्तकालयको प्रयोजनका लागि मात्र तयार पारिएको यस कृतिको बिक्री वितरणमा रोक लगाइएको छ ।

**माटो** नामक कृति वि.सं. २०६८ सालमा प्रकाशित भएको र शान्तदास मानन्धरद्वारा सम्पादित तथा युवक श्रेष्ठले चित्राङ्कन गरेका छन् । समा प्रिन्टर्स प्रा.लि. काठमाडौंबाट मुद्रक भएको यस कृति प्राथमिक तहमा अध्ययन गर्ने नानी बाबुका लागि भनेर तयार पारिएको हो । यस किताबमा माटोको प्रशंसा छ । यसमा मानिसका साथै सबैका लागि माटो नभइ हुन्न भन्ने कुराको चित्रण गरिएको छ । लय हालेर पढ्न सकिने यस कृतिमा पठन रोचक होस् भनी दृश्यसहितका चित्रहरुको प्रयोग पनि गरिएको छ । पुस्तकालय प्रयोजनका लागि रुम टु रीडको पुस्तकालय सहयोग कार्यक्रम अन्तर्गत उपलब्ध गराइएको यसको बिक्री वितरणमा रोक लगाइएको छ ।

**शहर** नामक कृति वि.सं. २०६८ सालमा समा प्रिन्टर्स प्रा.लि. सैंबु ललितपुरबाट मुद्रण भएको हो । शान्तदास मानन्धरले सम्पादन गरेको यस कृतिको चित्राङ्कनकर्ता दीपक गौतम रहेका छन् । यो किताब भर्खर बाह्रखरी पढिरहेका वा कखरा मात्र पढ्न सक्ने साना साना नानीबाबुका लागि भनी तयार पारिएको हो । यो शहरका विषयमा सम्बन्धित छ । यसमा शहरको झिलिमिलीका साथै शहरमा देखिने विभिन्न क्रियाकलापमा आधारित छ । लय हालेर पढ्न सकिने यो पुस्तक रुम टु रीडको पुस्तकालय सहयोग कार्यक्रम अन्तर्गत उपलब्ध गराइएको हो । पुस्तकालय प्रयोजनका लागि मात्र भनेर तयार पारिएको यसको बिक्री वितरणमा रोक लगाइएको छ । बढी आर्कषण र रोचकीय बनाउनका लागि दृश्य सहितका चित्रहरुको प्रयोग पाइन्छ ।

**महको भकारी** नामक कृति वि.सं २०७० सालमा एपोलो अफसेट प्रेस प्रा.लि. काठमाडौंद्वारा मुद्रण गरिएको हो । शान्तदास मानन्धरले सम्पादन गरेको यस कृतिको चित्राङ्कनकर्ता देवेन्द्र पाण्डे 'देवेन' हुन् । साना साना बालबालिकाका निम्ति भनेर तयार पारिएको यसमा मौरीको परिचय, काम र मह बनाउने क्षमता र शैलीका बारेमा

संवादात्मक रुपमा तयार पारिएको हो । लय हालेर पढ्न मिल्ने यो पुस्तक पनि रुम टु रीडको पुस्तकालय सहयोग अन्तर्गत उपलब्ध गराइएको हो । पुस्तकालय प्रयोजनका लागि मात्र भनेर तयार पारिएको यसको बिक्री वितरणमा पनि रोक लगाइएको छ । बढी आकर्षण र रोचक बनाउन दृश्य सहितका चित्रहरुको प्रयोग गरिएको छ ।

## ४.५ प्रभात सापकोटाका जीवनीमूलक लेखहरुको अध्ययन

नेपाली साहित्यका विविध विधामा कमल चलाएर साहित्यिक व्यक्तित्वका रुपमा परिचित रहेका सापकोटाका थुप्रै जीवनीमूलक कृतिहरु पनि प्रकाशित छन् । वि.सं. २०३३ सालदेखि साहित्यमा लागेर वि.सं. २०५१ सालदेखि कृति प्रकाशनको थालनी गरेका उनका **विश्वप्रसिद्ध ३५ दार्शनिक, विश्वप्रसिद्ध ३५ साहित्यकार, ३५ भाषा ३५ प्रतिभा, विज्ञान र प्रविधिकका सारथि, विश्वप्रसिद्ध ३५ वैज्ञानिक, अभियानका शब्द सारथि, तीनचुली तेह्रसागर, सोह्र प्रतिभा सोह्रै चित्र** जस्ता ८ वटा जीवनीमूलक कृतिहरु प्रकाशित रहेका छन् । यस अध्ययनमा यिनीहरुको सामान्य परिचय दिइएको छ ।

**विश्वप्रसिद्ध ३५ दार्शनिक** प्रभात सापकोटाको २०६४ माघमा प्रकाशित कृति हो । हजुरको प्रकाशन प्रदर्शनीमार्ग काठमाडौंबाट प्रकाशित यस पुस्तक १०८ पृष्ठको आयाममा विस्तारित रहेको छ । विभिन्न परिस्थितिमा स्थापित भई चर्चामा आएका दार्शनिकहरुलाई एकै ठाउँमा अवलोकन गर्दा देश, काल र वस्तुमापनमा आफ्नो क्षमता उपयोग गर्न सजिलो हुने आशा राखी छरिएका सामग्रीलाई जोडेर तयार पारिएको विश्वप्रसिद्ध दार्शनिकहरुको जीवनी सशक्त र सबल मानिन्छ । यसरी विभिन्न परिस्थितिबाट दार्शनिक बन्न पुगेका प्रतिभाहरुको सामान्य परिचय खुल्ने गरी तयार पारिएको यस कृतिमा मुसा (ई.पू १३००), जरथ्रुस्ट (६३०.ई.पू.), बर्धमान महावीर (५९९-५२७ ई.पू.), पाइथागोरस (५८०-५०० ई.पू), गौतम बुद्ध (५६३ ई.पू), कन्फ्युसियस (५५१ -४७९ ई.पू.), सुकरात (४७९-३९९ ई.पू), प्लेटो (४२७-३४७ ई.पू.), अरस्तु (३८४-३२२ ई.पू.), कपिल (प्रथम शताब्दी ई.पू.), इसा मसिह (सन् १-३३), मुहम्मद (सन् ५७० -६३२), शंकराचार्य (आठौं शताब्दी), रामानुजाचार्य (एघारौ शताब्दी), गुरु नानक

(सन् १४६९-१५३९), फ्रान्सिस वेकन (सन् १५६१-१६२६), स्पिनोजा (सन् १६३२-१६७७), भोल्टेयर (सन् १६९४-१७७८), शशिधर (सन् १७१३-१८२५), कान्ट (सन् १७२४-१८०४), हेगेल (सन् १७७०-१८३१) शोपेन हावर (सन् १७८८-१८६०), कार्लमार्क्स (सन् १८१८-१८८३), हर्वट स्पेन्सर (सन् १८२०-१९०३), दयानन्द सरस्वती (सन् १८२४-१८८३), रामकृष्ण परमहंस (सन् १८३६-१८८६), फ्रेडरिक नित्से (सन् १८४४-१९००), योगमाया (सन् १८५०-१९४०), विवेकानन्द (सन् १८६३-१९०२), महात्मा गान्धी (सन् १८६९-१७४७), मारिया मन्टेसरी (सन् १८७०-१९५२), जयपृथ्वीबहादुर सिंह (सन् १८७७-१९४०), फाल्गुनन्द (सन् १८८५-१९४८), सर्वपल्ली राधाकृष्णन (सन् १८८८-१९७५) र मार्टिन लुथर किङ (सन् १९२९-१९६८) जस्ता दार्शनिक समाहित रहेका छन् ।

**विश्वप्रसिद्ध ३५ साहित्यकार** प्रभात सापकोटाको वि.सं. २०६४ सालमा हजुरको प्रकाशन प्रदशनीमार्ग काठमाडौंबाट प्रकाशित भएको कृति हो । कूल १२५ पृष्ठमा फैलिएको यस कृतिमा विभिन्न विधामा उल्लेख्य योगदान पुऱ्याएका ३५ जना साहित्यकारहरुको सामान्य परिचय सहितको जीवनी प्रस्तुत गरिएको छ । यसमा वाल्मीकिलाई आदिकवि एवम् बाङ्मय पारखी, रामकथाका प्रथम स्रष्टा, उपजीव्य महाकाव्यका रचनाकार, लौकिक साहित्यका आदिपुरुष र महान दार्शनिक व्यक्तित्वका रुपमा चित्रण गरिएको छ । होमरलाई पाश्चात्य बाङ्मयका आदिकवि, युरोपेली साहित्यका महान कवि, लडाकु, योद्धा, समरभूमि व्याख्याता, रणकौशल, युद्धकालका पारखी, साहस, पराक्रम र पुरुषार्थ प्रशंसकका रुपमा चित्रण गरिएको छ । कालिदासलाई संस्कृत साहित्यका शिखर प्रतिभा, काव्य स्रष्टा तथा नाट्यहस्ती, उपमा कालिदासस्य विशिष्ट, प्रकृतिका महान् विश्लेषक, महाकवि एवम् नाटककारका रुपमा चित्रण गरिएको छ । दाँतेलाई इटालेली साहित्यका जनक, मानवतावादी स्रष्टा, दार्शनिक एवम् चिन्तक, राजनैतिक व्यक्तित्व, धार्मिक तथा सांस्कृतिक सुधारक व्यक्तित्वका रुपमा चर्चा गरिएको छ । तुलसीदासलाई भक्तिसाहित्यका विशिष्ट व्यक्तित्व, रामभक्तिधाराका अग्रणी प्रतिभा, राम चरित्रका महान् व्याख्याता, हिन्दुधर्म र संस्कृतिका संरक्षक, आध्यात्मिक संसारका संस्तुत्य स्रष्टाका रुपमा चर्चा गरिएको छ ।

विलियम सेक्सपियरलाई विश्व साहित्यका प्रखर हस्ताक्षर, अङ्ग्रेजी वाङ्मयका शिखर स्रष्टा, असंख्य पात्र र चरित्रचालक, मानव जीवनका व्याख्याता, अनेकौं विवादसँग आवद्ध स्रष्टाका रुपमा चर्चा गरिएको छ । पर्सी बिस शेलीलाई अध्येता तथा सफल कवि, काव्यनाटककार तथा दार्शनिक, स्वतन्त्रता, मुक्ति र स्वाधीनता, पक्षधर, ज्यामी, ढाक्रे तथा खेतालाप्रति सहानुभूति र प्रकृतिप्रेमी एवम् मानवतावादी हस्ताक्षरका रुपमा चर्चा गरिएको छ । भानुभक्त आचार्यलाई भक्तिधाराका सशक्त हस्ती, भाषिक एकताका प्रतीक, सहज तथा सरलताका पक्षपाती, भाषिक संस्कृतिका संवाहक र नेपाली संसारका वाङ्मय धरोहरका रुपमा चित्रण गरेका छन् । यथार्थ जीवनको निरन्तर खोजी गर्ने, अथाह कल्पनाको सवल संयोजन गर्न सक्ने, मसिना विषयको सुक्ष्म विश्लेषण गर्ने, विराट जीवनको सफल व्याख्या गर्ने र वाङ्मय सृजनाका प्रवल हस्ताक्षरका रुपमा चित्रण गरिएको छ । गुस्ताभ फ्लुबेयरलाई पढी, बुझी, अनुभव गरेर लेख्ने स्रष्टा, विषय, पात्र र भाव संयोजन गर्न, सक्षम, भाषालाई छाँट्न, खार्न र मिलाउन सफल, मानवीय चरित्रलाई पूणांशमा देखाउन तत्पर र यथार्थवादी प्रवृत्तिका विशिष्ट हस्तीका रुपमा चर्चा गरिएको छ । लियो टाल्सटायलाई जीवनको आरम्भमा छुद्र एवम् रोगी अत्यधिक भोग र प्रयोगपछि संयमित एवम् त्यागी, नैतिक निष्ठा तथा मानव आदेश अनुरागी, अनुशासन एवम् मर्यादाका प्रतीक, विश्व चर्चित रसियाली साहित्यकारका रुपमा चर्चा गरिएको छ । हेनरिक इब्सेनलाई सामाजिक यथार्थवादी नाटककार, नारीवादी हस्ताक्षर र विश्वप्रसिद्ध वाङ्मयसेवीका रुपमा चर्चा गरिएको छ । जर्ज बनार्ड शालाई नाटककार, निबन्धकार तथा समालोचक, एक सयभन्दा बढी कृतिका स्रष्टा, बीसौं शताब्दीका चर्चित नाट्य प्रतिभा, वहस, तर्क र भाषा कलामा प्रखर एवम् चिन्तक व्यक्ति र दार्शनिकका रुपमा चर्चा गरेका छन् । अन्तोन चेखवलाई स्वास्थ्य विशेषज्ञ एवम् साहित्य साधक, रसियाली जीवनका व्याख्याता, छोटा छरिता र पोटिला कथा लेखक, रसियाली क्रान्ति धरालत देखाउने प्रतिभा र भविष्यलाई नजिक पार्न खोज्ने स्रष्टाका रुपमा चित्रण गरिएको छ । रवीन्द्रनाथ ठाकुरलाई कलम र मसीका अचुक खेलाडी, सशक्त वाङ्मयरत्न, सङ्गीत, चित्रकार र समाजसेवी, साहित्यिक एकताका प्रतीक र गीतकार एवम् महान् कविका रुपमा चित्रण गरिएको छ । लक्ष्मीनाथ बेजबरुवालाई कविता, नाटक कथा र निबन्धका हस्ती, आसामेली

साहित्यका विशिष्ट गौरव वाङ्मय र संस्कृतिका धुरन्धर, दूरदर्शी एवम् प्रतिभाशाली स्रष्टा र राष्ट्र र जातीय स्वाभिमानका रक्षकका रुपमा चर्चा गरिएको छ । म्याक्सिम गोर्कीलाई महान क्रान्तिकारी स्रष्टा, विशिष्ट प्रगतिवादी लेखक, श्रमिक जनताका पक्षधर, अद्वितीय वाङ्मय साधक ल्याकत सम्पन्न अमर प्रतिभाका रुपमा चर्चा गरेका छन् । हेलेन केलरलाई अन्धो, लाटो र बहिरोपनबाट पीडित, साहस, उत्साह र विश्वासकी प्रतिमूर्ति, पठन लेखन र प्रवचनमा पोख्त, अन्धा, लाटा र बहिराहरुकी प्रेरणा स्रोत, शान्तिको प्रवल समर्थकका रुपमा उल्लेख गरेका छन् । प्रेमचन्दलाई शिक्षक पत्रकार एवम् लेखक, हिन्दीका सर्वश्रेष्ठ हस्ताक्षर, स्वाभिमानी तथा सफल वक्ता भाषा स्तम्भ एवम् उपन्यास सम्राटका रुपमा उल्लख गरिएको छ । लु सुनलाई लेखक सम्पादक तथा अनुवादक, चिनियाँ वाङ्मयका सफल शिखर, प्रगतिशील साहित्यका प्रबल हस्ती, जीवनका पारखी एवम्  वाङ्मय सारथिका रुपमा चर्चा गरेका छन् । खलिल जिब्रानलाई महान् शब्दकलाकार, रङ्गकलाकार, अरबी र अङ्ग्रेजी भाषाका लेखक, देशप्रेमी जातिप्रेमी र भाषाप्रेमी व्यक्तित्वका रुपमा चर्चा गरिएको छ । ग्राबिएला मिस्त्राललाई शिक्षाविद् कुटनीतिक, बाल साहित्यकार तथा प्रौढ वाङ्मय हस्ताक्षर र दक्षिण अमेरिकाली समाज र संस्कृति  विशेषज्ञका रुपमा चिनाइएको छ । अर्नेष्ट हेमिङ्ग्वेलाई भ्रमणशील प्रतिभा, भयानकताको खोजी गर्ने स्रष्टा, यथार्थ जीवनका प्रस्तोता, भौतिकवादी विचारका समर्थक, कर्मवादी भावनाका संवाहकका रुपमा चर्चा गरिएको छ ।

यासुनारी कावाबातालाई प्रकृति, संस्कृति र प्रणयप्रेमको प्रस्तुति, जातिप्रेम र राष्ट्रप्रेमको अभिव्यक्ति दिने, जापानी जनजीवनको सशक्त चित्रण गर्ने पूर्वीय दर्शन तथा गरिमाको विश्लेषण गर्ने स्रष्टाका रुपमा चिनाइएको छ । नाजिम हिक्मत रानलाई काव्यिक निष्ठाका धरोहर, दीर्घकालसम्म प्रवास र कारावास भोगेका, मातृदेशबाट अपमानित व्यक्तित्व, मर्यादा र नैतिक आस्थाका सबल पारखीका रुपमा चित्रित गरिएको छ । जाँ पाल सार्त्रलाई कथा, नाटक, उपन्यास र समालोचनाका हस्ती, दार्शनिक चिन्तन एवम् अस्तित्ववादी  लेखक, शब्द सारथि तथा वाङ्मयका सफल पारखीका रुपमा चित्रण गरिएको छ । महादेवी वर्मालाई छायावादी-स्वच्छन्दतावादी

प्रतिभा, अनुभूति, भावना र कल्पनाकी त्रिवेणी, प्रेम, विरह एवम् करुणाकी प्रतिमूर्ति, गीतिकाव्य, समालोचना र निबन्ध स्रष्टाका रुपमा उल्लेख गरिएको छ । फ्रान्सेली साहित्यकार अल्बेयर कामुलाई गरिबी र अँध्यारासँग नहार्ने स्रष्टा, दर्शनशास्त्रका विशिष्ट अध्येता र अस्तित्ववादी चिन्तकको रुपमा चित्रण गरिएको छ । नाडिन गोर्डिमरलाई रङ्गभेदी संस्कृतिको विरोध गर्ने, मानवीय दुराचारको सशक्त चित्रण गर्ने, कथा, उपन्यास र निबन्धविधामा सफल हस्ताक्षरका रुपमा उभ्याइएको छ । तसलिमा नसरिनलाई पोल्ने, घोच्ने र दुख्ने, लेखन सिर्जना गर्ने, नारी अस्मिता र विशेषताको समर्थन गर्ने र साम्प्रदायिक अहङ्कारको खानतलासी गर्ने सर्जकको रुपमा प्रस्तुत गरिएको छ । लक्ष्मीप्रसाद देवकोटालाई स्वच्छन्दतावादी कवि, प्रसिद्ध महाकवि, विशिष्ट निबन्धकार, साहित्यका आदभूतिक प्रतिभा र नेपाली वाङ्मय पुरोधाका रुपमा चित्रण गरिएको छ । इन्द्रबहादुर राईलाई तेस्रो आयामका प्रवर्तक, लीलालेखनका प्रतिपादक, बिम्बात्मक र रहस्यात्मक लेखकका रुपमा लिइएको छ । पारिजातलाई सबल चिन्तनकी चुली, नेपाली वाङ्मयकी शिखरनारी, तार्किक एवम् प्राज्ञिक व्यक्तित्वका रुपमा चर्चा गरिएको छ र अन्त्यमा अल्फ्राइट जेलिनेकलाई नारी समस्याको उत्खनन् गर्ने, पुरुष अहङ्कारको विश्लेषण गर्ने, युद्ध, त्रास र विभीषिकाको व्याख्यान गर्ने स्रष्टाका रुपमा चित्रण गरिएको छ । यसरी ३५ जना विशिष्ट साहित्यकारको सामान्य परिचयमा आधारित भएर लेखिएका उक्त कृति सबल र सशक्त मानिन्छ ।

**३५ भाषा ३५ प्रतिभा** सापकोटाको वि.सं. २०६६ असारमा वर्ल्डवाइड पब्लिकेसन पुतलीसडक काठमाडौंबाट प्रकाशित कृति हो । ३५ वटा भाषाका ३५ जना प्रतिभाको सामान्य परिचय दिइएको यस कृति १३६ पृष्ठको आयाममा संरचित रहेको छ । विभिन्न ठाउँमा छरिएर रहेका र विभिन्न भाषामध्ये ३५ भाषाका विशिष्ठ व्यक्तित्वको सञ्जाल हो यो कृति । यसमा संस्कृत भाषाका वाल्मीकि, ग्रिसेली भाषाका होमर (इ.पू ९००), फारसी भाषाका फिरदौसी (सन् ९३२), मैथिली भाषाका विद्यापति (सन् १३५०), अङ्ग्रेजी भाषाका विलियम शेक्सपियर, नर्वेजियाली भाषाका हेनरिक इब्सेन (सन् १८२८), असामी भाषाका लक्ष्मीनाथ बेजबरुवा (सन् १८६८), रसियाली भाषाका म्याक्सिम गोर्की (सन् १८६८), मलयालम भाषाका परमेश्वर आइचयर उल्लुर (सन्

१८७७), हिन्दी भाषाका प्रेमचन्द्र (सन् १८८०), चिनियाँ भाषाका लु सुन (सन् १८८१), हिब्रू भाषाका स्यामुअल युसुफ (सन् १८८८), तेलुगु भाषाका विश्वनाथ सत्यनारायण (सन् १८९५), उर्दू भाषाका फिराक 'गोरखपुरी' (सन् १८९६), जापानी भाषाका यासुनारी कावाबाता (सन् १८९९), कन्नड भाषाका कु.वे. पुट्टप्प (सन् १९०४), फ्रान्सेली भाषाका जाँ पाल सार्त्र (सन् १९०५) नेपाली भाषाका लक्ष्मीप्रसाद देवकोटा (सन् १९०९), गुजराती भाषाका उमाशंकर जोशी (सन् १९११), अरबी भाषाका नजिब माफुज (सन् १९११), उडिया भाषाका गोपीनाथ महान्ती (सन् १९१४), स्पेनी भाषाका कामियो जोस सेलाह (सन् १९१६), पुर्तगाली भाषाका जोस सारामायो (सन् १९२२), तमिल भाषाका प.वै. अखिलन्दम् (सन् १९२३), गुरुङ भाषाका हर्कबहादुर गुरुङ (सन् १९३६), लिम्बू भाषाका वैरागी काइँला (सन् १९३९), राई भाषाका टंकबहादुर राई (सन् १९५१), मगर भाषाका लोकबहादुर थापा मगर (सन् १९५२), बंगाली भाषाका तसलिमा नसरिन (सन् १९६२), भोजपुरी भाषाका गोपाल अश्क (सन् १९६२), तामाङ भाषाका अजितमान तामाङ (सन् १९६७) र थारु भाषाका कृष्णराज सर्वहारी (सन् १९७१) जस्ता ३५ जना स्रष्टाका बारेमा सङ्क्षिप्त परिचय दिइएको छ । देवकोटा शतवार्षिकी २०६६ विशेष उपलक्ष्यमा समर्पित यस कृति यिनै ३५ भाषाका ३५ कुष्टाको जीवनी सङ्ग्रह हो । मुख्य-मुख्य स्रष्टाका उपस्थिति रहेको यो कृति सबल र सशक्त रहेको छ ।

**विज्ञान र प्रविधिका सारथि** प्रभात सापकोटाको वि.सं. २०६६ सालमा वर्ल्डवाइड पब्लिकेसन पुतलीसडक काठमाडौंबाट प्रकाशित भएको हो । कूल १२२ पृष्ठको आयाममा फैलिएको उक्त कृतिमा ३५ जना वैज्ञानिकहरुको जीवनी प्रस्तुत गरिएको छ । विभिन्न ठाउँबाट खोजी खोजी तयार पारिएको यो जीवनी सङ्ग्रह सबल र सशक्त रहेको छ । यस कृतिमा वैज्ञानिक र उनीहरुको क्षेत्र तथा योगदान सहित चर्चा गरिएको छ । जसमध्ये निकोलस कोपर्निकसलाई रोगीहरुका सेवक तथा प्रविधिज्ञ, महान् गणितज्ञ एवम् खगोलविद्, धर्म तथा कानुनका पारखी, रेखा गणित र भूगोल विधाका विज्ञ तथा रोमली तथा ग्रिसदर्शनका ज्ञाताका रुपमा चर्चा गरिएको छ । इटालीका ग्यालिलियो ग्यालिलीलाई खोज, प्रयोग र परीक्षणका पारखी, अपत्यारिला

परम्पराको पूर्ण खण्डन गर्ने, तर्क बहस तथा छलफलमा विश्वास गर्ने, दूरविन र सूक्ष्मदर्शक यन्त्रका आविष्कारक र अनुसन्धाता तथा महान् खगोलविद्का रुपमा चर्चा गरिएको छ । वेलायतका विलियम हार्वेलाई अध्ययन, अनुसन्धान तथा लेखनमा लिप्त, अन्धविश्वास र परम्पराको खण्डन गर्ने, स्वास्थ्यका दिग्गज व्यक्तित्वका रुपमा चर्चा गरिएको छ । इटालीका मार्सेलो मालपिघीलाई कुखुरा, भ्रूण, अन्डा र चल्लाका अनुसन्धानकर्ता, प्राणी, वनस्पति समानता अन्वेषकका रुपमा चर्चा गरिएको छ । वेलायतका रोवर्ट हुकलाई चित्रकलाका पारखी, सूक्ष्मदर्शक यन्त्रका स्रष्टा, नगर योजना निर्माणकार, वर्षा र आद्रता मापकयन्त्रका निर्माता तथा घडी स्प्रिङका आविष्कारकका रुपमा चर्चा गरिएको छ । वेलायती वैज्ञानिक जोसेफ प्रिस्टलेलाई लेखक अन्वेषक तथा प्राध्यापक, रसायनशास्त्रका जग एवम् स्तम्भका रुपमा वर्णन गरिएको छ । भारतका वैज्ञानिक सी.वी. रामनलाई समुन्द्रीजल, प्रकाश तथा रङ्गको अध्ययनकर्ता, ध्वनि र चुम्बकीय शक्तिको विश्लेषक, प्राध्यापक प्रवचक तथा महान् अन्वेषक, खगोल तथा शरीरविज्ञानका व्याख्याता र 'रामन प्रभाव' का आविष्कारकका रुपमा चिनाइएको छ । जापानी वैज्ञानिक हिदेकी युकावालाई लेखन, सम्पादन तथा अन्वेषक व्यक्तित्वका रुपमा चित्रण गरेका छन् । भारतका विक्रम साराभाइलाई गणित तथा खगोलका ज्ञाता, कस्मिक रेइजका अन्वेषकका रुपमा चर्चा गरिएको छ । चेन्नेइका दार्शनिक अब्दुल कलामलाई कवि, सङ्गीतप्रेमी र दार्शनिक व्यक्तित्वका रुपमा चर्चा गरेका छन् । ललितपुरका वैज्ञानिक मुनिबहादुर शाक्यलाई रोवोटलाई संवेदनशील यन्त्रमा विकास गर्ने व्यक्तित्वका रुपमा चित्रण गरिएको छ । काठमाडौंकी केशरीलक्ष्मी मानन्धरलाई पी.एच.डी. गर्ने प्रथम नेपाली महिलाप्रतिभा, बालीनालीको अनुसन्धाता र कीरा विशेषज्ञका रुपमा विश्लेषण गरिएको छ । काठमाडौंकै रामवदन प्रधानलाई बालीनाली विकासका लागि अनुसन्धान गर्ने, कीटनियन्त्रण विधिको अन्वेषण व्यक्तित्वका रुपमा चर्चा गरिएको छ । नेपालकै दयानन्द वज्राचार्यलाई वनस्पतिशास्त्रका मर्मज्ञ, अन्वेषक, सम्पादक तथा लेखकका रुपमा चर्चा गरिएको छ । नेपाली विदूषी सूर्यलक्ष्मी मास्केलाई माटोको गुणस्तरको अनुसन्धाता, माटोको जाँच र प्रतिफलको खोजी गर्ने व्यक्तित्वका रुपमा लिइएको छ । नेपालकै अर्की विदूषी कयोदेवी यमीलाई अन्नबाली उत्पादन र अभिवृद्धिमा जोड दिने र प्रविधिक्षेत्रमा निरन्तर सक्रिय रहने प्रतिभाका रुपमा लिइएको

छ । यसरी विविध क्षेत्र तथा विभिन्न ठाउँका विविध प्रतिभाका रुपमा आएको यस जीवनी सङ्ग्रह सवल एवम् सशक्त कृति मान्न सकिन्छ ।

**विश्व प्रसिद्ध ३५ वैज्ञानिक** प्रभात सापकोटाको वि.सं. २०६७ सालमा वर्ल्डवाइड पब्लिकेसन प्रा.लि. पुतलीसडक काठमाडौंबाट प्रकाशित कृति हो । कूल १०६ पृष्ठको आयाममा विस्तारित यस कृतिमा विभिन्न थरीका ३५ विद्वान्हरुलाई समेटेर तिनीहरुको सामान्य जीवनी तयार पारिएको कृति हो । यस कृतिभित्र दर्शनशास्त्री तथा राजनीतिज्ञ, पदार्थ परिवर्तनका विश्लेषक, भारको गतिको व्याख्या र चर्चा गरिएको छ । चन्द्रग्रहणको किटान गर्ने आदि वैज्ञानिक अरस्तु -ई.पू. ३८४-३२२), रेखा प्रविधिका जनक, अनुपात सिद्धान्तका व्याख्याता गणितका आदिगुरु, धन र पिरामिडका गणितीय विश्लेषक युक्लिड (ई.पू. ३००), सापेक्षिक घनत्वको व्याख्या गर्ने, लिवर सिद्धान्तका आविष्कारक, वाटर स्कुको निर्माता र प्रकाशगुणका अनुसन्धानकर्ता आर्किमिडिज -ई.पू.२८७-२१२), प्रकृतिप्रेमी, जीववैज्ञानिक, वास्तुकलाकार, चित्रकलाकार र मूर्तिकलाकार (लियोनार्दो दा भिन्ची (सन् १४५२-१५१६), खगोलशास्त्री, दुरविन आविष्कारक, नाडी धड्कनमापक यन्त्र निर्माता ग्यालिलियो ग्यालिली (सन् १५६४-१६४२), खगोलविज्ञ तथा दर्शनशास्त्री, वायुपम्पका आविष्कारक, भ्याकुम अनुसन्धाता ओटोवान ग्वेरिके (सन् १६०२-१६८६), लेन्सको निर्माता, व्यारोमिटरका आविष्कारक इवानजेलिस्टा टोरिसेली (सन् १६०८-१६४७), गणित विषयका नवीन व्याख्याता, गुरुत्वाकर्षण सिद्धान्तका आविष्कारक तथा सूर्यघडी, जलघडी र हावाघट्टका निर्माता आइज्याक न्यूटन (सन् १६४२-१७२७), दर्शनशास्त्री, चट्याङ् अवरोधक यन्त्रका आविष्कारक, आइग्लासका आविष्कारक वेन्जामिन फ्रेङ्कलिन (सन् १७०६-१७९०), प्रकृतिविद्, चिकित्साशास्त्री, खनिज सम्पदाका अन्वेषक, वनस्पतिविज्ञ र जीव वा प्राणी विशेषज्ञ कार्ल लिन्ने (सन् १७०७-१७७८), विफर अन्वेषक, विफर खोप आविष्कारक, व्यावहारिक अनुसन्धानकर्ता एडवार्ड जेनर (सन् १७४६-१८२३), धूप घडीको निर्माता, तुरीय यन्त्रको सर्जक, शङ्कुको आविस्कारक लक्ष्मीपति पाँडे (सन् १७५८-१८३१), परमाणु सिद्धान्तका प्रतिपादक ग्याँसको आंशिक चापको सिद्धान्तका निर्माता, मौसमी क्रिया प्रतिक्रियाको अनुसन्धानकर्ता, धर्मशास्त्रका विश्लेषक जोन

डाल्टन (१७६६-१८४४), रसायनशास्त्री, सुरक्षादीपका आविष्कारक हम्फरी देवी (सन् १७७८-१८२९),जेनेरेटरका आविष्कारक माइकल फैराडे (सन् १७९१-१८६७), प्रकृतिप्रेमी, ढुङ्गा जीवाश्य आदिका अनुसन्धानकर्ता, विकासवादी सिद्धान्तका प्रतिपादक चार्ल्स डार्विन (सन् १८०९-१८८२), रेविज विरुद्धको सुइका आविष्कारक र पास्चराइज सिद्धान्तका आविष्कारक लुइ पास्चर (सन् १८२२-१८९५), प्रकृतिप्रेमी, खगोलशास्त्री, विद्युत चुम्बकीय सिद्धान्तका आविष्कारक जेम्स कर्लाक मेक्सवेल (सन् १८३१-१८७९), नोवेल पुरस्कारका संस्थापक तथा डाइनामाइटको आविष्कारक अल्फ्रेड बनहार्ड नाबेल सन् १८३३-१८९६), एक्सरेका आविष्कारक विल्हेल्न काँनराड रोन्टजन (सन् १८४५-१९२३), विद्युत् बल्बका निर्माता थोमस एल्वा एडिसन (सन् १८४७-१९३१), सञ्चार क्षेत्रका आविष्कारक, विद्युत तरङ्गका अनुसन्धानकर्ता गुग्लिल्मो मार्कोनी (सन् १८७४-१९३७), वनस्पति जीवको अनुसन्धानकर्ता, रेडियो तरङ्गका अन्वेषक जगदिशचन्द्र बोस (सन् १८५८ -१९३७), क्वान्तम सिद्धान्तका प्रतिपादक र उर्जा विकिरणको आवृति र सम्बन्धको अन्वेषक मेक्स प्लाङ्क (सन् १८५८-१९४७), रेडियमका आविष्कारक म्याडम क्युरी (सन् १८६७-१९३४), धान कुट्ने, पिठो पिँध्ने र तोरी पेल्ने कलको स्थापक गेहेन्द्र शमशेर (सन् १८६८-१९०४), सापेक्षतावादका प्रतिपादक र परमाणु बमका आविष्कारक अल्वर्ट आइन्स्टाइन (सन् १८७९-१९५५), परमाणुबम योजना निर्देशक जे. रोवर्ट ओपनहिमर (सन् १९०४-१९६७), धुँवा रहित चुलोका निर्माता हुतराज वैद्य (सन् १९२१) जस्ता ३५ जना वैज्ञानिकहरुको सामान्य जीवनीको परिचय गरिएको यस कृतिले सापकोटालाई जीवनीकारका रुपमा चिनाउन इँटा थप्ने काम गरेको छ ।

**अभियानका शब्द सारथि** प्रभात सापकोटाको २०६८ सालमा अभियान साहित्य प्रतिष्ठान काठमाडौँबाट प्रकाशित कृति हो । रु. १ को अभियान पुरस्कारद्वारा सम्मानित चार प्रतिभाहरुको जीवनी व्यक्तित्वको अध्ययन गरिएको यो कृति १३१ पृष्ठमा विस्तारित रहेको छ । यस कृतिमा कवितातर्फ कवि दुर्गालाल श्रेष्ठ (वि.सं. १९९२) रु. १ को अभियान पुरस्कार २०५८ विजेताको जीवनी, साहित्य चेतना, उनका अनुदित कृतिहरु, अप्रकाशित नाटकहरु, गीति एल्वमहरुको सूची पेश गर्नुका साथै कवि

श्रेष्ठका **इच्छाको सीमाना** (२०५५), **तपक** २०५७, **फूल तिम्रै वारीको** (२०५७) र **सन्तको छाता** जस्ता कविताको सामान्य विश्लेषण गरिएको छ । त्यस्तै अर्का बाल साहित्यकार शान्तदास मानन्धरको जीवनी, भ्रमण, पुरस्कार तथा सम्मान, प्रकाशित पत्रिका, प्रकाशित कृति, अनुवाद र सङ्कलन गरिएका कृति र ती कृतिका परिचय उनको योगदान र उनका मरुभूमिका एकराज्य, बसिबियाँलो र चारडाला नाक जस्ता बालसाहित्यको सङ्क्षिप्त विश्लेषण गरिएको छ । त्यस्तै अर्का आख्यानकार खगेन्द्र सङ्ग्रौला (२००३) रु. १ को अभियान पुरस्कार २०६३ विजेता) को जीवनी, संलग्नता, भ्रमण, पुरस्कार तथा सम्मान प्रकाशित कृतिहरु, कथा सङ्ग्रह, बालकथा सङ्ग्रह, नाटक, निबन्ध सङ्ग्रहहरु, पुरस्कार र कथाकार, उपन्यासकार, निबन्धकार, नाटककार, बालसाहित्यकार, अनुवादक, सम्पादक र स्तम्भकार व्यक्तिको सामान्य चित्रण गरिएको छ । त्यस्तै अर्का निबन्धकार आनन्ददेव भट्ट (रु.१ को अभियान पुरस्कार २०६७ विजेता) को परिचय, योगदान, साहित्यिक व्यक्तित्व, राजनैतिक व्यक्तित्व, कवि व्यक्तित्व, अन्तर्वार्ता संस्मरणकार व्यक्तित्व, अनुवादक व्यक्तित्व, बाल साहित्यकार व्यक्तित्व, निबन्धकार व्यक्तित्व, समालोचक व्यक्तित्व, कथाकार व्यक्तित्व, नाटककार व्यक्तित्व र सम्पादन व्यक्तित्वको बारेमा सामान्य चर्चा परिचर्चा गरिएको छ । यसरी अभियान साहित्यकारको जीवनी, व्यक्तित्व र कृतित्वको सम्पादन गरेर जीवनीकार व्यक्तित्वको एक खुड्किलो चढ्न सफल बनेका छन् ।

**तीनचुली तेह्रसागर** प्रभात सापकोटाको वि.सं. २०६८ मा स्वदेश प्रकाशन बागबजार काठमाडौँद्वारा प्रकाशित कृति हो । प्रस्तुत कृतिमा तिन ज्ञान सीमाका तेह्र जना महापुरुषहरुको सङ्क्षिप्त परिचय दिइएको छ । यहाँ दार्शनिकहरु, साहित्यकारहरु र वैज्ञानिकहरु छन् । दर्शन क्षेत्रमा जरथुस्टदेखि योगमायासम्म, त्यस्तै साहित्यमा कालिदासदेखि पारिजातसम्म र विज्ञान विषयमा अल्वर्ट आइन्स्टाइनदेखि गेहेन्द्र शमशेरसम्मका प्रतिभाहरुको परिचय प्रस्तुत गरिएको छ । यी महापुरुषहरुको जीवनी अध्ययन अध्यापनबाट त्याग र उपकार सँगसँगै सिर्जना, निर्माण र आविष्कारका विषयमा केही उत्साह र केही सूचना विस्तार हुने देखिन्छ । यसरी तेह्र जना प्रतिभामध्ये दार्शनिकका रुपमा जरथुस्ट, सुकरात, गौतमबुद्ध र योगमायाको चर्चा

गरिएको छ । त्यस्तै साहित्यकारका रुपमा कालिदास, म्याक्सिम गोर्की, प्रेमचन्द र पारिजातको चर्चा गरिएको छ भने वैज्ञानिकका रुपमा जगदीशचन्द्र बोस, म्याडम क्युरी, गेहेन्द्र शमशेर, अल्वर्ट आइन्स्टाइन र केशरीलक्ष्मी मानन्धरको चर्चा गरिएको छ । यसरी ३ विधाका १३ जना प्रतिभाको सङ्गालो यस कृति सशक्त मान्न सकिन्छ ।

**सोह्र प्रतिभा सोह्रै चित्र** प्रभात सापकोटाको वि.सं. २०६९ सालमा स्वदेश प्रकाशन प्रा.लि. बागबजार काठमाडौँबाट बजारमा निस्किएको हो । कूल ३७ पृष्ठको लघुत्तम् आयाममा फैलिएको यस कृतिमा सोह्र जनाको प्रतिभाको सोह्रैवटा चित्रसहित रहेको छ । सोह्रै जना प्रतिभाका अगाडि केही न केही उपमा जोडेर राखिएको यस कृतिमा पाका सहिद शुक्रराज शास्त्री, कान नसुन्ने संगीतकार विथोमेन, म लैनसिंह वाङ्देल, आँटिला केटा म्याक्सिम गोर्की, झ्याउकिरीसँग रमाउने पारिजात, चुलबुले वालक रमेश विकल, आफ्नो बाटो आफै बनाउने अम्बर गुरुङ, हाम्रा आदिकवि भानुभक्त आचार्य, सुन पकाउने नरबहादुर भारती, रेडियोबाट घन्किने तारादेवी, हेरेर सिक्ने बालक एकलव्य, फुजिसानका वैज्ञानिक हिदेकी युकावा, गोदाइ खाएर सिक्ने ब्रुस ली, बलियो मन भएका मानिस फाल्गुनन्द, रेडियमको खोजी गर्ने म्याडम क्युरी र ज्ञान र बलकी खानी सीता गरी सोह्रै प्रतिभाका बारेमा सामान्य परिचय दिइएको छ ।

### ४.४.६ प्रभात सापकोटाको नेपाली बालनाटकको ऐतिहासिक अध्ययन कृतिको परिचयात्मक अध्ययन

साहित्यका विविध क्षेत्रमा कलम चलाएर स्थान जमाउन सफल प्रभात सापकोटाको कलम समीक्षा लेखनमा पनि दौडन पुगेको छ । वि.सं. २०६८ सालमा प्रकाशित यस पुस्तक अभियान साहित्य प्रतिष्ठान र स्वदेश प्रकाशन प्रा.लि. द्वारा सामूहिक रुपमा प्रकाशित कृति हो । प्रस्तुत कृति अभियान साहित्य प्रतिष्ठानको पाँचौं प्रकाशनका रुपमा आएको छ । अनुसन्धानमूलक समालोचना गर्ने अन्वेषक तथा समीक्षक प्रभात सापकोटाको लेखन अनावश्यक फूल जडी र आग्रह रहित एकदमै ठोस र वस्तुपरक देखिन्छ । उनले यस पुस्तकमा १९४९ को गंगाधर शास्त्रीको गोरखा **पैहला किताब** नामक बालसाहित्यको पुस्तकदेखि आजसम्मका प्रतिनिधि बालनाटककारको

नाट्य लेखनको मोटामोटी सर्वेक्षण एवम् विश्लेषण गरेका छन् । वि.सं. २०१६ सालबाट आरम्भ भएको नेपाली बाल नाट्य साहित्यको आफूले सङ्कलन गरेका बाल नाटकका पुस्तकबाट १६ जना बाल नाटककारका २३ वटा बालनाटकको विवेचना गरेका छन् ।

विवेचनाका क्रममा समीक्षक सापकोटा इमानदार देखिन्छन् । उनले पृष्ठभूमि, प्रारम्भ, बालनाटक र नाटककार सामग्रीको सीमा र कृति प्रवेशको ढाँचा जस्ता उपशीर्षकमा प्रस्तुत इतिहासका साथै आफूले विवेचना गर्ने बालनाटककारका बाल नाटक एवम् एकाङ्की र तिनको विवेचनाको विधि तथा सीमाबारे पनि स्पष्ट गरेका छन् । तर यी बालनाटक के कति बालनाटकका निम्ति र कुन उमेरका बालकका निम्ति लेखिएका हुन् र के कति बालमनोविज्ञानलाई बुझ्न नसकेर अहम् प्रस्तुत गरिएका प्रौढका लागि हुने गम्भीर नाटक बन्न पुगेका छन् । विवेचित नाटकहरु कोही ऐतिहासिक, कोही सामाजिक र कोही वातावरणीय चिन्तनमूलक तथा समन्वयवादी प्रकृतिका छन् । उनले ४ वटा पूर्णाङ्की र १९ वटा एकाङ्कीको विवेचना गर्ने क्रममा कुनै वाद वा सम्पूर्ण नाट्यतत्त्वको औजार उपकरणको प्रयोग नगरी आफ्नो विवेचनाका आधारमा गरेका छन् ।

### ४.४.७ प्रभात सापकोटाका संस्कृतिमूलक कृतिहरुको परिचयात्मक अध्ययन

साहित्यका अन्य विधामा दौडिएको कलम प्रभातले संस्कृतिमूलक इतिहास कृतिमा पनि दौडाएका छन् । काभ्रे जिल्लामा जन्मिएर पनि टोखाको चाल चलन रीतिरिवाजमा परिचित भएका कारण उनलाई त्यहाँको संस्कृति रहनसहन चाडपर्वको प्रभाव पऱ्यो अनि त्यसलाई पुस्तकाकार रुपमा ढाले । टोखाको बारेमा लेखिएको उनको पहिलो पुस्तकाकार कृति प्राचीन शहर टोखा एक अध्ययन (२०५६) हो । यसलाई इतिहास कृतिको रुपमा  पनि लिने गरिन्छ । सुनौलो प्रकाशन बोडे भक्तपुरबाट प्रकाशित उक्त पुस्तकमा टोखाको नक्सा पनि राखिएको छ । प्रस्तुत कृतिमा सापकोटाले परिचय, ऐतिहासिक पृष्ठभूमि, टोखाको नामका तर्क, गा.वि.स. को नाम, त्यहाँको हावापानी, इतिहास, जनसङ्ख्या, शिक्षा, संघसंस्था र कार्यालय, व्यवसाय, विकास तथा निर्माणकार्य, धर्म संस्कृति एवम् सामाजिक ढाँचा, त्यहाँ मनाइने चाडपर्व

र जात्रा, नृत्यहरु, सामाजिक स्वरुप, त्यहाँ व्याप्त जीवन संस्कार, विवाह संस्कार, मृत्यु संस्कारको चर्चा गर्दै अन्त्यमा उपसंहार प्रस्तुत गरेका छन् । यसरी ६३ पृष्ठको संरचनामा संरचित यस कृतिले टोखालाई चिनाउँने काम गरेको छ । त्यस्तै उनको दोस्रो कृति टोखाका चाडपर्व र संस्कृति (२०६९) रहेको छ । यस कृतिमा उक्त स्थानमा मनाइने मुख्य मुख्य संस्कृतिका बारेमा विभिन्न व्यक्तिले लेखेका लेखको सम्पादन गरेका छन् ।

### ४.४.८ प्रभात सापकोटाका प्रकाशित फुटकर कृतिहरु

प्रभात सापकोटाले विभिन्न पत्रपत्रिकाहरुमा फुटकर रचनाहरु पनि प्रकाशित गरेका छन् । ती रचनाहरुलाई कालक्रमिक रुपमा तल प्रस्तुत गरिएको छ :

| क्र.सं. | शीर्षक | प्रकाशित पत्रिका | प्रकाशित साल | विधा |
|---|---|---|---|---|
| १. | कविता | तादीको छाल (अर्धवार्षिक) | २०५२ वैशाख - असोज | निबन्ध |
| २. | पूरा नभएको चित्र | जनमत (मासिक) | २०५२ पौष | कविता |
| ३. | काव्य सिर्जनामा संलग्न टोखा | तादी अर्धवार्षिक | २०५४ असार | समालोचना |
| ४. | जगमोहनको जिन्दगीका फाँटहरु | साहित्यसागर (त्रैमासिक) | २०५४ असोज | समालोचना |
| ५. | काभ्रेली सिर्जन-परम्परा र आधुनिक कालका प्रमुख प्रतिभाको काव्यात्मक योगदान | तादी (अर्धवार्षिक) | २०५४ माघ | समीक्षा |
| ६. | भोलिको नाटक | जनमत मासिक | २०५४ माघ | नाटक |
| ७. | काभ्रेली नौरत्न र काव्यसिर्जना | सुनकोशी | २०५५ असार | समीक्षा |
| ८. | कवि विद्यारण्यकेशरीको-लघु परिचय | दायित्व मासिक | २०५५ पौष | समीक्षा |
| ९. | काभ्रेली सर्जक र सिर्जना | तादी (अर्धवार्षिक) | २०५५ चैत | समालोचना |
| १०. | टोखा संस्कृति एक पस्किन बाँकी अनेक | जस्केलो (अर्धवार्षिक) | २०५५ चैत | संस्कृति |
| ११. | सम्मेलन | गोधूलि | २०५५ वसन्त-शिशिर | नाटक |
| १२. | कवि जगत् उपाध्यायको 'प्रेक्षित' | तारापुञ्ज (वार्षिक) | २०५५ | समीक्षा |
| १३. | कपुरी क | उदय द्वैमासिक | २०५६ जेष्ठ असार | बालनाटक |

| | | | | |
|---|---|---|---|---|
| १४. | कवि वसन्त शर्मा व्यक्ति एक: व्यक्तित्व अनेक | साहित्य सागर (त्रैमासिक) | २०५६ असोज | व्यक्ति/ व्यक्तित्व |
| १५. | मेरो मण्डन | जनमत (मासिक) | २०५७ असोज | कविता |
| १६. | बगरका फूलहरु | कौशिकी (त्रैमासिक) | २०५७ भदौ/कार्तिक | कविता |
| १७. | पौरख | साहित्यसन्ध्या (त्रैमासिक) | २०५७ असोज-मंसिर | कविता |
| १८. | तातो महाकाव्य औंसीका फूलहरु | समष्टि द्वैमासिक | २०५७ माघ-फागुन | समालोचना |
| १९. | पसिनाको माला | साहित्यसन्ध्या मासिक | २०५७ फागुन | कविता |
| २०. | कवि वंशीका शान्तिकामी चार कविता | गरिमा मासिक | २०५८ असार | समीक्षा |
| २१. | हवाई पत्रिकाको हार -उपहार | साहित्य सागर (त्रैमासिक) | २०५८ असोज | समीक्षा |
| २२. | नरबहादुर भारतीको साहित्यिक रचना | मिर्मिरे (मासिक) | २०५८ मंसिर | समीक्षा |
| २३. | सभ्यता पिट्नु पर्छ | जनमत (मासिक) | २०५८ | कविता |
| २४. | लेखक, प्रकाशक तथा पुस्तकका वितरक : मोहन दुवाल | ज्ञानगुन साहित्य प्रतिष्ठान | २०५८ कार्तिक | समीक्षा |
| २५. | पुग्न बाँकी छ पार | साहित्य सागर (त्रैमासिक) | २०५९ साउन | कविता |
| २६. | पन्थीको पुस्तक गजल सिद्धान्त | साहित्य सागर (त्रैमासिक) | २०५९ माघ | समीक्षा |
| २७. | विकल्प खोज्नु पर्छ | मिर्मिरे | २०६० भदौ | कविता |
| २८. | स्पन्दनको साहित्यिक प्रयास | तादी (अर्धवार्षिक) | २०६० असोज | समालोचना |
| २९. | योद्धा मान्छे | समष्टि द्वैमासिक | २०६०/२०६१ चैत्र/बैशाख | कविता |
| ३०. | २०४६ पछिका नाटकमा नारी हस्ताक्षर | नागार्जुन | २०६४ बैशाख | समालोचना |
| ३१. | प्रतिभा प्रवाहको साङगीतिक प्रवाह | प्रतिभा-प्रवाह (मासिक) | २०६७ पुष | समीक्षा |
| ३२. | प्रतिभा-प्रवाहमा बालकविहरुको स्वर | प्रतिभा-प्रवाह (मासिक) | २०६८ जेष्ठ | समीक्षा |
| ३३. | हाम्रो संविधान | प्रतिभा-प्रवाह (मासिक) | २०६८ फागुन | कविता |
| ३४. | मोदनाथ प्रश्रितको नाटककारिता | शब्द संयोजन (मासिक) | २०६८ चैत्र | समीक्षा |
| ३५. | अनन्त क्राान्ति | ज्योति (त्रैमासिक) | २०६९ मंसिर | कविता |
| ३६. | नेपाल छुनलाई | ज्योति (त्रैमासिक) | २०७० असार | कविता |

## ४.५ निष्कर्ष

साहित्यका कविता समीक्षा, समालोचना, जीवनी, बालनाटक, निबन्ध जस्ता विविध विधामा कलम चलाएका प्रभात सापकोटाको साहित्य लेखनको आरम्भ २०३३ सालबाट भएको देखिन्छ । वि.सं. २०३३ सालदेखि उनी आजसम्म पनि साहित्य साधनामा निरन्तर लागि परेका छन् । यसरी उनको वि.सं. २०३३ देखि वि.सं. २०७१ सालसम्मको ३८ वर्ष लामो लेखन यात्रालाई वि.सं. २०३३ देखि २०५० सम्म पहिलो चरण, २०५१ देखि २०५६ सम्म दोस्रो चरण र २०६७ देखि २०७१ सम्मको समयलाई तेस्रो चरणका रुपमा राखेर अध्ययन गर्न सकिन्छ । पहिलो चरण सापकोटाको आभ्यासिक चरण तथा पृष्ठभूमिगत चरणका रुपमा रहेको छ । यस चरणमा उनका फुटकर अप्राप्य कृतिहरु मात्र रहेका छन् । उनको दोस्रो चरण उर्वर चरणका रुपमा रहेको छ । उनलाई साहित्यका फाँटमा साहित्यकारका रुपमा चिनाउने चरण नै यही दोस्रो चरण भएको छ । यस चरणमा उनका कविता सङ्ग्रहहरु जीवनीमूलक कृति र समीक्षाहरु प्रकाशित भएका छन् । त्यस्तै तेस्रो चरण उनको शिथिल वा सुस्त चरणका रुपमा लिन सकिन्छ । यस चरणमा उनका केही बालसामग्रीहरु र संस्कृतिमूलक कृतिको मात्र प्रकाशन भएको छ । यी कृतिहरु दोस्रो चरणको तुलनामा त्यति महत्त्वका देखिदैनन् ।

प्रभात सापकोटाले **आकुञ्चन** र **किनारवारिपारि** दुई कविता सङ्ग्रह सहलेखनका रुपमा प्रकाशित गरेका छन् भने **यो मृत्युराष्ट्र होइन** उनको एकल लेखन हो । उनका कविताहरु सामाजिक विकृति, विसङ्गतिको भन्डाफोर गर्दै श्रमको मूल्यहीनता तथा नेपाली जनताको यथार्थ चित्रण गर्ने खालका रहेका छन् । विभिन्न बिम्ब तथा प्रतीकको प्रयोग र आलङ्कारिक भाषाशैलीले उनका कविता सुन्दर बन्न पुगेका छन् । **आकुञ्चन** र **किनारवारिपारि** गद्यशैलीमा लेखिएका कविताहरु हुन् भने यो मृत्युराष्ट्र होइन पद्यात्मक शैलीमा राखिएको छ । बालकविताका रुपमा **पानी, वन, जल, माटो, सहर** र **महको भकारी** जस्ता कृति प्रकाशित छन् । भर्खरै बाह्रखरी सिक्दै गरेका बाल बालिकाका लागि लेखिएका यी कृतिमा सामान्य विषयवस्तुको प्रयोग गरिएको छ ।

सापकोटाका जीवनीमूलक लेखहरुका रुपमा **विश्वप्रसिद्ध पैंतीस दार्शनिक, विश्वप्रसिद्ध ३५ साहित्यकार, ३५ भाषा, ३५ प्रतिभा, विज्ञान र प्रविधिका सारथि, विश्वप्रसिद्ध ३५ वैज्ञानिक ,अभियानका शब्द सारथि, तीनचुली तेह्रसागर, सोह्र प्रतिभा सोह्रै चित्र** जस्ता पुस्तकाकार कृतिहरु प्रकाशित छन् । विभिन्न क्षेत्र तथा विधामा विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्वहरुको परिचय सहित विभिन्न ठाउँमा छरिएर रहेका प्रतिभालाई एकै ठाउँमा सङ्कलन गरेर सँगालोका रुपमा रहेका उनका यी कृतिहरु विशेष महत्त्वका रहेका छन् ।

त्यस्तै उनले **नेपाली बालनाटकको ऐतिहासिक अध्ययन** भन्ने समीक्षात्मक लेखमा १६ जना नेपाली नाटककारका २३ वटा नाटकको सामान्य चर्चा र विश्लेषण गरिएको छ । यसका अतिरिक्त सापकोटाका थुप्रै फुटकर कृतिहरु पनि प्रकाशित रहेका छन् ।

## ४.६ साहित्य लेखनका दृष्टिले समग्र मूल्याङ्कन

प्रभात सापकोटाले साहित्यका विविध विधा कविता, नाटक, निबन्ध, जीवनी, समीक्षा र समालोचना जस्ता विधामा कलम चलाएर साहित्यमा चिनिएका छन् । उनको यो विधागत प्राप्तिलाई सामान्य रुपमा समग्र चिनाउन त्यसका बारेमा छोटो रुपमा उक्त प्राप्तिको निक्र्यौल गरिएको छ ।

### ४.६.१ कवितागत प्राप्ति

वि.सं. २०३३ बाट साहित्यमा उदाएका प्रभात सापकोटाको पहिलो लेखन नै कविता लेखन हो । वि.सं. २०३३ मा उन्नतिमार्ग पत्रिकामा प्रकाशित **किसान** कविताबाट लेखनमा खाता खोलेका हुन् । यही देखि सुरु भएको कविता लेखन निरन्तर चलिरहेकै छ । आजसम्म उनका **आकुञ्चन, किनारावारिपारि, यो मृत्युराष्ट्र होइन** जस्ता कविता सङ्ग्रह प्रकाशित भई सकेका छन् । यीमध्ये **आकुञ्चन र किनारावारिपारि** सहलेखन हुन् भने **यो मृत्युराष्ट्र होइन** एकल लेखन हो । यसरी सुरुमा सह लेखनबाट पुस्तकाकार कृतिको रचनामा देखिएका उनी विस्तारै विस्तारै एकल लेखनमा प्रस्तुत भएका छन् । त्यस्तै सुरुमा गद्य लेखनबाट थालिएको कविता लेखन

विस्तारै पद्य लेखनमा परिणत भएको छ । यो पनि उनको प्राप्ति नै मान्न सकिन्छ । त्यस्तै सुरुमा सघन विषयवस्तुको प्रयोग गरिएका कविता लेख्ने सापकोटा विस्तारै गहन लेख्यमा प्रकट भएका छन् । यसरी समसामयिक विषयवस्तुमा आधारित भएर साहित्य लेख्ने सापकोटा कविता लेख्यबाट कवि प्रभात सापकोटाका रुपमा चिनिएका छन् । यी नै उनको कवितागत प्राप्ति मान्न सकिन्छ ।

### ४.६.२ जीवनी रचनागत प्राप्ति

२०३३ सालबाट साहित्यमा लागेका प्रभात सापकोटा कविताका अतिरिक्त जीवनीमूलक कृतिको पनि रचना गरेका छन् । २०६२ सालभन्दा अघि कविता सङ्ग्रहको मात्र प्रकाशन गरेका सापकोटाले २०६२ सालमा **विश्वप्रसिद्ध पैंतीस वैज्ञानिक** नामक जीवनी सङ्ग्रह प्रकाशन गरेर जीवनीकार सापकोटाका रुपमा उदाएका छन् । उनका विविध विधामा तथा विविध क्षेत्रमा ख्याति कमाएका विद्धान एवम् साहित्यकारहरुको सँगालो गर्ने क्रममा **विश्वप्रसिद्ध पैंतीस दार्शनिक, विश्वप्रसिद्ध पैंतीस साहित्यकार, विज्ञान र प्रविधिका सारथि, पैंतीस भाषा पैंतीस प्रतिभा, तीनचुली तेह्रसागर, विश्वप्रसिद्ध ३५ वैज्ञानिक, सोह्र प्रतिभा सोह्रै चित्र, अभियानका शब्द सारथि** जस्ता आठवटा पुस्तकाकार कृतिमा कूल २०८ जना व्यक्तित्वका बारेमा चर्चा परिचर्चा गरेका छन् । विभिन्न क्षेत्रमा छरिएर रहेका मुर्धन्य व्यक्तित्वहरुलाई एकै ठाउँमा समेटेर विभिन्न व्यक्तित्वका बारेमा अध्ययन अनुसन्धान गर्न चाहने जो कोहीलाई सरल सहज बन्न पुगेको वा यो नै उनको प्रथम उपलब्धि तथा प्राप्ति मान्न सकिन्छ । विभिन्न क्षेत्र तथा तहमा छरिएका तथा ओझेल परेका व्यक्तित्वका बारेमा खोज अनुसन्धान गर्दै चर्चा परिचर्चा गर्ने काम सामान्य होइन । सापकोटाको यस कार्यको प्रशंसा गर्नु आवश्यक छ । यसरी विभिन्न क्षेत्रका व्यक्तित्वको चर्चा गरेर जीवनीकार व्यक्तित्वका रुपमा चिनिएका सापकोटाको जीवनी लेखन उपलब्धि एवम् प्राप्तिपूर्ण मान्न सकिन्छ ।

### ४.६.३ समीक्षात्मक प्राप्ति

कविता, जीवनी जस्ता विधामा कलम चलाएका सापकोटाले समीक्षा लेखनमा पनि कलम चलाएका छन् । अन्य विधाका थुप्रै कृतिको रचना नगरे तापनि एउटै कृतिले उनलाई समीक्षक प्रभात सापकोटाका रुपमा चिनाउन सफल भएको छ ।

**नेपाली बालनाटकको ऐतिहासिक अध्ययन** नामक समीक्षात्मक पुस्तकाकार कृतिमा १६ जना नाटककारद्वारा लिखित बालनाटकहरुको समीक्षा गरिएको छ । यसले एकातिर सम्बन्धित नाटकका बारेमा अध्ययन अनुसन्धान गर्नेका निम्ति उपयोगी सिद्ध बन्न पुगेको छ । यो नै उनको मुख्य प्राप्ति मान्न सकिन्छ । त्यस्तै यसै कृतिका माध्यमबाट कवि, जीवनीकार प्रभात सापकोटा समीक्षक प्रभात सापकोटाका रुपमा चिनिए । यो पनि उनको प्राप्ति मान्न सकिन्छ । यसर्थ प्रभात सापकोटा समीक्षा लेखन उपलब्धिमूलक एवम् प्राप्तिपूर्ण मान्न सकिन्छ ।

### ४.६.४ समालोचनात्मक प्राप्ति

कविता, जीवनी, समीक्षा जस्ता विधामा कलम चलाएका सापकोटाको कलम समालोचनात्मक लेखनका क्रममा पनि चलेको देखिन्छ । अन्य विधामा जे जसरी परिचित बनेका छन् त्यसरी नै समालोचकका रुपमा पनि त्यसरी नै परिचित बन्न पुगेका छन् । सापकोटाले आजसम्म **तादी** नामक पत्रिकामा *काव्य सिर्जनामा संलग्न टोखा, काभ्रेली सर्जक र सिर्जना,* **साहित्य सागर** नामक पत्रिकामा *जगमोहनको जिन्दगीका फाँटहरु,* **समष्टि** नामक पत्रिकामा *तातो महाकाव्य औंसीका फूलहरु,* **नार्गाजुन** नामक पत्रिकामा *स्पन्दनको साहित्यिक प्रयास, २०४६ पछिका नाटकमा नारी हस्ताक्षर* जस्ता समालोचनात्मक कृतिहरु प्रकाशित गरेर समालोचक सापकोटाका रुपमा परिचित हुन पुगेका छन् । यी समालोचनात्मक कृतिहरुले साहित्यमा उल्लेख्य स्थान जमाउन सफल भएका छन् । जसलाई उनको महत्त्वपूर्ण प्राप्तिका रुपमा लिन सकिन्छ ।

# परिच्छेद पाँच

# सारांश तथा निष्कर्ष

यस शोध कार्यलाई व्यवस्थित गर्नका लागि विभिन्न परिच्छेदमा बाँडिएको छ । यस परिच्छेदमा अघिल्ला परिच्छेदहरुमा गरिएका कार्यहरुको सारांश दिइनुका साथै शोध कार्यको निष्कर्ष पनि दिइएको छ ।

## ५.१ सारांश

प्रस्तुत शोधपत्रलाई मूलतः पाँच परिच्छेदमा विभाजन गरिएको छ । यसको पछिल्लो परिच्छेदमा सामग्री शोधको परिचय खुल्ने गरी शोध परिचय राखिएको छ । यसमा शोध सम्बन्धी विषय परिचय, शोधकार्यका समस्याका रुपमा प्रभात सापकोटाको जीवनीका विभिन्न सन्दर्भहरु के कस्ता छन्, प्रभात सापकोटाका व्यक्तित्वका के कस्ता पक्षहरु छन् र प्रभात सापकोटाको कृतित्व के कस्तो छ जस्ता प्रश्नहरुलाई ल्याइएको छ । त्यस्तै शोध समस्यामा उठेका प्रश्नहरुका उद्देश्यका रुपमा उद्देश्य कथन, यस शोधपत्रसँग नजिक रहेका समीक्षाहरुको सङ्कलनका रुपमा पूर्वकार्यको समीक्षाहरु प्रस्तुत गरिएको शोधकार्यको सीमाङ्कन, यस शोधपत्र विश्लेषण गर्दा प्रयोग गरिएको तरिकाका रुपमा शोधविधिको पनि उल्लेख गरिएको छ । जसमा विभिन्न स्रोतबाट प्रस्तुत शोधसँग सम्बन्धित पुस्तकहरु जम्मा पारेर त्यसैका आधारमा शोध तयार पारेका कारण पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । त्यस्तै प्रस्तुत शोध व्याख्या विश्लेषणात्मक भएका कारण विश्लेषणात्मक सिद्धान्तको पनि प्रयोग गरिएको छ र अन्त्यमा शोधपत्रको रुपरेखा राखिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा प्रभात सापकोटाको जीवनी नामक शीर्षक रहेको छ । यस अन्तर्गत जन्म र जन्मस्थान, बाल्यकाल, शिक्षादीक्षा, उपनयन, वैवाहिक जीवन र पारिवारिक स्थिति, आजीविका, आर्थिक अवस्था, बसोबास, रुचि र स्वभाव, भ्रमण, साहित्य सिर्जनाको प्रेरणा र प्रभावको मान सम्मान तथा पुरस्कार

जस्ता उपशीर्षकमा आधारित रहेर उनको  जीवनी पक्षको अध्ययन गरिएको छ र अन्त्यमा समग्र पक्षको सारांशका रुपमा निष्कर्ष पनि दिइएको छ ।

त्यसैगरी प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदका रुपमा प्रभात सापकोटाको व्यक्तित्व नामक शीर्षकको चयन गरिएको छ । यस अन्तर्गत सुरुमा यस परिच्छेदमा गरिने कार्यहरुको सामान्य परिचय खुल्ने गरी विषय परिचय राखिएको छ । त्यसपछि प्रभात सापकोटाका व्यक्तित्वका आयामहरु नामक शीर्षकभित्र शारीरिक व्यक्तित्व, आन्तरिक व्यक्तित्वको चर्चा गरिएको छ । त्यस्तै साहित्यिक व्यक्तित्वभित्र कवि व्यक्तित्व, जीवनीकार व्यक्तित्व, समीक्षाकार व्यक्तित्व, समालोचक व्यक्तित्व जस्ता उपशीर्षकको चयन गरिएको छ । त्यस्तै साहित्येतर व्यक्तित्व अन्तर्गत शिक्षक व्यक्तित्व, सम्पादक व्यक्तित्व, समाजसेवी व्यक्तित्व जस्ता उपशीर्षक राखिएको छ । त्यसपछि उनको जीवनी र व्यक्तित्वले उनको साहित्य लेखनमा के कस्तो प्रभाव पारेको छ  भन्ने कुरालाई जीवनी व्यक्तित्व र साहित्यिक लेखनकाबीच अन्तर्सम्बन्ध नामक शीर्षकको चयन गरिएको छ । अन्त्यमा यस परिच्छेदको सारांशका रुपमा निष्कर्ष पनि प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदका रुपमा प्रभात सापकोटाको कृतित्व नामक शीर्षक चयन गरिएको छ । यस अन्तर्गत पनि प्रस्तुत शोधपत्रको यस परिच्छेदमा गरिने कामहरुको सामान्य परिचय खुल्ने गरी विषय परिचय राखिएको छ । त्यसपछि प्रभात सापकोटाको लेखन यात्रा नामक उपशीर्षकको चयन गरी त्यसभित्र पनि चरण विभाजन र चरण विभाजनका आधार खुलाउँदै उनको साहित्य यात्राको तिन चरणमा विभाजन गरेर अध्ययन गर्ने काम गरिएको छ । प्रभात सापकोटाका कृतिहरुको विश्लेषण नामक उपशीर्षकमा उनका कविता सङ्ग्रह, जीवनीमूलक लेख, समीक्षा संस्कृतिमूलक लेखको सामान्य चर्चा गरिएको छ । अन्त्यमा समग्र परिच्छेदको सारांशको रुपमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

यस शोध कार्यको अन्तिम तथा पाँचौ परिच्छेदका रुपमा सारांश तथा निष्कर्ष नामक शीर्षक चयन गरिएको छ । यस अन्तर्गत सारांशका रुपमा अगाडिका

परिच्छेदमा के कस्ता शीर्षक तथा उपशीर्षकको चयन गरिएको छ भन्ने कुराको सामान्य टिपोट र अन्त्यमा निष्कर्ष नामक उपशीर्षकमा समग्र शोधको सङ्क्षिप्त निचोड दिइएको छ ।

## ५.२ निष्कर्ष

वि.सं. २०१० मङ्सिर २५ गते काभ्रेपलाञ्चोक जिल्लाको महादेवस्थान गा.वि.स. को मण्डनमा जन्मिएका सापकोटा सानै उमेरमा बाबु गुमाउन पुगेका उनको बाल्यकाल सुखमय रुपमा बिताउन पाएनन् । घरमा आम्दानीको स्रोत गतिलो नभएको र घरमा प्रशस्त सम्पत्ति नभएका कारण विविध समस्या भ्केल्दै एम. ए. सम्मको अध्ययन पूरा गरेका छन् । २२ वर्षको उमेरमा वि.सं. २०३२ सालमा सरस्वती ढकालसँग वैवाहिक सम्बन्ध कायम गरेका सापकोटाका तिन सन्तान रहेका छन् । २०३९ सालदेखि शिक्षण पेशामा लागेका सापकोटा साहित्य सिर्जना तथा अध्ययन र समाजसेवा गर्न रुचाउने, हँसिला, जाँगरिला र गम्भीर स्वभावका छन् । प्रकृतिको विविध रुप र अग्रज साहित्यकार र साहित्यिक पत्रिकाको प्रभाव र प्रेरणाका कारण साहित्य सिर्जनामा लागेका उनी साहित्यका अलावा कुशल शिक्षण गरे वापत विभिन्न मान सम्मानबाट विभूषित पनि भएका छन् । जागिर तथा धर्मकर्मका सिलसिलामा देश तथा विदेशका विभिन्न ठाउँहरुको भ्रमण गरेर विभिन्न अनुभव बटुलिसकेका छन् ।

प्रभात सापकोटाका साहित्यक र साहित्येतर दुवै व्यक्तित्व रहेका छन् तापनि साहित्यिक व्यक्तित्वतर्फ कवि व्यक्तित्वका रुपमा र साहित्येतर व्यक्तित्वतर्फ अध्यापक व्यक्तित्वका रुपमा बढी परिचित छन् । कविता विधा मार्फत साहित्यको दैलो उघारेका सापकोटा कविता, जीवनी लेखन, समीक्षा लेखन, समालोचना जस्ता विधामा कलम चलाएर साहित्यिक व्यक्तित्वको परिचयलाई उभो उठाएका छन् भने अध्यापक व्यक्तित्व, अनुसन्धाता व्यक्तित्व, सम्पादक व्यक्तित्व तथा समाजसेवी व्यक्तित्व मार्फत साहित्येतर व्यक्तित्वलाई उजागर गरेका छन् । ५ फिट २ इन्च उचाइ र ५८ के.जी. वजनका सापकोटालाई मध्यम खालको शारीरिक व्यक्तित्व र मिहेनती, इमानदारी र सहयोगी भावनाका पर्यायका रुपमा लिन सकिन्छ ।

वि.सं. २०३३ सालमा **किसान** कविताबाट साहित्यलेखन थालेका प्रभात सापकोटाले कविता, जीवनी, समालोचना, बालनाटकजस्ता विविध विधामा कलम चलाएर प्रसिद्धि हात पारिसकेका छन् । वि.सं. २०३३ सालदेखि उनी आजसम्म पनि साहित्य साधनामा निरन्तर लागि परेका हुन् । यसरी उनको वि.सं. २०३३ देखि वि.सं. २०७१ सालसम्मको ३८ वर्ष लामो लेखन यात्रालाई वि.सं. २०३३ देखि २०५० सम्म पहिलो चरण, २०५१ देखि २०५६ सम्म दोस्रो चरण र २०६७ देखि २०७१ सम्मको समयलाई तेस्रो चरणका रुपमा राखेर अध्ययन गर्न सकिन्छ । पहिलो चरण सापकोटाको आभ्यासिक चरण  तथा पृष्ठभूमिगत चरणका रुपमा रहेको छ । यस चरणमा उनका फुटकर अप्राप्य कृतिहरु मात्र रहेका छन् । उनको दोस्रो चरण उर्वर चरणका रुपमा रहेको छ । उनलाई साहित्यका फाँटमा साहित्यकारका रुपमा चिनाउने चरण नै यही दोस्रो चरण भएको छ । यस चरणमा उनका कविता सङ्ग्रहहरु जीवनीमूलक कृति र समीक्षाहरु प्रकाशित भएका छन् । त्यस्तै तेस्रो चरण उनका शिथिल वा सुस्त चरणका रुपमा लिन सकिन्छ । यस चरणमा उनका केही सामग्रीहरु र संस्कृतिमूलक कृतिको मात्र प्रकाशन भएको छ । यी कृतिहरु दोस्रो चरणको तुलनामा त्यति महत्त्वका देखिँदैनन् ।

प्रभात सापकोटाको साहित्यलेखनको प्रमुख क्षेत्र कविता हो । उनका आजसम्म तिनवटा कवितासङ्ग्रह प्रकाशित भएका छन् । तीमध्ये **आकुञ्चन** र **किनारवारिपारि** जस्ता दुई कविता सङ्ग्रह सहलेखनका रुपमा प्रकाशित गरेका छन् भने **यो मृत्युराष्ट्र होइन** उनको एकल लेखन हो । उनका कविताहरु सामाजिक विकृति-विसङ्गतिको भन्डाफोर गर्दै श्रमको मूल्यहीनता तथा नेपाली जनताको यथार्थ चित्रण गर्ने खालका रहेका छन् । विभिन्न बिम्ब तथा प्रतीकको प्रयोग र आलङ्कारिक भाषाशैलीले उनका कविता सुन्दर बन्न पुगेका छन् । **आकुञ्चन** र **किनारवारिपारि** गद्यशैलीमा लेखिएका कविताहरु हुन् भने **यो मृत्युराष्ट्र होइन** पद्यात्मक शैलीमा राखिएको छ । बालकविताका रुपमा **पानी, वन, जल, माटो, सहर** र **महको भकारी** जस्ता कृति प्रकाशित छन् । भर्खरै बाह्रखरी सिक्दै गरेका बालबालिकाका लागि लेखिएका यी कृतिमा सामान्य विषयवस्तुको प्रयोग गरिएको छ ।

उनको साहित्यलेखनको अर्को पाटो जीवनीलेखन हो । उनका आजसम्म आठवटा जीवनीसङ्ग्रह प्रकाशित भइसकेका छन् । विभिन्न ठाउँमा छरिएर रहेका विभिन्न विधाका व्यक्तित्वहरुलाई एकत्रित गर्ने अभियान स्वरुप थालिएको जीवनी लेखनले उनलाई जीवनीकार व्यक्तित्वका रुपमा चिनाएको छ । सापकोटाका जीवनीमूलक लेखहरुका रुपमा **विश्वप्रसिद्ध पैंतीस दार्शनिक, विश्वप्रसिद्ध ३५ साहित्यकार, ३५ भाषा ३५ प्रतिभा, विज्ञान र प्रविधिका सारथि, विश्वप्रसिद्ध ३५ वैज्ञानिक, अभियानका शब्द सारथि, तीनचुली तेह्रसागर, सोह्र प्रतिभा सोह्रै चित्र** जस्ता पुस्तकाकार कृतिहरु प्रकाशित छन् । विभिन्न क्षेत्र तथा विधामा विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्वहरुको परिचय सहित विभिन्न ठाउँमा छरिएर रहेका प्रतिभालाई एकै ठाउँमा सङ्कलन गरेर सँगालोका रुपमा रहेका उनका यी कृतिहरु विशेष महत्त्वका रहेका छन् ।

यसका अतिरिक्त प्रभात सापकोटाले समीक्षा लेखनमा पनि हात हालेका छन् । उनले **नेपाली बालनाटकको ऐतिहासिक अध्ययन** भन्ने समीक्षात्मक लेखमा १६ जना नेपाली नाटककारका २३ वटा नाटकको सामान्य चर्चा विश्लेषण गरिएको छ । यसका अतिरिक्त सापकोटाका थुप्रै फुटकर कृतिहरु पनि प्रकाशित रहेका छन् । उनको पछिल्लो समयमा 'मसी छरिएको धर्ती' नामक कवितासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ । कम्प्युटरमा टाइप गरी तयारी अवस्थामा राखिएको उक्त कृति निकट भविष्यमा प्रकाशित हुने कुरामा सहजै पूर्वानुमान गर्न सकिन्छ ।

## ५.३ सम्भावित शोध शीर्षकहरु

१. प्रभात सापकोटाको काव्यकारिता

२. प्रभात सापकोटाका जीवनीमूलक कृतिहरुको अध्ययन

३. प्रभात सापकोटाका बालकविताहरुको अध्ययन

४. प्रभात सापकोटाका कवितामा छन्द विधान

५. 'यो मृत्युराष्ट्र होइन' कविता सङ्ग्रहको विश्लेषण

# सन्दर्भ सामग्रीसूची


गिरी, मधुसूदन (२०६८), **नेपाली बालनाटकको ऐतिहासिक अध्ययन (समीक्षा)**, काठमाडौँ : अभियान साहित्य प्रतिष्ठान र स्वदेश प्रकाशन प्रा.लि. ।

जोशी, कुमार बहादुर (२०५७), **पाश्चात्य साहित्यका प्रमुख वादहरु,** चौथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

घटराज, भट्टराई (२०५६), **नेपाली लेखककोश,** काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान ।

भट्टराई, इन्दिरा (२०७०), अभय श्रेष्ठ (चङ्की) को *जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, त्रि.वि. कीर्तिपुर ।

भेटवाल, लेखनाथ (२०६९), *अनिरुद्र तिमल्सिनाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, त्रि.वि. कीर्तिपुर ।

लुइटेल, खगेन्द्रप्रसाद (२०४६), *क्षेत्रप्रताप अधिकारीका काव्य प्रवृति,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, त्रि.वि. कीर्तिपुर ।

शर्मा, मोहनराज (२०६३), **साहित्यिक अभियान विगतदेखि वर्तमान**, काठमाडौँ : अभियान साहित्य प्रतिष्ठान ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुईटेल (२०६७), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, तेस्रो संस्करण, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०६१), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** ललितपुर : साझा प्रकाशन ।

सापकोटा, प्रभात (२०५१), **आकुञ्चन**, काठमाडौँ : आकुञ्चन प्रकाशन प्रा.लि. ।

………… (२०५३), **किनारवारिपारि**, काठमाडौँ : डबली प्रेस ।

............ (२०५६), **प्राचीन सहर टोखा एक अध्ययन**, भक्तपुर : सुनौलो प्रकाशन ।

............ (२०६३), **यो मृत्युराष्ट्र होइन**, काठमाडौँ : बाल साहित्य सदन ।

............ (२०६४), **विश्वप्रसिद्ध ३५ साहित्यकार,** काठमाडौँ : हजुरको प्रकाशन ।

............ (२०६४), **विश्वप्रसिद्ध ३५ दार्शनिक,** काठमाडौँ : हजुरको प्रकाशन ।

............ (२०६६), **३५ भाषा ३५ प्रतिभा**, काठमाडौँ : वर्ल्डवाइड पब्लिकेसन ।

............ (२०६६), **विज्ञान र प्रविधिका सारथि**, काठमाडौँ : वर्ल्डवाइड पब्लिकेसन प्रा.लि.।

............ (२०६७), **वन,** काठमाडौँ : एपोलो अफसेट प्रेस प्रा.लि. ।

............ (२०६७), **विश्वप्रसिद्ध ३५ वैज्ञानिक**, काठमाडौँ : वर्ल्डवाइड पब्लिकेसन प्रा.लि. ।

............ (२०६८), **सहर,** काठमाडौँ : समा प्रिन्टर्स प्रा.लि. ।

............ (२०६८), **माटो,** काठमाडौँ : समा प्रिन्टर्स प्रा.लि. ।

............ (२०६८), **जल,** ललितपुर : समा प्रिन्टर्स प्रा.लि. ।

............ (२०६८), **अभियानका शब्द सारथि**, काठमाडौँ : अभियान साहित्य प्रतिष्ठान ।

............ (२०६८), **तीनचुली तेह्र सागर,** काठमाडौँ : स्वदेश प्रकाशन ।

............ (२०६८), **नेपाली बालनाटकको ऐतिहासिक अध्ययन**, काठमाडौँ : अभियान साहित्य प्रतिष्ठान र स्वेद प्रकाशन प्रा.लि ।

............ (२०६९), **पानी,** काठमाडौँ : वागबजार छापाखाना ।

............ (२०६९), **सोह्र प्रतिभा सोह्रै चित्र**, काठमाडौँ : स्वदेश प्रकाशन प्रा.लि. ।

………… (२०६९), **टोखाका चाडपर्व र संस्कृति**, काठमाडौँ : टोखा प्रकाशन गृह ।

………… (२०७०), **महको भकारी,** काठमाडौँ : एपोलो अफसेट प्रेस प्रा.लि. ।

सहयात्री, कृष्ण (२०६८), **नेपाली बालनाटकको ऐतिहासिक अध्ययन**, काठमाडौँ : अभियान साहित्य प्रतिष्ठान र स्वदेश प्रकाशन प्रा.लि. ।

## परिशिष्ट

## प्रभात सापकोटासँग लिइएको अन्तर्वार्ता

१. तपाईको जन्ममिति, जन्मस्थान र खास नामका बारेमा बताइदिनुहोस् न ।

म २०१० साल मङ्सिर २५ गते जन्मेको हुँ । मेरो नागरिकतामा भने २०१८ साल परेको छ । म जन्मिदा गाउँबेसीको चलन थियो । त्यसैले म महादेवस्थान गा.वि.स. को मैदानमा जन्मे । हाल बसोबास चाहिँ हाम्रो बेसी गाउँ रानीटारमा रहेको छ । मेरो खास नाम शिवप्रसाद सापकोटा हो ।

२. तपाईका दाजुभाइ र दिदी बहिनीहरु के कति र कहाँ कहाँ हुनुहुन्छ ?

हामी दुई भाइ हौँ । म जेठो हुँ । म अहिले श्री सरस्वती उ.मा.वि. टोखा, काठमाडौंमा पढाउँदै छु । २२ वर्ष देखि म काठमाडौंको सामाखुसी, रानीबारीमा बस्दै आएको छु । मेरो भाइ बौद्ध महाङ्कालमा बस्छ ।

३. तपाईको बाल्यकाल कहाँ कसरी बित्यो ?

मेरो अधिकांश बाल्यावस्था रानीटारमै बित्यो । मैले सम्झेअनुसार सात वर्षसम्म मेरो बाल्यकाल सुखद् थियो । आठ वर्षको हुँदा मेरा बाले संसारबाट बिदा लिए । त्यही बेलादेखि मैले केही जिम्मेवारी लिनुपर्‍यो ।

४. बाल्यकालमा भएका त्यस्ता केही स्मरणीय घटना भए बताइदिनुहुन्छ कि ?

सानो छँदा मेरा अभिभावकहरु बेसीमा बस्न थालिसकेका थिए । छिमेकीहरु पछिमात्रै बेसी बस्न थाले । त्यसैले मैले खेल्ने साथी पाइनँ । स्मरणीय घटना भनेको मेरा बा मरेपछि मेरा काकाबा र आमा रुदा रुने र उहाँहरुको रुवाइ रोकिँदा मेरो रुवाइ पनि रोकिने गरेको सम्झना हुन्छ । अर्को कुरा त्यति बेला मलाई किरिया बस्नु भनेको थाहा थिएन । सानै हुनाले मलाई कसैले, ‘यसले बाको किरिया गर्न सक्दैन’ भनेको सुन्दा नसकिने रहेछ भन्ने लागेर ‘सक्दिन’ भनिदिन्थे । ‘सक्छ’ भन्दा सकिने रहेछ क्यार भन्ने ठानेर ‘सक्छु’ भनिदिन्थे ।

५. बाल्यकालमा बुबा आमालाई केही बताइदिनुहुन्छ कि ?

मैले बालाई सताएको सम्झना छैन । दसैं तिहारको सेरोफोरो पारेर माथि गाउँमा बेलुका राती पौराणिक नाटक देखाइन्थ्यो । मलाई ती नाटक हेर्ने इच्छाले उचाल्थ्यो । आमा मलाई छेक्न खोज्नुहुन्थ्यो । म भागेर जान्थें । यसैलाई मैले आमालाई सताएको भन्नुपर्ला ।

६. तपाईको विवाहको बारेमा केही बताइदिनुहुन्छ कि ?

मेरो विवाह २०३२ साल वैशाख १० गते भएको हो । त्यति बेला २ दिनको विवाह हन्थ्यो । अगिल्लो दिन बेहुला लिएर जाने गरिन्थ्यो । रातभरि र अझ भोलिपल्ट बिहान पनि जग्गेको काम हुन्थ्यो । जन्तेबाखो खाएर दिन घर्किएपछि बेहुली लिएर फर्किने परम्परा अनुसार मेरो विवाह भएको हो ।

७. तपाईका छोराछोरीहरु कति जना हुनुहुन्छ र हाल कहाँ के गर्दै हुनुहुन्छ ?

मेरा तीनवटा छोरीहरु छन् । ठूली अहिले आध्यात्मिक आश्रममा बस्दै आएकी छन् । माहिली र कान्छी पढ्दै छन् ।

८. तपाईले अध्ययन कसरी सुरु भयो ?

मैले पढ्न कसरी जाने सम्झना छैन । पहिलो दिन पारि गाउँको श्री डेडुथुम्का मिडिल स्कुल पुगेपछि प्रधान अध्यापकले घुमाउरो ढङ्गमा मलाई सोधे, 'नयाँ विद्यार्थी आएजस्तो छ नि ?' तिनले मलाई तिन कक्षाको पुस्तक पढ्न दिए । मैले पढेर सुनाएँ । त्यसपछि म तिन कक्षामा भर्ना भएँ । यसरी नै मेरो औपचारिक अध्ययनको सुरुवात भयो । म भोटो लगाई कछाड बाँधेर स्कुल जान्थें । जुत्ता चप्पलको पत्तोअत्तो थिएन ।

९. तपाईले साहित्यिक लेखनको प्रेरणा कसरी पाउनुभयो ?

मैले यो वा त्यो व्यक्ति अथवा प्रतिभाबाट लेखनको प्रेरणा लिन जानिनँ । लेख्न खोज्थें । जान्दैनथें । नजाने पनि लेखनमा चासो थियो । म रेडियोबाट आउने साहित्यिक कार्यक्रम निक्कै चासो दिएर सुन्थें । काठमाडौं आएपछि साहित्यिक समारोहमा पनि उपस्थित हुन थालें । कविता पनि सुनाएँ । यस्ता कुराले पनि

मेरो लेखनमा चासो बढ्यो । धेरै पछि आएर मधुसूदन गिरी, कृष्णप्रसाद पराजुली, शान्तदास मानन्धर आदिबाट लेखनमा बामे सर्न सिकेको हुँ ।

१०. पुस्तक प्रकाशन गर्दा कस्ता कठिनाइहरु आए ?

सुरुमा साथीहरु ईश्वरीशर्मा, बाबुराम शर्मा 'हेमन्त', जगत उपाध्याय 'प्रेक्षित' र म समेतको संयुक्त प्रयासमा पुस्तक प्रकाशन गऱ्यौं । त्यसबाट केही अनुभव भयो । त्यसपछि भने प्रकाशनका लागि मलाई त्यति असजिलो भएन ।

११. तपाईले अहिलेसम्म धेरैवटा कृतिहरु लेखिसक्नुभयो । ती कृतिहरु लेखनमा कोबाट प्रेरणा मिल्यो ? केही उल्लेखनीय घटना छन् कि ?

त्यस्तो केही छैन ।

१२. तपाईको कुनै सङ्घसंस्थासँग संलग्न हुनुहुन्छ कि ?

सुनकोसी, जनमत, अभियान साहित्य प्रतिष्ठान आदि संस्थासँग सम्बन्धित छु ।

१३. तपाईको व्यक्तिगत जीवनदर्शन कस्तो रहेको छ ?

भ्याएसम्म अध्ययन, सीमित लेखन तथा अनुसन्धान गर्दै सादा जीवन बाँच्ने कामलाई मैले जीवनको यात्रा बनाएको छु । मलाई उज्यालो मन पर्छ । सकेसम्म उज्यालोतिर लाग्नु नै मेरो उद्देश्य रहन्छ ।

१४. तपाईको विचारमा साहित्य के हो ?

जीवन नै साहित्य हो । धरातलीय यथार्थलाई टिपेर रचना गरिएको साहित्यले वास्तविक जीवनको उद्घाटन गर्छ । मलाई यस्तै साहित्य मन पर्छ ।

१५. तपाईले भोगेका र जिन्दगीमा अनुभव गरेका सम्झन लायक घटना र अवसरहरु छन् कि ?

अवसरहरु त छैनन् । घटना भने लायकका नभए पनि छन् । २०२७ सालतिर हुनुपर्छ । म काठमाडौंको एउटा जर्नेलको घरमा नोकर थिएँ । मैले उनीहरुको घरमा काम गर्ने अनि उनीहरुले मलाई पढाउने सल्लाह थियो । तपाईको सुनौल भन्ने ठाउँमा उनीहरुको जमिन रहेछ । मलाई उनीहरुले सुनौलमै लगेर

पढाउने कुरा सुनाए । म उनीहरुसँगै पुगें । त्यहाँ पुगेपछि मलाई पढाउने कुरा बन्द भयो । त्यसपछि भने उनीहरुले मलाई झुक्याउएको थाहा पाएँ । एक दिन बिहानको भात खाएर दिउँसो निस्के । फर्केर त्यहाँ गइनँ । दुई दिनसम्म बाटो न घाटो दगुर्छ लाटो जस्तै गरी हिंडे । भोकले टट्टु बनायो । त्यति बेला मैले बाटोबाट देखिने घरका करेसा बारीमा सुटुक्क पसेर छिप्पिएका लौका र भ्यान्टा खाएर भोक शान्त पार्न खोजेको घटना म कहिल्यै बिर्सन्न ।

१६. तपाईको आर्थिक अवस्था के कस्तो छ ?

म सम्पन्नताको उरेलधुरेलमा बाँचेको मान्छे होइन । जीवन चल्नुलाई मैले ठूलो कुरा ठानेको छु ।

१७. हालको जीवन कसरी बिताइरहनु भएको छ ?

हाल सरस्वती उ.मा.वि. मा अध्यापन गरिरहेको छु । बचेको समय अनुसन्धानमा लगाउने प्रयास गर्दै छु ।

१८. अन्त्यमा केही भन्नु पर्ने छ कि ?

मेरो अध्ययन गर्ने शोधार्थी तपाई उमानाथलाई धन्यवाद !

..............................

शोधनायकको हस्ताक्षर